# परिच्छेद : एक


# परिचय

## १.१ पृष्ठभूमि

नेपालमा प्रचीनकालमा घरपरिवार र गुरुकुलबाट शिक्षा दिने चलन थियो । अहिले नेपालमा शिक्षा दिनकोलागि विभिन्न शिक्षण संस्थाहरु खुलेका छन् । शिक्षा दिनका लागि धेरै शिक्षकहरु कार्यरत रहेका छन् । सरकारले शिक्षामा देशको कूल बजेट मध्ये करिब १७% बजेट छुट्याएको छ । सन् १९९० को जोमटिन सम्मेलनले सन् २००० सम्म र सन् २००० को डकार सम्मेलनले सन् २०१५ सम्म सबैको लागि शिक्षा भन्ने घोषणा पत्र जारी गरेको र त्यसमा नेपालले पनि हस्ताक्षर गरी सन् २०१५ सम्म सबैको लागि शिक्षा दिने प्रतिवद्धता पनि जनाइसकेको छ ।

शिक्षाको प्रचारप्रसार र लगानी बढाइए तापनि मूल जराको रुपमा रहेको सामुदायिक प्रा.वि.को शिक्षणस्तरमा खासै सुधार हुन सकेको पाइदैन । नेपालमा शिक्षाको स्तर सुधार गर्न समूह विद्यालय मार्फत् सुपरिवेक्षणको नवीनतम् धारणालाई अगाडि सारिएको छ । यो अवधारणा अनुसार नजिकै रहेको विद्यालयलाई एउटै समुह बनाउने, त्यसमा स्रोत केन्द्रको रुपमा एउटा विद्यालयलाई लिई अरु सबैमा त्यही मार्फत सुपरिवेक्षण सेवा पुर्‍याई शिक्षण सिकाई कार्यलाई अगाडि बढाउन सहयोग पुर्‍याउनु हो । नेपालमा समुह विद्यालय मार्फत् सुपरिवेक्षणको सुरुवात २०३८/२०३९ तिर ग्रामीण विकासको निम्ति शिक्षा परियोजना नामक सेती परियोजना सेती अञ्चलबाट लागु भएको पाइन्छ । पछि आधारभूत तथा प्राथमिक शिक्षा परियोजना २०४२/२०४३ लागु भएपछि पनि यही कार्यक्रमलाई निरन्तरता दिइयो । विभिन्न विद्यालयहरुमा प्रदान गरिने सेवा सरल सहज तरिकाले पुगोस् र शैक्षिक व्यवस्थापनमा सुदृढिकरणमा होस् भन्ने उद्देश्य लिई BPEP लागू भए पछि नै वास्तबमा नेपालमा स्रोत केन्द्रको अवधारणा आएको हो । एउटा स्रोत केन्द्र वा विद्यालयबाट त्यस स्रोत केन्द्र वा विद्यालय अन्तर्गतका शिक्षकहरुलाई सहयोग गर्न गरिने सुपरिवेक्षणलाई समुह विद्यालय मार्फत गरिने सुपरिवेक्षण भनिन्छ । जि.शि.का बाट विद्यालयमा गरिने सुपरिवेक्षण सेवालाई सिधै विद्यालयमा प्रदान गर्दा विद्यालयले उपयुक्त समयमा आफूलाई चाहिने सेवा प्राप्त गर्न सक्तैनन् । त्यसैले छिटो, छरितो, सजिलो र सरल ढंगबाट

सुपरिवेक्षण सेवा उपलब्ध गराउन स्रोत केन्द्रको अवधारण अगाडि ल्याइएको हो । यो अवधारण सुपरिवेक्षणको विकेन्द्रित विद्यालय शासन (Decentralized School Governance) अनुरुप ल्याईएको धारणा हो । स्रोत केन्द्रको चित्रात्मक प्रस्तुति यस प्रकार छ :




माथिको चित्र अनुसार जि.शि.का.बाट प्रदान गरिने सेवा स्रोत केन्द्र मार्फत विद्यालयले प्राप्त गर्दछन र विद्यालयले जि.शि.का मा पुऱ्याउनु पर्ने पतिवेदनहरु स्रोत केन्द्रमार्फत पुऱ्याउन स्रोत केन्द्रको अवधारणा ल्याइएको हो ।

स्रोत केन्द्र र स्रोत व्यक्तिले शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षक तालिम, बैठक गोष्टि, सेमिनार, कार्यशाला, छलफल, शैक्षिक भ्रमण, अभिमूखिकरण, नमूना पाठ प्रदर्शन, शैक्षिक अनुभव तथा विशेषज्ञताको सेमिनार, कार्यशाला, छलफल, शैक्षिक अनुभव तथा विशेषज्ञताको आदान प्रदान गर्ने शिक्षक र विद्यार्थीको लागि विभिन्न प्रतिस्पर्धात्मक कार्यक्रमहरुको संचालन गरी विद्यालयको शैक्षिक स्तर उकास्ने कार्य गर्दछ ।

स्रोत केन्द्र मार्फत शिक्षक विकास गरी शैक्षिक गुणस्तर वृद्धि गर्ने विभिन्न तरिकाहरु निम्नानुसार देखिन्छ ।

- क्षमतामा आधारित शिक्षक विकास ।
- प्रशिक्षक प्रशिक्षण ।

- विद्यालयमा आधारित शिक्षक विकास कार्यक्रम ।
- शिक्षक प्रशिक्षण ।
- नमुना पाठप्रदर्शन र नमूना शिक्षण ।
- शिक्षक विकासको प्रयास ।

समुह विद्यालयको विकासमा स्रोत व्यक्ति र स्रोत केन्द्रको भूमिका निम्नानुसार देखिन्छ :

- समुह विद्यालयहरु बीच स्थानीय स्तरमा उपलब्ध स्रोत साधनको न्यायोचित वितरण गर्ने
- विद्यालयको भौतिक, शैक्षिक र आर्थिक पक्षको विकासकोलागी विभिन्न योजनाहरु (SIP, School mapping and micro planning, VEP, DEP) निर्माण गर्ने ।

(कोइराला, गौतम र लुइटेल, २०६४)

वि.सं. १९१० सालमा जंगबहादुर राणाले दरवार स्कुलको स्थापना गरेदेखि औपचारिक शिक्षण संस्थाको सुरुआत भएको पाइन्छ । तर वि.स. १९४२ साल पूर्व जनताका छोराका निम्ति भने विद्यालयका ढोका बन्द नै थिए । बीरसमशेर (१९४२–१९५७) प्रधानमन्त्री भएपछि जनताका छोराछोरीको औपचारिक शिक्षा लिने अवसर प्राप्त भएको पाइन्छ । नेपालमा वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापना भई राणा शासनको अन्त्य भयो तव शिक्षाको विकास द्रुत गतिमा अघिबढेको पाइन्छ । वि.सं. २००९ सालमा नेपाल राष्ट्रिय शिक्षा आयोगको गठन भै २०११ सालमा प्रतिवेदन पेश भयो । यस प्रतिवेदनमा शिक्षा प्रदान गर्न प्राथमिक शिक्षा र प्रौढशिक्षा निःशुल्क गर्ने, शिक्षा रोजगार दिने किसिमको हुनुपर्ने, नागरिकको विकास गर्ने, मानिसको आदर गर्ने, शिक्षक तालिम दिने शिक्षालाई विकेन्द्रीकरण गर्ने जस्ता बुँदाहरु समावेश भएको पाइन्छ । त्यसैगरी देशको राजनैतिक परिवर्तनसंगै वि.सं. २०१८ सालमा राष्ट्रिय शिक्षा समिति गठन भै प्रतिवेदन तयार भयो तर कार्यान्वयन रा.शि.प.यो.(२०२८-०३२) लागु भई गुणात्मक शिक्षाको विकास र विस्तार गर्ने उद्देश्यले योजनाको रुपमा लागु भयो । यस योजनामा गुणात्मक विकासका लागि मूख्य रुपमा निरीक्षण प्रणालीको विकास गरी आमूल परिवर्तन गर्ने प्रयास भएको पाइन्छ । त्यसै गरी गुणात्मक शिक्षा प्रदान गर्न एसियाली विकाश वैक र श्री ५ को सरकार( २०३९) को सहयोगमा विज्ञान शिक्षा विकास परियोजना (२०३९) लागु भयो ।माध्यमिक शिक्षा विकास

परियोजना एसियाली विकाश वैक, श्री ५ को सरकार र वेलायत सरकार(२०५०) को सहयोगमा स्थापना भएको पाइन्छ ।

त्यसै गरी आ.व. २०३८ र २०३९ सालमा सेती अञ्चलमा ग्रामिण विकासका लागि शिक्षा परियोजना लागु भयो । जसलाई सेती परियोजनाको नामले पनि चिनिन्छ । यो परियोजना सेती अञ्चलमा लागु गरिएको थियो । यस परियोजनाले सर्वप्रथम स्रोतकेन्द्र र समूह विद्यालयको अवधारणालाई अघि सारेको थियो । ०४१/०४२ देखि लागु गरिएको प्राथमिक शिक्षा परियोजना र २०४९ मा लागु गरिएको आधारभुत तथा प्राथमिक शिक्षा परियोजना ले केही परिमार्जन सहित सोही अवधारणालाई अंगाल्दै आएको र त्यस परियोजनाले स्रोतकेन्द्र र स्रोतकेन्द्रको निरीक्षकको रुपमा स्रोतव्यक्तिको व्यवस्था गरिएको पाइन्छ (शर्मा,२०६२) ।

नरीवाल (२००१),ले शैक्षिक गुणस्तर भन्नाले विद्यार्थीको उत्तीर्ण हुन सक्ने, योग्यता र सेवा प्राप्त गर्नका लागि उसको श्रृजनात्मक आय क्षमतालाई जनाउँछ, ( नरीवाल, २००१), भनि गुणस्तरको परिभाषा गरेका छन् ।

कोइराला (२००१),ले गुणस्तर भनेको एउटा अस्थिर वा लचिलो शब्द हो भनि परिभाषित गरेका छन्, ( कोइराला, २००१) । त्यसैगरी फिलिप कुम्वस(१९८५),ले शिक्षकको दक्षता, व्यक्तित्व र पेशागत जिम्वेवारीको वोधलाई नै विद्यार्थीहरुसंग सिकाई उपलब्धी तथा गुणस्तरीय शिक्षाको कारक तत्व मानेका छन्,( फिलिप कुम्वस, १९८५) ।

त्यसैगरी गुणस्तरबाट गुणस्तरीय भएकोले नेपाली शब्दकोषका अनुसार गुणस्तरीय शब्दको अर्थ गुणस्तर सम्वन्धी भन्ने जनाउँछ । गुणस्तर भन्नाले सक्षमता, सान्दर्भिकता तथा प्रभावकारिता भन्ने बुझिन्छ ।

गुणस्तर भन्नाले विद्यार्थीलाई परीक्षामा उत्तीर्ण गराउनु मात्रै नभएर उत्तीर्ण विद्यार्थीले सिप हासिल गरी सहजै रोजगार प्राप्त गर्न सक्नु, प्रतिस्पर्धा गरी आयआर्जनका अन्य अवसर पाउनु हो । विद्यार्थी पास हुनु उत्पादन हो । यदि त्यो विद्यार्थी आफ्नो क्षमताले उत्तीर्ण भएको र आफ्नो जीवनमा उसले सुखी

भएर जीउन सक्ने क्षमता  हो । यसैले अहिलेको शिक्षा उत्पादनमूलक होस्, गुणस्तरीय तथा व्यवसायिक र बैज्ञानिक किसिमको  हुनुपर्छ ।

नेपालको माध्यमिक शिक्षा संख्यात्मक विस्तारतिर लम्केको छ । तर गुणस्तर वृद्विका दृष्टिले चाहि निकै कमजोर छ । जनसमूहका दृष्टिमा सार्वजनिक विद्यालयको गुणस्तर ज्यादै न्युन देखा परेको छ । विद्यालय र शिक्षककहरुको द्रुत वृद्विले केहीहद सम्म विद्यार्थीहरुको पहुँच बढाउने काम पनि गरेको छ । तर भर्ना बढे पनि गुणस्तरमा ह्रास पनि तीब्र बन्दै गएको छ । विद्यालयहरुले एस.एल.सीं परीक्षामा सफलताको प्रतिशत सन्तोषजनक तुल्याउन सकेका छैनन् । निजि क्षेत्रका विद्यालयहरुमा उपलब्ध भएका ठाउँमा विद्यार्थीहरु सार्वजनिक विद्यालय छोडी, निजी क्षेत्रमा अध्ययन गर्न जाने प्रवृति बढेको छ । यसर्थ संख्यात्मक विस्तार र शिक्षाको गुणस्तरका वीचमा सन्तुलन कायम हुन सकेको छैन । शिक्षाको गुणात्मक विकासको निम्ति चाहिने असल सिकाइ शिक्षण बातावरण, विद्यालयको व्यवस्थापन, दक्ष तथा समर्पित शिक्षक, सिकाइ प्रति उत्प्रेरित विद्यार्थी आदिको निकै कमीरहेको छ । न्यूनतम भौतिक सुविधाको अभाव पनि शिक्षाको गुणस्तर खस्कने कारण बनेको छ । माध्यमिक शिक्षाको बढ्दो मागको पूर्ति गर्न योग्यता र तालिम हासिल गरेका शिक्षक, भौतिक सुविधाहरुको विकास र अन्य आवश्यक शैक्षिक साधनहरुको व्यवस्थापन गर्न नसकेमा गुणस्तर कायम गर्न कठिन छ, (जवरा र अन्य,२०६१) ।

यस प्रकार शिक्षाको गुणस्तर उकास्नको निम्ति दक्ष शिक्षक मात्रै भएर हुदैन यसका साथसाथै भौतिक सुविधा सम्पन्न विद्यालय र सरोकार वालाहरुको जिम्वेवारीको पनि उत्तिकै महत्वपूर्ण स्थान रहेको हुन्छ ।

सरकार र स्थानीय समुदाय दुवैमा शिक्षा विकासका निमित्त विद्यालय स्थापना र शिक्षक  नियुक्ति भए पुग्ने मानसिकता रहेको हुँदा विद्यालयहरुको संख्यामा उल्लेखनीय वृद्वि भएता पनि अधिकांश सरकारी अनुदान प्राप्त विद्यालयहरुमा उपयुक्त सिकाइ वातावरणको अभाव, पूर्व प्राथमिक शिक्षाको अनुभवको अभाव, शिक्षकहरुको न्यून योग्यता, तालिमको अभाव, निरन्तर विद्यार्थी मूंल्याकनको अभाव, कमजोर विद्यालय व्यवस्थापन, भौतिक तथा शैक्षिक साधनहरुको अपर्याप्तता आदिले गर्दा विद्यार्थीहरुको सिकाई उपलब्धीमा खास सुधार ल्याउन सकेको छैन । विभिन्न अध्ययनहरुले प्राथमिक तहमा अध्यापन गरिने

नेपाली, गणित सामाजिक जस्ता मूल विषयमा विद्यार्थीहरुको सरदर उपलब्धी ५०% भन्दा कम रहेको देखाएका छन् । यसकारण प्राथमिक शिक्षाको गुणस्तर सम्बन्धमा चिन्ता जनक स्थिति देखिएको छ, ( जवरा र अन्य, २०६१) ।

गुणस्तरीय शिक्षाका लागि दक्ष शिक्षक, भौतिक सुविधा सम्पन्न विद्यालय, विद्यार्थीहरुको नियमितता, विद्यालय व्यवस्थापन कमजोर भएको कारण शिक्षाको गुणस्तर खस्केको कुरा माथि उल्लेख गरिएको छ । तर शिक्षाको गुणस्तर उकास्नको निम्ति महत्वपूर्ण योगदान विद्यालय निरीक्षक वा स्रोतव्यक्तिको रहेको हुन्छ । स्रोतव्यक्तिले दैनिक रुपमा विद्यालय सुपरिवेक्षण गरी आवश्यक पृष्ठपोषण गर्दै जाँदा शिक्षाको गुणस्तर माथि उकास्न सकिन्छ ।
गुणस्तरीय शिक्षा भन्नाले उद्देश्यमूलक, व्यवहारिक, व्यवसायिक तथा प्रभावकारी शिक्षण भन्ने बुझिन्छ । यस भित्र शिक्षकको जिम्मेवारी, उच्च सिकाई उपलब्धी, दक्षता तथा असल व्यक्तित्व पर्दछन् ।

यस प्रकार गुणस्तरीय शिक्षाका निम्ति दक्ष, योग्य तथा अनुभवी शिक्षकहरु सहयोगी, जिम्मेवार तथा स्रोतपूर्ण भएका स्रोतव्यक्तिको खाँचो पर्दछ । स्रोतव्यक्तिले शिक्षकलाई प्रभावकारी शिक्षण गर्न गराउनमा महत्वपूर्ण भूमिका खेल्न सकेमा गुणस्तरीय शिक्षा प्रदान गर्न सकिन्छ । शिक्षण एक त्रिपक्षीय प्रकृया हो । जसमा शिक्षक, विद्यार्थी र शिक्षण सामग्री  (स्रोतव्यक्ति) पर्छन ।

प्रभावकारी शिक्षण हुनका लागि निम्न विशेषता हुन नितान्त आवश्यक देखिन्छ । शिक्षण एक त्रिपक्षीय प्रक्रिया हो, शिक्षण एक अन्तर्क्रियात्मक प्रक्रिया हो, शिक्षण एक विज्ञानका साथसाथै कला पनि हो, शिक्षण एक औपचारिक एवं अनौपचारिक दुबै किसिमको हुन्छ, शिक्षण एक चेतनात्मक प्रक्रियाका साथसाथै अचेतनात्मक प्रक्रिया पनि हो, शिक्षण कक्षा भित्र र कक्षा वाहिर पनि हुने प्रक्रिया हो, शिक्षण समाजको एक भाग हो, शिक्षण गतिसिल हुन्छ, जो समय र स्थानसंग सम्बन्धित हुन्छ, शिक्षण कार्यक्रममुखि हुन्छ, शिक्षण भन्ने, देखाउने र गर्ने प्रक्रिया हो । प्रत्यक्ष भेटघाटबाट हुने प्रक्रिया पनि हो, शिक्षण विषयवस्तु र विद्यार्थीको व्यवहारमा आधारित हुन्छ, शिक्षणले सिकाइमा जोड दिन्छ, शिक्षणले सिकाईलाई लक्षित गरेको हुन्छ, शिक्षणले बालकमा उत्प्रेरणा जगाई सिकाइमा सहयोग गर्छ, शिक्षणले सिकारुलाई तालिम प्रदान गर्छ, (अग्रवाल, १९८५) ।

विद्यालयको निरीक्षण प्रक्रियालाई विगतका वर्षहरुमा एउटा प्रशासनिक कार्यका रुपमा लिइन्थ्यो । विद्यालयको प्रशासनिक पक्षलाई अध्ययन दिई Hire and Fire को धारणामा विद्यालयको निरीक्षण गरिने परिपाटीले शिक्षाको गुणस्तर वृद्दि गर्नमा कति सघाउ पुऱ्याउँथ्यो त्यो त उल्लेख गर्न सकिन्न तर निरीक्षण प्रक्रियाले शिक्षकमा डर र त्रास निम्त्याउने कुरा चाहिँ निश्चित थियो । परम्परागत रुपमा हेर्दा निरीक्षण प्रणालीलाई शिक्षकले के पढाउँदैछ, कसरी पढाउँदैछ, तोकिएका विधिहरु अपनाएको छ कि छैन, ऐन, नियमको परिपालना कसरी भएको छ भन्ने कुरामा मात्र केन्द्रित रहेको पाइन्छ । यसले शिक्षणमा सुधारको अपेक्षा भन्दा पनि कानुनको परिपालनालाई बढी जोड दिन्छ । पछिल्ला दिनहरुमा आएर निरीक्षणको आधुनिक अवधारणाको विकासपछि प्रशासनिक धारणा बदलेर प्राविधिक सेवाका रुपमा लिन थालियो र निरीक्षणको आधुनिक अवधारणा नै सुपरिवेक्षणका रुपमा आयो, (काफ्ले र अन्य, २०६२) ।

शैक्षिक सुपरिवेक्षणले भन्नाले शैक्षिक उद्देश्य प्राप्तिका लागि कक्षाकोठामा हुने अध्ययन अध्यापन क्रियाकलापमा बढी प्रभावकारिता ल्याउन विद्यालयका सम्पूर्ण शैक्षिक क्रियाकलापको यथार्थ अध्ययन गरी यसको विकास तथा सुधारका लागि गरिने प्रयासलाई बुझाउँछ । सुरुमा सन् १६४२ मा अमेरिकाबाट निरीक्षणको नाममा सुपरिवेक्षणको अवधारणा आएको देखिएतापनि संस्थागतरुपमा सुपरिवेक्षणको विकास सन् १९०७ मा अमेरिकाबाटै भएको पाइन्छ । विकसित राष्ट्रबाट आएको सुपरिवेक्षण अवधारणाले विकासशील राष्ट्रमा पनि प्रभाव पार्नु स्वाभाविकै हो । नेपालमा प्राचीनकालमा वैदिक धर्मबाट अनुप्राणित संस्कृत शिक्षा, बुद्ध धर्मबाट अनुप्राणित बौद्ध शिक्षा सञ्चालन भएका बेलामा गुरुकुल शिक्षा पद्धतिको व्यवस्था भएकाले गुरुहरुबाटै आफ्ना विद्यार्थीहरुको निरीक्षण गरिने गरिन्थ्यो, ( काफ्ले र अन्य, २०६२) ।

लिच्छवीकाल, मल्लकाल, शाहकाल हुँदै राणाकालको उदय भएपछि मात्र शिक्षा क्षेत्रमा आधुनिक शिक्षा भित्रीएको हो । वि.सं. १९०३ साल आश्विन ३ गतेको कोतपर्वबाट प्रधानमन्त्री बनेका जङ्गबहादुर राणा वि.सं. १९०७ सालतिर बेलायत भ्रमणमा गई फर्केर आएपछि त्यहाँको अङग्रेजी भाषाबाट प्रभावित भई नेपालमा पनि आधुनिक शिक्षा अङ्ग्रेजी शिक्षाको थालनी वि.सं. १९१० आश्विन २ गते गरेका थिए । सो

विद्यालयमा प्रधानाध्यापक Mr. Canning थिए भने सुपरिवेक्षकको जिम्मेवारी Mr. Ross ले पाएका थिए । यसरी विद्यालयको सुपरिवेक्षण गर्नुपर्छ भन्ने धारणाको विकास आधुनिक शिक्षासँगै लिएर आएका थिए । यसरी विद्यालयको सुपरिवेक्षण गर्नुपर्छ भन्ने धारणाको विकास आधुनिक शिक्षासँगै कुम जोडेर नेपाल भित्रिएको पाइन्छ, ( काफ्ले र अन्य, २०६२) ।

वि.सं. १९१५ सालमा शिक्षा निर्देशनको कार्यालयको स्थापना भई त्यसमा बबरजङ्गलाई डाइरेक्टरमा नियुक्त गरियो । उनलाई सुपरिवेक्षकको जिम्मा लिएका Mr. Ross ले स्कुलको गतिविधि जाहेर गर्दथे । दरबार स्कुलको सम्पूर्ण रेखदेख प्रधानमन्त्रीकै मातहतमा हुन्थ्यो भने सामान्य सुपरिवेक्षण गर्ने कार्य Mr. Ross ले गर्दथे । शिक्षा निर्देशकको पदमा प्रायः राणा परिवारका व्यक्तिहरुले मात्र नियुक्तिको मौका पाउँथे । वि.सं. १९८९ मा अङ्ग्रेजी शिक्षा र संस्कृततर्फ छुट्टाछुट्टै निर्देशक (डाइरेक्टर) को व्यवस्था भएको पाईन्छ । वि.सं. १९९६ साल माघ ८ गते जुद्धशमशेरका पालामा इस्तिहार जारी भएपछि निरीक्षण व्यवस्थाले कानूनी मान्यता प्राप्त गऱ्यो । स्कुलहरुको भौतिक अवस्था, शिक्षकहरुको अवस्था, विद्यालयमा  स्तरीय पठन पाठन भए नभएको निरीक्षण गर्न विद्यालयको विस्तारलाई नियन्त्रण गर्ने उद्देश्यले वि.सं. १९९८ सालमा इन्स्पेक्टर अफ स्कुलको अफिसको स्थापना भएको थियो । विद्यालय खोल्ने तर्फ जनचेतना अभिवृद्धि भएको, विद्यालयको विस्तारलाई नियन्त्रण गर्ने हिसाबले इन्स्पेक्टर अफ स्कुल स्थापना भएकाले पहिलो इन्स्पेक्टर सूर्यप्रसाद उपाध्यायले तीन वर्षमात्र काम गरेर भारत तर्फ लागेका थिए र त्यसपछि ऋषिकेश शाह नियुक्त भएका थिए, ( काफ्ले र अन्य, २०६२)।

विद्यालयको सुपरिवेक्षण र निरीक्षण गर्ने क्रममा क्रमशः संस्थागत सुधार हुँदै जाँदा वि.सं. २००४ सालमा भएको आधार स्कुलको स्थापनाले निरीक्षण र शैक्षिक प्रशासनमा अलिकति चहलपहल बढाएको थियो । आधार शिक्षा योजनाअन्तर्गत स्थापना भएका स्कुलमा शिक्षक दरबन्दी, निकासा, रेखदेख तथा सुपरिवेक्षणको समेत शैक्षिक प्रशासनको सम्पूर्ण काम पाठशाला बन्दोबस्त नागरिक फाँट, शिक्षा विभाग अन्तर्गत स्थापना भएको शिक्षा गोश्वारा नामको नयाँ अड्डाले हेर्ने व्यवस्था थियो । वि.स.१९९६ सालदेखि जनतामा देखिएको प्रजातन्त्रप्रतिको जनचतेनाले २००७ सालमा साकार रुप  लिन पाएपछि शिक्षा विभागको बदला शिक्षा मन्त्रालय स्थापना भयो र आधुनिक निरीक्षण विकासको युग पनि सुरुवात भयो । समय समयमा बनेका विभिन्न आयोगहरुले विद्यालयको प्रभावकारी निरीक्षण र सुपरिवेक्षणमा

जोड दिएका छन् । राष्ट्रिय शिक्षा पद्वतिको योजना (२०२८-३२) ले भने विद्यालय र निरीक्षकको अनुपातसमेत किटान गरी निरीक्षण व्यवस्थालाई सुव्यवस्थित तुल्याउने मार्गनिर्देश गऱ्यो । रा.शि.प.यो.ले विद्यालय र निरीक्षकको अनुपात उपत्यका र तराईमा प्राथमिक विद्यालयमा १:३०, निम्नमाध्यमिक विद्यालयमा १:१५ र माध्यमिक तहमा १:१० तथा पहाडमा प्रा.वि.मा.१:१५ निम्न माध्यमिक विद्यालयमा १:१० र माध्यमिक तहमा १:७ को सिफारिस गरेको थियो । त्यसपछि गठन भएका विभिन्न आयोगहरुले पनि विद्यालय सुपरिवेक्षणका सम्बन्धमा सुझावहरु पेस गरेका छन् ।

वर्तमान अवस्थामा विद्यालयको निरीक्षण तथा सुपरिवेक्षण गर्नका लागि शिक्षा नियमावली, २०५९ को नियम १७ मा विद्यालय निरीक्षकको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ । शिक्षा तथा खेलकुद मन्त्रालयदेखि शिक्षा विभाग, क्षेत्रीय शिक्षा निर्देशनालय, जिल्ला शिक्षा कार्यालय, विद्यालय व्यवस्थापन समिति, नागरिक समाज, समुदाय, अभिभावक आदि शिक्षासँग सम्बद्व सम्पूर्ण पक्षले विद्यालयको सुपरिवेक्षणको जिम्मेवारी लिएको छ र लिनु पनि पर्छ । कानुनी र कागजी सुपरिवेक्षण होइन शिक्षकलाई शिक्षण पेसामा सहयोग पुग्ने प्राविधिक सेवाको खाँचो छ । माध्यमिक शिक्षा सहयोग कार्यक्रम ले परिकल्पना गरेको स्कुल इन्स्पेक्टर स्थापना भई गत एक वर्षदेखि विद्यालयहरुको नियमित तथा आकस्मिक निरीक्षण गर्न थालिएको छ । तर त्यसबाट कस्तो प्रभाव परेको छ । त्यसको अनुसन्धान हुनु जरुरी छ । समुदायलाई दिने नीतिअनुरुप व्यवस्थापनको जिम्मेवारी लिएका विद्यालयहरुमा समुदायले नै सुपरिवेक्षण गर्ने व्यवस्था छ, (शिक्षा विभाग, २०६४) ।

निरीक्षण भन्नाले केवल विद्यालय निरीक्षक मात्र नभएर शिक्षण सिकाईको सुधारमा संलग्न र शैक्षिक नेतृत्व लिएको जुनसुकै व्यक्ति पनि हुन सक्तछ । जस्तो स्रोतव्यक्ति, जिल्ला शिक्षा अधिकारी, प्रधानाध्यापक आदि । स्रोतव्यक्तिको विद्यालय निरीक्षणमा महत्वपुर्ण भूमिका रहन्छ । तसर्थ स्रोतव्यक्तिले विद्यालय निरीक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । जस्तैः–अवलोकनकर्ताको रुपमा, परिवर्तकको रुपमा, समन्वयकर्ताको रुपमा, स्रोतव्यक्तिका रुपमा, अनुसन्धान कर्ताको रुपमा, मूल्यांकनकर्ताको रुपमा र व्यवसायिक कर्ताको रुपमा स्रोतव्यक्तिले विद्यालय निरीक्षण गर्दा विभिन्न प्रक्रियाहरु अवलम्वन गर्नुपर्छ । शिक्षा ऐन तथा नियमावलीको परिधीमा रही जिल्ला शिक्षा कार्यालयको निर्देशनमा विद्यालयको निरीक्षण, सुपरिवेक्षण गर्नुपर्छ । विद्यालयको निरीक्षण भौतिक रुपमा मात्रै नगरी

आर्थिक, शैक्षिक, सामाजिक तथा नैतिक पक्षहरुको समेत अध्ययन अनुसन्धान गर्नुपर्छ । तसर्थ विद्यालय निरीक्षक, स्रोतव्यक्तिले विद्यालय निरीक्षणका क्रममा निकट निरीक्षण तथा दुरनिरीक्षण, नियम, विनयी रणनिती, कार्य सम्पादन मूल्यांकनका माध्यमबाट आफ्नो सुपरिवेक्षण कार्यलाई प्रभावकारिता बनाउन सक्नु पर्छ ।

स्रोतकेन्द्रको अवधारणा अनुसार आधारभूत तथा प्राथमिक शिक्षा परियोजना नेपाल सरकारको प्रयासमा सञ्चालन हुने सम्पूर्ण शैक्षिक कार्यक्रम सञ्चालनको सबैभन्दा तल्लो आधारभूत तह जुन प्रत्यक्ष जनसम्पर्कमा रहेको हुन्छ त्यो स्रोतकेन्द्र हो । कार्यक्रमको सफलता तथा प्रभावकारिता स्रोतकेन्द्रको सुदृढीकरण र यसले दिएको योगदानमा निर्भर गर्दछ । मनाङ्ग जिल्लामा स्रोतकेन्द्रहरुको वर्तमान स्थिती र स्रोतकेन्द्र तथा स्रोतंव्यक्ति मार्फत संचालित कार्यक्रमहरुको प्रभावकारिता अध्ययन गरी यसले विद्यालयको शैक्षिक उपलब्धी वृद्धि गर्न के कति सहयोग पुऱ्याएको छ, कार्यक्रम सञ्चालनमा देखा परेका समस्याहरुको बारेमा यस अध्ययनले निष्कर्ष दिनेछ । स्रोतकेन्द्र तथा स्रोतव्यक्ति कार्यक्रम सञ्चालनको तल्लो तथा महत्वपूर्ण निकाय भएकोले स्रोतकेन्द्र र स्रोतव्यक्तिको प्रभावकारिता तथा शैक्षिक उपलब्धीमा स्रोतकेन्द्रले दिएको योगदानको बारेमा अध्ययन गर्न यो अनुसन्धान महत्वपूर्ण हुनेछ ।

शिक्षा नियमावली २०४९ (सशोधन सहित) मा निरीक्षक (स्रोतव्यक्ति) को काम कर्तव्य र अधिकार निम्न अनुसार तोकिएको छ :

जिल्ला शिक्षा अधिकारीले तोकिदिएको विद्यालयहरुको नियमित निरीक्षण र सुपरिवेक्षण गर्ने । आफूले निरीक्षण गर्ने विद्यालयहरु ऐन र यस नियमावली अनुरुप नियमित रुपले सञ्चालन भए नभएको, भौतिक साधन र शिक्षक पर्याप्त भए नभएको, उपलब्ध साधनहरुको सदुपयोग भए नभएको र निर्धारित स्तरबमोजिम पठन पाठन भए, नभएको हेरी त्यस सम्बन्धमा प्र. अ तथा शिक्षकसँग विचार विमर्श गरी सुधार गर्ने । विद्यालय निरीक्षण सम्बन्धी लिखित मौखिक प्रतिवेदन जिल्ला शिक्षा अधिकारीलाई पेश गर्ने र आवश्यकता अनुसार समस्या समाधान गर्न जिल्ला शिक्षा अधिकारीको परामर्श लिने । विद्यालयको विकासका लागि व्यवस्थापन समिति तथा स्थानीय शिक्षाप्रेमीहरुसँग सर्म्पक राख्न र आवश्यक

सरसल्लाह गर्ने । समय समयमा शिक्षकहरुको बैठक बोलाई अध्यापन शैली र अध्यापन गर्दा आइपर्ने समस्या सम्बन्धमा छलफल गर्ने र नमूना शिक्षण गर्न लगाउने । आफ्नो क्षेत्र अन्तर्गत शिक्षकहरुको कार्य क्षमताको मुल्याङ्कन गर्ने त्यसको अभिलेख राख्ने । विद्यालयको शैक्षिक स्तर वृद्धि गर्न प्रधानाध्यापक तथा व्यवस्थापन समितिका अध्यक्षको गोष्ठी गर्ने ।  आफ्नो क्षेत्र भित्र विभिन्न परीक्षाहरु परीक्षा समितिको निर्देशन अनुसार संचालन गर्ने गराउने । विद्यालयको शैक्षिक तथा आर्थिक अभिलेख दुरुस्त भए नभएको निरीक्षण गर्ने ।  शिक्षकहरुलाई तालिमको लागि सिफारिस गर्ने । व्यवस्थापन समितिको बैठक नियमित रुपले बसे नबसेको हेरी बैठक बोलउन निर्देशन दिने । नयाँ खोल्ने विद्यालयका हकमा स्थलगत निरीक्षण गरी आफ्ना सिफारिस सहित यथार्थ प्रतिबेदन जिल्ला शिक्षा अधिकारीलाई पेश  गर्ने । प्रधानाध्यापक तथा व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने । जिल्ला शिक्षा अधिकारीले दिएको अन्य निर्देशन पालना गर्ने ।

## १.२ समस्याको कथन

शैक्षणिक कार्यको मूल्यांकन गरी देखिएका समस्याको समाधानका निम्ति कक्षा अवलोकन तथा विद्यालय निरीक्षण सुपरिक्षेणको माध्यमबाट सहयोग पुऱ्याउन 'स्रोतव्यक्ति' को महत्वपूर्ण योगदान रहन्छ । यस प्रकार "गुणस्तरीय शिक्षा विकासमा स्रोतव्यक्तिको योगदान" भन्ने शोध शीषर्क छनौट गरी यो अध्ययन गर्न खोजीएको छ । शिक्षाको प्रमुख तह प्राथमिक तह भएकोले विशेषगरी यस तहका विद्यालयमा अध्ययन गरिने छ ।  यसर्थ, विद्यालय शिक्षक विद्यार्थी तथा अभिभावकसंग प्रत्यक्ष सर्म्पक हुने, उनीहरुको आवश्यक समस्याको समाधान गर्न भौतिक आर्थिक तथा शैक्षिक सामग्रीको व्यवस्था गर्ने गराउने, पठन पाठनमा देखिएको समस्यालाई समाधान गर्न शिक्षकलाई तालिम, अन्तर्क्रिया र अन्य सहयोग  गर्ने, पाठ्यक्रम विकास तथा  निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउने जस्ता प्रमुख महत्वपूर्ण कार्य भएकोले गुणात्मक शिक्षामा स्रोतव्यक्तिको  महत्वपूर्ण योगदान रहन्छ । यसैले  निम्नानुसार समस्याहरुलाई व्याख्या तथा विश्लेषण गर्नको लागि छनौट गरिएका थिए ।

१. स्रोतव्यक्तिले स्रोतकेन्द्रस्तरमा के–कस्ता कामहरु गर्दै आएका छन् ?

२. स्रोतव्यक्तिले शिक्षणमा प्रभावकारिता ल्याउनका लागि के कस्ता उपायहरु अवलम्बन गर्नुपर्छ ?

३. गुणस्तरीय शिक्षण कार्यमा सकारात्मक प्रभाव पार्न स्रोतव्यक्तिले कस्तो योगदान गर्नुपर्छ ?

## १.३ अध्ययनको औचित्य

विद्यालयको निरीक्षण सुपरिवेक्षण गर्ने व्यक्ति स्रोतव्यक्ति हो । यसर्थ स्रोतव्यक्तिको योगदान र गुणस्तरीय शिक्षा बीच कस्तो सम्बन्ध रहेको छ ? भनि खोज तथा अनुसन्धान गर्न यो अध्ययन शीर्षक छनौट गरिएको छ ।

सुपरिवेक्षण गर्न प्रत्येक जिल्लामा स्रोतकेन्द्र र स्रोतव्यक्तिको व्यवस्था गरेको पाइन्छ । स्रोतव्यक्ति स्रोतकेन्द्र मार्फत विद्यालयको निरीक्षण सुपरिवेक्षण कार्य गर्ने भएकोले यस अध्ययनले स्रोतव्यक्तिको कार्य सम्पादन प्रकृयाको बारेमा बास्तविक तथ्यांक उपलब्ध गराउनुका साथै, स्रोतव्यक्तिको कार्य सम्पादनमा आईपरेका समस्या औल्याई सुझाउने, गुणस्तरीय शिक्षाका लागि शिक्षक विद्यार्थी, अभिभावक तथा विद्यालयहरुको शैक्षिक उपलब्धी बढाउन मद्दत मिल्नेछ । त्यसैगरी स्रोतकेन्द्र जिल्ला शिक्षा कार्यालय, शिक्षा विभाग तथा शिक्षा मन्त्रालयलाई समेत यस अध्ययनले प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा महत्व हुनेछ । सरकारले स्रोतव्यक्तिको आवश्यकता तथा स्रोतव्यक्तिका निम्ति आवश्यक सेवा, सुविधा, काम, कर्तव्य र अधिकार तथा निति निर्धारण गर्न सहयोग मिल्नेछ । पाठ्यक्रम निर्माण तथा विकास गर्न, तालिमको लागि योजना तयार गरी दक्ष मानव स्रोतको विकासमा समेत टेवा पुऱ्याउन यो अध्ययन शीर्षक छनौट गरीएको हो ।

मनाङ जिल्लाको खस्कदो शैक्षिक स्तरलाई बृद्धि गर्न स्रोतव्यक्ति, जिल्ला.शिक्षा.अधिकारी, अभिभावक तथा विद्यालयलाई आवश्यक सुझाव दिई शैक्षिक स्तर वृद्धि गर्न योगदान दिनेछ । सरकारबाट विद्यालयको स्तर बृद्धि गर्न सहयोग हुनेछ । सरोकारवालाहरुलाई आ-आफ्नो दायित्व पूरा गरी शैक्षिक क्षति कम गरी दक्ष तथा योग्य नागरिक उत्पादन गर्नमा यस अध्ययनले महत्वपूर्ण योगदान गर्ने भएकोले यो शीर्षक छनौट गरीएको हो ।

## १.४ अध्ययनका उद्देश्यहरु

यस अध्ययनका उद्देश्यहरु निम्नानुसार छन् :

१. गुणस्तरीय शिक्षा विकासमा स्रोतव्यक्तिको योगदानको लेखाजोखा गर्ने ।

२. गुणस्तरीय शिक्षामा स्रोतव्यक्तिले भोगेका चुनौतीहरुको विश्लेषण गर्ने ।

३. गुणस्तरीय शैक्षिक विकासमा स्रोत व्यक्तिको योगदानलाई प्रभावकारी बनाउने उपायहरु सुझाउने ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

अध्ययन अनुसन्धान कार्य एक जटिल कार्य हो । यसर्थ यस अध्ययनका लागि आवश्यक तथ्यांकहरु संकलन गर्नका निम्ती निम्नानुसारका अनुसन्धानात्मक प्रश्नहरु राखिएका छन् :-

क) गुणस्तरीय शैक्षिक व्यवस्थापनमा स्रोतव्यक्तिले स्रोतकेन्द्र स्तरमा के कस्तो योगदान गरेको छ ?

ख) स्रोत व्यक्तिको पारिभाषिक भूमिका के हो र शैक्षिक उपलब्धिमा के प्रभाव पारेको पाइन्छ ।

ग) प्रधानाध्यापक, शिक्षक तथा स्रोतव्यक्तिको वीच कस्तो सम्बन्ध रहेको छ ?

घ) स्रोत व्यक्तिको योगदानलाई प्रभावकारी बनाउने उपायहरु के के हुन सक्छन् ।

## १.६ अध्ययनको परिसिमा

कुनै पनि कार्य गर्नका लागि निश्चित परिसिमा निर्धारण गरिएको हुन्छ । अनुसन्धानकर्ताको समय, स्रोतसाधनको अभाव जस्ता वाध्यता आदि कारणले ठूलो क्षेत्रमा अध्ययन गर्न सम्भव नहुने भएकोले यस अध्ययनमा निश्चित परिसिमा तोकिएको छ । मनाङ जिल्लाका ३ वटा स्रोतकेन्द्रमध्ये सबै केन्द्रमा यो अध्ययन गरिने छ । तीन ओटा स्रोतकेन्द्र माध्यमिक विद्यालय, सबै तहका विद्यालय समेटिने गरी एउटा स्रोत केन्द्रका २/२ विद्यालयका दरले जम्मा ६ ओटा विद्यालयहरुमा यो अध्ययन सिमित रहने छ । गुणस्तरीय शिक्षा विकासमा स्रोत व्यक्तिको भूमिका विषय शीर्षकसँग सम्बन्धित भई यो अध्ययन कार्य

गरिने छ । उक्त विद्यालयका प्रधानाध्यापकहरु, प्रत्येक विद्यालयका एक–एक जना शिक्षक र १० जना विद्यार्थी तथा अभिभावकहरुसँग अन्तर्वार्ता प्रश्नावलीको आधारमा तथ्यांक संकलन गरी अध्ययन पूरा गरिने छ ।

## १.७ शब्दावलीको अर्थ तथा परिभाषा

| | | |
|---|---|---|
| स्रोतव्यक्ति | = | विद्यालय निरीक्षण तथा सुपरिवेक्षण गर्न नियुक्ति गरिएको जिल्ला शिक्षा कार्यालयको अधिकृत कर्मचारी |
| विद्यालय निरीक्षक | = | विद्यालयको निरीक्षण गर्न तोकिएको नेपाल सरकारको राजपत्रांकित तृतीय श्रेणीको अधिकृत कर्मचारी |
| ऐन | = | ऐन भन्नाले शिक्षा ऐन २०२८ भन्ने बुझिन्छ । |
| नियमावली | = | नियमावली भन्नाले शिक्षा नियमावली २०५९ भन्ने बुझ्नु पर्छ । |
| व्यवस्थापन समिति | = | व्यवस्थापन समिति भन्नाले विद्यालय व्यवस्थापन समिति सम्झिनु पर्छ । |
| विभाग | = | विभाग भन्नाले शिक्षा विभाग सम्झनु पर्छ । |
| मन्त्रालय | = | मन्त्रालय भन्नाले शिक्षा मन्त्रालय सम्झनु पर्छ |
| शिक्षक छनौट समिति | = | भन्नाले शिक्षा नियमावलिको नियम २२ 'च' बमोजिमको शिक्षक छनौट समिति सम्झनु पर्छ । |
| परीक्षा | = | परीक्षा भन्नाले स्रोतकेन्द्रस्तरिय त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक परीक्षा सम्झनु पर्छ । |
| परीक्षा समिति | = | भन्नाले स्रोतकेन्द्रस्तरमा गठन भएको स्रोतकेन्द्रस्तरीय परीक्षा समिति सम्झनुपर्छ । |
| शैक्षिक सत्र | = | भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराईने वार्षिक अवधी सम्झनु पर्छ । |

| | | |
|---|---|---|
| शुल्क | = | भन्नाले विद्यार्थीसँग लिन पाउने शिक्षा नियमवालीको नियम १४६ अनुसारको शुल्क सम्झनु पर्छ । |
| आर्थिक स्थिति | = | आय र व्ययको स्थिती |
| पाठ्यपुस्तक | = | पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत विद्यालय तहको पाठयपुस्तक सम्झनु पर्छ । |
| पाठ्यक्रम | = | विद्यालय तहको पा.वि.के. बाट स्वीकृत पाठ्यक्रम सम्झनु पर्छ । |
| सन्दर्भ सामग्री | = | विद्यालय तहमा अध्यापन हुने पाठ्यपुस्तक बाहेक पढाईलाई सहयोग गर्ने पत्रपत्रिका, पाठ्यपुस्तक,सम्झनु पर्छ । |

# परिच्छेद : दुई

# सैद्धान्तिक खाका तथा सम्बन्धित साहित्यको पूनरावलोकन

अध्ययन अनुसन्धान कार्य कुनै पनि क्षेत्रमा देखिएका विद्यमान समस्याहरुलाई समाधान गर्ने उद्देश्यले गरिएको हुन्छ । त्यससंग सम्बन्धित अध्ययनहरु पहिले देखि नै अनुसन्धान भएको हुनसक्छ । त्यही अध्ययनसंग सम्बन्धित विभिन्न अनुसन्धानात्मक लेख, रचनाहरु पुस्तिकाहरु प्रकाशन तथा शोधकार्य भएको हुन सक्छ । जसको अध्ययनबाट आफ्नो अध्ययनलाई सहज पार्न सकिन्छ । यस शोध पत्रको शीर्षक गुणस्तरीय शिक्षाका लागि स्रोतव्यक्तिको भूमिका भएकोले यस अध्ययनलाई प्रभावकारी र वस्तुपरक बनाउन शोध शीर्षकसंग सम्बन्धित पूर्वसाहित्यको अध्ययन गरी यस अनुसन्धानलाई पूरा गर्न सहयोग लिइएको थियो ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

भट्टराई (२०६४) का अनुसार "दक्षता, व्यक्तित्व र पेसागत जिम्मेवारीको बोधलाई नै विद्यार्थीहरुको सिकाई उपलब्धी तथा गुणस्तरीय शिक्षाका केही मुख्य कारक तत्व मानेका छन्," (भट्टराई, २०६४ : ३२) ।

BPEP (2005) ले स्रोतव्यक्तिको सुपरिवेक्षणीय भूमिका तथा प्रकृति बारेमा उल्लेख यसरी गरेको छ - "स्रोतव्यक्तिको सबैभन्दा महत्वपूर्ण कार्य भनेको शैक्षिक विकास उन्मूख हुनु हो । यसर्थ वर्तमान समयमा स्रोतव्यक्ति र सुपरिवेक्षक दुवै विद्यालय सुपरीवेक्षण कार्यमा संलग्न रहनुपर्छ," (BPEP, 2005 : 297) ।

जोशी (२०६३) को 'सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक गुणस्तर एक अध्ययन शोधशीर्षकमा- विद्यालयको गुणस्तर हेर्दा संस्थागत विद्यालयको सिकाई उपलब्धी उच्च रहेको, भौतिक व्यवस्थापन तथा प्रसासन प्रणाली प्रभावकारी भएको तर सामुदायिक विद्यालयको भौतिक तथा प्रंसाशनिक प्रणाली कमजोर भएको, शिक्षकहरु कामप्रति उदासिन देखिनु, सिकाई उपलब्धी ज्यादै न्यून रहेको देखाइएका

छन् । तसर्थ उहाँले शैक्षिक गुणस्तर सुधार गर्न, सामुदायिक विद्यालयमा आवश्यक दक्ष तथा विषयगत शिक्षकको व्यवस्था गरी उनीहरुलाई उचित सेवा सुविधा दिनुका साथै काम प्रति अभिप्रेरित गर्नु पर्ने, विद्यालयका प्रधानाध्यापक, स्रोत व्यक्ति, जिल्ला शिक्षा अधिकारी तथा अभिभावकहरुले विद्यालय प्रति सकारात्मक सोच राखी विद्यालयको पठन पाठनमा निरीक्षण सुपरिवेक्षण गरी गुणस्तर सुधारमा पहल गर्नु पर्ने कुरा सुझाव सहित प्रस्तुत गर्नुभएको पाइन्छ, (जोशी, २०६३) । बोहरा (२०६५) ले कक्षा कोठा व्यवस्थापनले सिकाइमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । संस्थागत विद्यालयमा न्यून स्रोत साधनको भरमा संचालित भएका सार्वजनिक विद्यालयको तुलनामा शैक्षिक पक्ष तथा भौतिक पक्ष सुध्रिएको तथ्यांक देखाइएको छ । सार्वजनिक र संस्थागत दुवै विद्यालयले कक्षाकोठा व्यववस्थापनका आधारभुत पक्षहरु नअपनाएको दोषका साथै कक्षाकोठा व्यवस्थापन आवश्यक स्रोत र साधनको परिपूर्ति पश्चात शिक्षा ऐन नियमावली अनुसार पठन पाठन गर्नु पर्ने सुझाव प्रस्तुत गरेका छन्, ( बोहरा, २०६५) ।

एलन (२००१) का अनुसार “कक्षा कोठा व्यवस्थापन भनेको एउटा संगित गृह जस्तै हो जहा विभिन्न कलाकारहरु आ–आफ्नो कलाकारितालाई देखाउन एउटा निश्चित कार्यक्रम मार्फत उभिएका हुन्छन् । त्यस्तै कक्षा कोठा व्यवस्थापन भनेको विद्यार्थीहरुलाई उपयुक्त वातावरण सिर्जना गर्नु हो,” एलन (२००१: १३७) ।

कुँवर (२०६३), दार्चुला जिल्लाको प्राथमिक विद्यालयका शिक्षक तथा विद्यार्थी नियमितताका अवस्था र शैक्षिक उपलब्धी एक अध्ययनमा ९०% भन्दा बढी उपस्थित हुने विद्यार्थीको विषयगत अंक वढी रहेको, कम उपस्थित हुने विद्यार्थीको विषगगत औषत अंक न्यून रहेको, समग्रमा ७३.२५% शिक्षक विद्यार्थीको उपस्थित रहेको हुँदा उपस्थितिका कारण सिकाई उपलब्धिमा निकै प्रभाव परेको हुँदा शिक्षक र विद्यार्थी नियमितता बढाउन प्रयास गर्नु पर्ने कुरा सुझावमा उल्लेख गरेका छन्, (कुँवर, २०६३) ।

भट्ट, (२०६३) ले विद्यालयमा तालिम प्राप्त शिक्षक, खेल मैदान, खेल खेलाउने सामग्रीको अभाव रहेको देखाइएको र तालिम प्राप्त शिक्षकको व्यवस्था गरि विभिन्न संघसंस्थाबाट खेलकुद सामग्री माग गरी

मनोरञ्जनात्मक तरिकाबाट पठनपाठन गराई शिक्षणलाई  गुणस्तरीय तथा प्रभावकारी बनाउने कुरा सुझावमा पेश गरेका छन्, (भट्ट, २०६३) ।

ओली र अन्य (२०५६) का अनुसार कुनै पनि बालबालिकाले यस पृथ्वीमा प्रवेश गरेपछि भोक लाग्दा खाना खान पाउनु,  विरामी हुदा औषधी उपचार पाउनु, मनोरञ्जनका लागि  खेल्न पाउने अनि अज्ञनता हटाउन शिक्षा पाउनु उनीहरुको जन्म सिद्ध अधिकार हो भन्ने जस्ता विषय वस्तु उल्लेख गरेको पाइयो, (ओली र अन्य २०५६) ।

बराल (२००६) मा सुपरिवेक्षण प्रणाली ठीक छैन, सुपरिवेक्षकले, प्रधानाध्यापकसंग मात्रै भेट गर्छ, शिक्षकसंग काम गर्दा स्रोतव्यक्तिले बढि जसो कक्षाकोठा व्यवस्थापन र संगठन, शैक्षिक सामग्री र शिक्षण क्रियाकलाप हेर्छ । धेरैजसो शिक्षकले सुपरिवेक्षकबाट तालिमको अभाव, सुपरिवेक्षकको कमजोर ज्ञानका कारण, नयाँ, विधी अपनाउन नसकेको, समन्वयको अभाव, मागमा आधारित तालिमको अभाव, उत्प्रेरणादायिक कार्यक्रमहरुको अभाव र प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावक संघ र शिक्षकहरुलाई आवश्यक सहयोगको अभाव रहेको बताएका छन् । स्रोतव्यक्ति स्नातकोत्तरतह पास गरेको, पाँच वर्ष शिक्षण अनुभव भएको व्यक्तिलाई नियुक्त गर्नु पर्ने, प्रत्येक महिनाको दुई पटक विद्यालय निरीक्षण गर्नुपर्ने, शिक्षकसँग मित्रता भाव राख्नु पर्ने, सरोकारवालाहरुसँग भेटघाट तथा विद्यालयको समस्याको बारेमा छलफल हुनु पर्ने र विद्यालयमा विभिन्न किसिमका तालिम, गोष्ठी, सेमिनार जस्ता कार्यक्रमहरु स्रोतकेन्द्रमा संचालन गर्नु पर्ने सुझावको रुपमा पेश गरेका छन्, (बराल, २००६) ।

अग्रवाल (१९९९) ले “प्रभावकारी शिक्षण भनेको एक त्रिपक्षीय प्रक्रिया हो । अन्तरक्रियात्मक प्रक्रिया हो, विज्ञानका साथसाथै कला पनि हो, औपचारिक र अनौपचारिक दुवै किसिमको हुन्छ, संचारको माध्यम हो, शिक्षण एक भन्ने, देखाउने र गर्ने को प्रविधी हो, सम्मुख भएर  गरिने प्रक्रिया हो, सिकारु लक्षित हुन्छ, उत्प्रेरणादायिक हुन्छ, सिकारुलाई तालिम प्रदान गरी दक्ष तथा सक्षम नागरिक तयार पार्नु हो,” ( अग्रवाल, १९९९:७) ।

अर्याल (२०६४) को गुणस्तरीय शिक्षणमा प्रधानाध्यापकको सुपरिवेक्षणीय भूमिका शोधपत्रमा गुणस्तर सुधार गर्न प्रधानाध्यापकले शिक्षक, विद्यार्थी र अभिवाकहरुसंग विद्यालयका समस्याहरुको बारेमा छलफल गरेको, दैनिक कक्षा संचालन अनुगमन गरेको, शिक्षकलाई नियमित हुन निर्देशन दिएको तर प्रधानाध्यापक ले कक्षा अवलोकन कार्य निरन्तर रुपमा नगरेको, कक्षा बाहिरबाट मात्रै कक्षा अवलोकन गर्ने गरेको, सरोकारवाला बीच मन मुटाव हुने भएको विद्यालयमा द्वन्द्व उत्पन्न भएको कुरा । त्यसैगरी सुझावहरुमा शैक्षणिक योजना बनाई लागु गर्ने, सुपरिवेक्षण नियमित गर्नु पर्ने, कक्षाकोठा अवलोकन गर्नु पर्ने, समुदायसंग नियमित भेटघाट गर्नु पर्ने, दक्ष शिक्षक निर्माणमा आवश्यक पहल गर्नु पर्ने, पेशा प्रति सन्तुष्ट रहने, आर्थिक पारदर्शिताका बारेमा प्रधानाध्यापक स्पष्ट हुनुपर्ने कुरा उल्लेख गरेको पाइन्छ, (अर्याल, २०६४) ।

लामा (२०६३) ले कक्षा कोठा सुपरिवेक्षणमा प्रधानाध्यापकको भूमिका भन्ने सोध शीर्षकमा प्रधानाध्यापक ले सुपरीवेक्षण योजना नबनाएको, अनौपचारिक रुपमा सुपरिवेक्षण गर्ने गरेको, शैक्षिक सुपरिवेक्षणमा कम जोड दिएको, सरकारी भन्दा संस्थागत विद्यालयको सुपरिवेक्षण प्रणाली प्रभावकारी देखिएको जस्ता प्राप्ति देखाएको छ । ती समस्याहरु समाधान गर्न सुपरीवेक्षण कार्य प्रधानाध्यापक बाहेक अन्य व्यक्तिबाट समेत नियमित हुनुपर्ने, प्रधानाध्यापक, निरीक्षकबाट सम्बन्धित शिक्षक विद्यार्थीलाई प्रोत्साहित गर्ने, पुरस्कार तथा दण्डको व्यवस्था गर्ने, तालिमको अवसर प्रदान गर्ने, विषगत सुपरिवेक्षण गर्ने, सुपरिवेक्षकले अनुसन्धानात्मक कार्य गर्नु पर्ने कुरा सुझावमा उल्लेख गरेका छन्, ( लामा, २०६३) ।

## २.२ सैद्धान्तिक खाका

समस्याको अनुसन्धानकार्यलाई तथ्यपूर्ण निचोडमा पुऱ्याउन कुनै स्वीकृत सिद्धान्तको आधार लिनु पर्ने हुन्छ । स्वीकृत सिद्धान्त तथा तथ्यमा आधारित रही अध्ययन गर्दा कुनै पनि नयाँ तथ्यहरु विश्वसनिय र वास्तविक हुन्छन् । अनुसन्धानबाट पत्ता लगाइएका कुराहरु स्थापित सिद्धान्तबाट विश्लेषण गर्नु पर्छ । अर्को तर्फ यस्ता मान्यता प्राप्त तथ्यहरुको सहयोगबाट नै नयाँ अध्ययन वा समस्या समाधानको विकल्प खोज्न संभव हुन्छ । विद्यालयमा गुणस्तरीय शिक्षण व्यवस्थापन गर्नका लागि सुपरिवेक्षणको

महत्वपूर्ण भूमिका रहेको हुन्छ । विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई उत्प्रेरणा जगाउन सकेमा मात्र स्तरीय शिक्षण हुने कुरालाई स्विकार्न सकिन्छ । विभिन्न सिद्वान्तहरुले उत्प्रेरणा सम्बन्धि विविध सिद्वान्तहरु प्रतिपादन गरेका छन् । ती सिद्वान्तहरुले विद्यालयमा संचालित शिक्षण क्रियाकलापलाई गुणस्तरीय बनाउनमा सान्दर्भिक हुने देखिन्छ ।

विद्यालयको सुपरीवेक्षक तथा सल्लाहकार भएको हुँदा स्रोतव्यक्तिले आफ्नो स्रोतकेन्द्र भित्रका शिक्षक, अभिभावकहरुलाई शिक्षण सिकाइमा प्रभावकारिता ल्याउन उपयुक्त सुझाव, सल्लाह र उत्प्रेरणा प्रदान गर्न सक्नु पर्दछ । शिक्षकलाई शिक्षणकार्यमा उत्प्रेरित गर्नु भनेको वर्तमान शिक्षण कार्यमा सफलता हासिल गर्नु गराउनु हो । शिक्षकलाई अध्यापन कार्य गर्न रुचि, मनोवल जोस जाँगर बढाउनु हो । यसरी विद्यालयमा कार्यरत शिक्षकलाई काममा कसरी लगाउन सकिन्छ ? के भएमा शिक्षकले राम्ररी लगनशिल भएर कार्य गर्दछन ? सो बारेमा शैक्षिक सुपरिवेक्षकको हैसियतले स्रोतव्यक्तिले बुझ्नु पर्दछ । यसरी अन्तरआत्मा देखिनै कार्य प्रति उत्साहित भएमा कार्यको स्तर र मात्रा दुवै बढछ र शिक्षणमा गुणस्तरीयता आउँछ । अभिप्रेरणाले व्यक्तिको मनमा आफ्नो जिम्मेवारी वहन गर्नुपर्छ भन्ने भावनाको विकास गराउँछ ।

स्टेन्ली (१९७४) को भनाई अनुसार "कुनै पनि आकांक्षा जसले कुनै पनि व्यक्तिको इच्छा वा चाहनामा यसरी परिवर्तन ल्याई दिन्छ, जसले गर्दा उ कार्य प्रति दत्त चित्त भएर लाग्छ",स्टेन्ली (१९७४:७२)। यस प्रकार स्रोतव्यक्तिले शिक्षकको सहकर्मी सहयोगी मित्रको हैसियतले शिक्षकको शैक्षिक क्रियाकलापको सुपरिवेक्षण गरि आवश्यकता अनुसार शिक्षकलाई उत्प्रेरणा जगाउने कार्य गर्नु पर्दछ तव मात्र शिक्षण गुणस्तरीय हुन जान्छ । यस क्रममा उत्प्रेरणा सम्बन्धी प्रेरक र आरोग्य सिद्वान्तलाई यस शोधपत्रका लागि मानिएको थियो ।

प्रसिद्व विद्वान हर्जवर्ग (१९५०) को सिद्वान्त प्रशासनिक संगठनमा संलग्न कर्मचारीहरु मध्ये केही कार्य सन्तुष्ट र केही कार्य असन्तुष्ट हुन्छन् भन्ने मान्यतामा आधारित छ । अमेरीकाका ख्याती प्राप्त व्यवस्थापन सिद्वान्त विद हर्जवर्ग हुन् । उनले सन् १९५० मा यो सिद्वान्त प्रतिपादन गरेका हुन् । यस सिद्वान्तलाई दुइ तत्वको सिद्धान्त (Two Factors Theory, Dual Factors Theory) पनि भनिन्छ ।

यस सिद्वान्तमा मानिसहरु के चाहन्छन् र केले उनीहरुलाई अभिप्रेरित गर्छ ? सो पत्ता लगाउने उद्देश्य राखिएको छ । यसकारण शिक्षणमा संलग्न शिक्षकले पनि आफ्नो शिक्षणलाई प्रभावकारी बनाउन के कस्ता तत्वले प्रभाव पार्दछ, ती तत्वहरुलाई कसरी पहिचान गर्दा उद्देश्य प्राप्ती हुन्छ भन्ने कुरामा ध्यान दिनु आवश्यक छ । सोतव्यक्तिले शिक्षकलाई शिक्षणमा अभिप्रेरित गर्नका लागि उत्प्रेरक तत्वहरुको पहिचान गर्नु पर्छ । हर्जवर्ग ले निम्न २ तत्वहरुलाई उल्लेख गरेकाछन् ।

आरोग्य तत्वले व्यक्तिलाई कार्य गर्नका लागि अभिप्रेरित गर्छ । स्रोतव्यक्तिले शिक्षकलाई सकारात्मक कार्य तर्फ उत्प्रेरित गर्न  यस तत्वको परिपालना गर्नु पर्छ । जस्तैः संगठनको संरचना, कार्यबोझ, नियम, कानुन, सेवा सुविधा आदिको बारेमा बिशेष ध्यान दिन सकेमा  शिक्षकलाई काम प्रति आकर्षण गर्न सकिन्छ ।

उत्प्रेरक तत्वले कुनै पनि व्यक्तिलाई आफ्नो काम प्रति आकर्षण गर्दछ । काम गर्न जागरुक बनाउने, काम प्रति आकर्षण बढ्ने, पेसाप्रति सन्तुष्ट हुने उत्प्रेरणा जाग्ने आदि काममा यस तत्वको प्रभाव पर्दछ । यसर्थ स्रोतव्यक्तिले आफ्नो काम प्रति उत्सहित भई शिक्षकलाई  शिक्षण गर्न आकर्षण र प्रेरित गर्ने खालका विभिन्न सेवा, सुविधा तथा प्रंशसा, पुरस्कारको व्यवस्था गरी हौसला प्रदान गर्नु पर्दछ । हर्जवर्ग का अनुसार उत्प्रेरक तत्वहरु प्रसंशा, पुरस्कार दण्ड, हौसला, मानसम्मान, माया, प्रेम आदिको आध्यमबाट काम प्रतिको आकर्षण बढाउन सकिन्छ भन्नेबारे आफ्नो सिद्वान्तमा वर्णन गरेका छन् । यसर्थ हाम्रो यो अध्ययन कार्य पनि शिक्षाको गुणस्तर सुधार गर्न स्रोतव्यक्तिले उनीहरुलाई शिक्षण कार्य प्रति आकर्षित गर्नु आवश्यक देखिएको हुदा हर्जवर्ग (१९५०) को आरोग्य तथा उत्प्रेरक तत्वहरुको ख्याल गरी गुणात्मक शिक्षा प्रदान गर्न सक्ने भएकोले सामान्यीकरण गर्न आवश्यक देखि प्रयोग गरिनेछ । शिक्षक तथा  विद्यार्थीलाई  शिक्षण सिकाई  कार्यमा  स्रोतव्यक्तिले हौसला प्रदान गरी अध्ययन अध्यापन प्रति आकर्षण बढाउन सही कामको सही मुल्यांकन गरिएको हुँदा यो सिद्वान्त यस अध्ययनसँग मिल्न गएकोले  प्रयोगमा ल्याइएको थियो ।

## २.३ शैक्षिक उपादेयता

कुनै विषय वस्तुमा आईपरेका समस्याहरुको खोज अनुसन्धान गरी समाधानको वाटो पहिल्याई प्रयोगमा ल्याईने कार्य नै अनुसन्धान हो । यसर्थ यस अध्ययनले गुणस्तरीय शिक्षण सिकाइमा स्रोतव्यक्तिको के भूमिका रहन्छ ? स्रोतव्यक्तिको कार्यशैलीबाट के कस्तो प्रभाव परेको छ ? भनि अध्ययन गरिएको थियो ।

भट्टराई, २०६४ को अप्रकाशित शोध ग्रन्थको अध्ययनले शिक्षाको गुणस्तर र तालिमको विच अन्तर सम्बन्ध सम्बन्धि अनुसन्धानको काममा मद्धत पुग्यो । गुणस्तरीय शिक्षण सिकाई र शिक्षक तालिमको विच सम्बन्ध विश्लेषण गर्न यो अध्ययनबाट सहयोग पुग्यो ।

BPEP, 2005 को साहित्यको अध्ययनलले गुणस्तरीय शिक्षण सिकाई र सुपरीवेक्षण विचको सम्बन्ध विश्लेषण गर्न निकै उपयोगी रह्यो ।

जोशी, २०६३ को अध्ययनले सामुदायिक र संस्थागत विद्यालय विच शैक्षिक गुणस्तर सम्बन्धमा फरक पर्नुको कारण विश्लेषण गर्न मद्धत पुग्यो । यो अध्ययनबाट सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धिमा स्रोत व्यक्तिले खेल्नुपर्ने भूमिका विश्लेषण गर्न मद्धत पुग्यो ।

एलन, २००१ को अध्ययनले कक्षा कोठा व्यवस्थापनको बारेमा बुझ्न र विश्लेषण गर्न मद्धत पुग्यो । यसबाट गुणस्तरीय शिक्षा विकासमा कक्षा कोठा व्यवस्थापनले पार्ने प्रभाव विश्लेषण गर्न मद्धत पुर्‍यायो ।

कुँवर, २०६३ को अध्ययनबाट शिक्षक विद्यार्थीको उपस्थितिले गुणस्तरीय शिक्षण सिकाइमा पारेको र पार्न सक्ने प्रभाव विश्लेषण गर्न निकै उपयोगी रह्यो ।

भट्ट, २०६३ को अध्ययनले तालिम प्राप्त शिक्षकले मनोरञ्जनात्मक तरिकाबाट पठन पाठन गराउँदा गुणस्तरीय शिक्षण सिकाई हुने कुरा विश्लेषण गर्न मद्धत पुग्यो ।

बराल, २०६३ को अध्ययनले सुपरीवेक्षण प्रणालीले शैक्षिक गुणस्तर वृद्धि गर्न महत्वपूर्ण भूमिका विश्लेषण गर्न मद्धत पुग्यो ।

अग्रवाल, १९९९ ले शिक्षण त्रिपक्षिय प्रक्रिया हो र यो कला, विज्ञान र सञ्चार हो भन्ने कुरा बुझ्न र विश्लेषण गर्न प्रभावकारी रह्यो ।

अर्याल, २०६४ को अध्ययनले शिक्षाको गुणस्तर वृद्धिमा प्रधानाध्यापकको सुपरीवेक्षणीय भूमिका बुझ्न र विश्लेषण गर्न निकै उपयोगी रह्यो ।

लामा, २०६३ को अध्ययनले सुपरीक्षकले अनुसन्धानात्मक कार्य गर्नुपर्ने कुरा बुझ्न र विश्लेषण गर्नमा ठूलो सहयोग पुऱ्यायो ।

यस अध्ययनबाट गुणस्तरीय शिक्षण सिकाइमा स्रोतव्यक्तिको सुपरिवेक्षणीय भूमिकाले महत्वपूर्ण प्रभाव परेको पाइयो । प्रभावकारी कक्षा शिक्षण गर्न, भौतिक व्यवस्थापनका साथसाथै आर्थिक, प्रशासनिक, मानवीय संसाधनको उचित प्रवन्ध गर्न लगाउने, शिक्षकलाई शिक्षण सिप प्रदान गर्न विभिन्न किसिमका पूनर्ताजगी तालिम दिन, बैठक गोष्ठी सञ्चालन  गरिएको पाइयो । यसर्थ यो अनुसन्धान प्रतिवेदन निम्न संघसंस्था तथा व्यक्तिका निम्ति ज्यादै उपयोगी हुने देखिन्छ ।

शिक्षा मन्त्रालय तथा शिक्षा विभागलाई  स्रोतव्यक्ति नियुक्ति गर्न, काम, कतर्व्य, अधिकार  तोक्न, सेवा, सुविधाको व्यवस्था गरी आवश्यक नितिनियम निर्धारण गर्न सहयोग गर्छ । जिल्ला शिक्षा अधिकारीलाई स्रोतव्यक्तिको निरीक्षण सुपरिवेक्षण कार्य प्रक्रियाको जानकारी लिई स्रोतव्यक्तिलाई पृष्ठपोषण गर्न उपयोगी हुन्छ । स्रोतव्यक्तिलाई नीतिगत  तथा अभ्यास तहमा भएका कमिकमजोरी सुधार गरी गुणस्तरीय शिक्षामा सहयोग  गर्न सुझावको  रुपमा  रहन्छ । विद्यालयमा प्रधानाध्यापकको रुपमा रहेका शिक्षकलाई विद्यालयको पठनपाठन तथा प्रशासन र व्यवस्थापन, संचालन गर्नमा आवश्यक सहयोग पुग्ने आशा गरिन्छ । कक्षाशिक्षणमा संलग्न शिक्षक विद्यार्थीलाई प्रभावकारी शिक्षण गर्नमा आवश्यक      सुझावको रुपमा यो अध्ययनले सहयोग गर्छ । विद्यालयको व्यवस्थापकीय जिम्मेवारी

बोकेका विद्यालय व्यवस्थापनका पदाधिकारीलाई स्रोतव्यक्तिको भूमिका तथा विद्यालयको गुणस्तर सुधारमा सरोकारवालाहरुलाई मार्गदर्शनको रुपमा यो अध्ययन उपयोगी हुनेछ ।

# परिच्छेद : तीन

# अध्ययन विधि

अनुसन्धानको प्रकार अनुसार तथ्यांक संकलन विधि तथा साधनहरु फरक-फरक हुन्छन् । गुणात्मक तथा परिमाणात्मक के-कस्तो अनुसन्धान गर्ने हो, सो अनुसार विधिको प्रयोग गर्नुपर्छ । त्यसैगरी तंथ्याक कस्तो स्रोतबाट संकलन गर्ने हो ? त्यसले पनि अध्ययन विधि छनौटमा प्रभाव पार्दछ । यसप्रकार यस अध्ययन अनुसन्धानका निम्ति निम्न विधि प्रविधि तथा औजारहरुको प्रयोग गरिएको थियो र तथ्यांकलाई संकलन गरिएको थियो ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

अनुसन्धानका लागि निश्चित योजना तथा रणनितिको आवश्यकता पर्छ । योजना विना गरिने अनुसन्धान लक्ष्य सम्म पुग्न सक्दैन । यो अध्ययन कार्य पूरा गर्न गुणात्मक अनुसन्धान विधिको प्रयोग गरिएको थियो । कुनै अवस्था, प्रक्रिया तथा घटनाको व्याख्या विश्लेषण शाब्दीक रुपमा गरिन्छ भने त्यो गुणात्मक अध्ययन हुन्छ, (खनाल, २०६१) ।

गुणात्मक अनुसन्धान ढाँचा विषयवस्तुलाई गहिरिएर अध्ययन गरिने र सम्वन्धीत व्यक्ति, अवस्था तथा घटनासँग प्रत्यक्ष सम्पर्क हुने र प्राप्त सूचनाले यथार्थ नतिजा ल्याउने भएकोले यो अध्ययनमा गुणात्मक ढाँचा प्रयोग गरीएको छ ।

## ३.२ नमूना छनौटका आधारहरु

यस अध्ययनको उद्देश्य पूरा गर्न आवश्यक तथ्यांकहरु संकलनका लागि अध्ययनको क्षेत्रमा रहेका सबै स्रोतकेन्द्रहरु, समय, स्रोतसाधनको अभावका कारण अध्ययनमा समावेश गर्न नसकिने भएकाले यो अध्ययनमा समान्य सम्भावनायुक्त तथा नमूना छनौट विधि र उद्देश्यपूर्ण नमूना छनौट विधि लाई आधार मानि सोका आधारमा स्रोतव्यक्ति, विद्यालय, शिक्षक, विद्यार्थी, प्रधानाध्यापक, छनौट गरिएको

थियो । यस्तो नमूना छनोट गर्दा के का आधारमा, कति, संख्या छनौट गर्ने भन्ने जस्ता प्रश्नमा केन्द्रित रहेर जनसंख्याको छनौट गरिएको  थियो ।

**क)   अध्ययनको जनसंख्या**

मनाङ जिल्लाका विभिन्न क्षेत्रलाई समेटिने गरी निम्न अनुसारको जनसंख्या छनौट गएिको छ । जिल्ला शिक्षा अधिकारी र विद्यालयहरुलाई उद्देश्यात्मक नमूना छनौट विधिको प्रयोग गरि एक जना जिल्ला शिक्षा अधिकारी र ६ ओटा विद्यालयहरु छनौट गरिएको छ । त्यसैगरी सामान्य सम्भावनायुक्त नमूना छनौट विधिको प्रयोग गरि २ वटा स्रोतकेन्द्र र २ जना स्रोतव्यक्ति छनौट गरिएको छ । नमूना छनौट विधि सामान्य सम्भावना युक्त नमूना छनौट विधि को  प्रयोग गरि ६ जना प्रधानाध्यापक, ६ जना शिक्षक, १० जना विद्यार्थी, १० जना बुद्धिजिवी अभिभावक छनौट गरिएको छ । यसरी यस अध्ययनमा जम्मा ३५ जनालाई छनौट गरिएको छ ।

**अ)   नमूना छनौट प्रक्रिया**

अध्ययनमा मनाङ जिल्लालाई उद्देश्यात्मक नमूना छनौट विधिको आधारमा छनौट गरिएको छ । मनाङ जिल्ला छनौट गर्नुको मूख्य उद्देश्य अध्ययनकर्ताको समय सिमा, आवश्यक स्रोतसाधनको अभाव र दुर्गम जिल्ला र अध्ययनकर्ताको कार्य क्षेत्र भएको कारणले पनि हो ।

स्रोतकेन्द्र छनौट गर्दा जिल्ला भरिका ३ स्रोत केन्द्र मध्ये उद्देश्यात्मक छनौट विधिको प्रयोग गरी २ वटा स्रोतकेन्द्र छनौट गरिएको छ । माथि छनौट गरिएका स्रोत केन्द्रका स्रोत व्यक्तिलाई पनि उद्देश्यात्मक छनौट विधिबाट २ वटा स्रोतव्यक्ति छनौट गरिएको छ ।

मनाङ जिल्लाका छनौट गरिने ३ वटै स्रोतकेन्द्रबाट २ जना स्रोत व्यक्ति, उद्देश्यात्मक छनौट विधिको प्रयोग गरी ६ वटा विद्यालयका शिक्षक, प्रधानाध्यापक, विद्यार्थी, अभिभावक छनौट गरिएको छ ।

## ३.३   साधन निर्माण

यस अध्ययनका निम्ति निम्नानुसार साधनको निर्माण तथा प्रयोग गरी तथ्यांक संकलन गरिएको थियो ।

### क) समूह छलफल

अध्ययनमा संलग्न बुद्धिजिवी अभिभावकलाई भेला गराई समूह छलफल गराइएको थियो । उक्त छलफल स्रोतव्यक्तिको कार्यशैली र भूमिकाका बारेमा सिमित थियो । छलफलमा बुद्धिजीवी अभिभावकका लागि बनाइएको खुल्ला प्रश्नावलीको प्रयोग गरिएको थियो । जुन अनुसूची (७-१०) मा उल्लेख गरिएको छ ।

### ख) अन्तर्वार्ताका लागि प्रश्नावली

स्रोतव्यक्तिको कार्यशैली अध्ययन गरी तथ्यांक संकलन गर्न स्रोतव्यक्ति, प्रधानाध्यापक, जिल्ला शिक्षा अधिकारी, शिक्षक तथा विद्यार्थीका लागि खुल्ला प्रश्नावली निर्माण गरिएको थियो । यी प्रश्नावली खुल्ला प्रकृतिका थिए । यी प्रश्नावलीको बैधताको परिक्षण पछि मात्र प्रयोग गरिएको थियो । यी प्रश्नावली अनुसूची (१-६) मा उल्लेख छ ।

## ३.४ साधनको बैधता तथा विश्वसनीयताको परीक्षण

यो अध्ययनमा बैघता र विश्वसनियता कायम गर्न सरोकारवाला समूहसँग भएका छलफल, अन्तर्वार्ताबाट प्राप्त भएका सूचनाहरुलाई त्रिकोणात्मक सम्वन्ध स्थापना गरेर तिनीहरुको शुद्वता र विश्वसनियता खोज्ने प्रयास गरिएको थियो । एक पक्षबाट प्राप्त भएको सूचनालाई अर्को पक्षबाट पनि त्यहि सूचना आउँछ, आउँदैन ? भनेर पनि हेरियो । अर्थात अन्तर्वार्ताबाट प्राप्त सूचनाको सहायता लिई पहिचान गर्न अवलोकन गरियो । अवलोकनबाट प्राप्त सूचनालाई अन्तर्वार्ता र छलफलसँग मेल खान्छ, खाँदैन भनेर हेरियो । त्यसैले सूचनाहरु बढी बैध र विश्वसनिय हुन पुगेका छन् ।

## ३.५ तथ्यांक व्यख्या तथा विष्लेषण प्रकिया

यस अध्ययनका निम्ति तथ्यांक संकलन गर्न तपसिल बमोजिम तथ्यांक संकलन विधिको प्रयोग गरिएको थियो ।

यस अध्ययनका लागि छनौट भएको जनसंख्यामा बैधता परिक्षण गरिएका साधनको प्रयोग गरी उल्लेखित विधिबाट प्राथमिक तथ्यांक संकलन गरिएको थियो । तथ्यांक संकलनका लागि भेटघाट, छलफल, प्रश्नावली तथा त्रिकोणात्मक विधिबाट निरीक्षण सुपरिवेक्षणका साथै विद्यालय र स्रोतकेन्द्रमा भएका अभिलेख, फाईल, तथ्यांक फारमहरु, हाजिरी पुस्तिका , समयतालिका, रिजल्टसीट, जिल्लाको शैक्षिक स्थिति आदिको प्रयोग गरी प्राथमिक तथा सहायक तथ्यांक संकलन विधिको प्रयोग गरिएको थियो ।

# परिच्छेद : चार
# व्याख्या र विश्लेषण

विद्यालय तहको प्रभावकारी पठनपाठन र गुणस्तरीय शिक्षामा स्रोतव्यक्तिको महत्वपूर्ण स्थान हुन्छ । प्रभावकारी र गुणस्तरीय पठनपाठनमा योग्य र दक्ष शिक्षक उचित व्यवस्थापन, जागरुक र चेतनशील अभिभावक, विद्यालयको भौतिक वातावरणको साथसाथै उचित निरीक्षण र सुपरीवेक्षण पनि हुनु पर्दछ । विद्यालयमा गुणस्तरीय पठनपाठन आवश्यक पूर्वाधार, सरोकारवालहरुको जिम्मेवारी वहन आदि कुराहरुको निरीक्षण र सुपरीवेक्षण गरी उचित परामर्श र निर्देशन दिने काम स्रोत व्यक्तिको हो । स्रोतव्यक्तिले स्रोतकेन्द्र समूह विद्यालयहरुमा गुणस्तरीय शिक्षाको लागि शिक्षक सहयोग सम्बन्धी काम ( तालिम, गोष्ठी, सेमिनार, छलफल, नमुना कक्षा प्रदर्शनी, सहक्रियाकलाप आदि) हरु गरी गुणस्तरीय शिक्षामा सहयोग पुऱ्याउँछ । यसै कारणले स्रोतव्यक्तिलाई गुणस्तरीय शिक्षा विकासमा अपनाउन सकिने थप उपायहरुको सुझाव दिन उद्देश्यले मनाङ जिल्लाको ३ ओटा स्रोतकेन्द्र मध्येबाट २ जना स्रोत व्यक्ति स्रोतकेन्द्र अर्न्तगतका ६ ओटा विद्यालयका ६ जना प्रधानाध्यापक, ६ जना शिक्षक १२ जन वुध्दिजीवि, अभिभावक र १२ जना विद्यार्थीहरुसँग खुला प्रश्नावलीको आधारमा तथ्याङ्क संकलन गरी विभिन्न शिर्षक अर्न्तगत प्राप्त नतिजालाई व्याख्या विश्लेषण गरी शोधपत्रलाई पूर्ण बनाउने प्रयत्न गरिएको छ ।

## ४.१ गुणस्तरीय शिक्षा विकासमा स्रोत व्यक्तिको योगदान

### ४.१.१ स्रोत व्यक्तिको भूमिका

यो अध्ययन “गुणस्तरीय शिक्षाविकासमा स्रोतव्यक्तिको भूमिका” शीर्षकमा रहेको हुँदा स्रोतव्यक्तिको शैक्षिक कार्यशैलीले शिक्षकहरुको कक्षा शिक्षणमा कस्तो प्रभाव पारेको छ, सिकाई उपलब्धीमा कस्तो परिवर्तन देखिएको छ भनी अध्ययन गरिएको थियो ।

अध्ययनबाट स्रोतव्यक्तिले विद्यालय सुपरिवेक्षणको क्रममा शैक्षिक सुपरिवेक्षणलाई वढी महत्व दिइएको पाइयो । विद्यालयमा नियमित रुपमा शिक्ष ार्थी उपस्थित भए नभएको, शिक्षक समयमा कक्षा

भित्र प्रवेश गरी शिक्षण गरे नगरेको, प्रधानाध्यापक, व्यवस्थापन समिति तथा आम अभिभावकहरुले विद्यालयको शिक्षण क्रियाकलापका बारेमा जानकारी लिनेदिने गरे नगरेको आदि विषयमा स्रोतव्यक्तिद्वारा सुपरिवेक्षण गरिएको हुदा सिकाई उपलब्धिमा सुधार आएको पाइयो ।

कक्षाकोठा शिक्षणको अवस्था अध्ययन गर्न कक्षा अवलोकन गरी शिक्षक विद्यार्थीलाई आवश्यक पृष्टपोषण गरिएको पाइयो । शिक्षण विधि तथा शैक्षिक सामग्रीका बारेमा शिक्षकलाई आवश्यक निर्देशन दिनुका साथै विषयगत रुपमा कुन विषयमा विद्यालयको सिकाई स्तर कमजोर रहेको छ उक्त विषयमा विषय शिक्षक तथा प्रधानाध्यापक संग परामर्श गरी न्यून सिकाई उपलब्धी भएका कठिन विषयका शिक्षकलाई कोचिङ्गको व्यवस्था गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइयो । यसबाट के बुझिन्छ भने शिक्षण सिकाई उपलब्धीमा स्रोतव्यक्तिको व्यवहारबाट सकारात्मक प्रभाव परेको, गुणस्तर दिन प्रतिदिन राम्रो भएको देखिन्छ ।

स्रोतव्यक्तिले शिक्षकलाई कक्षा शिक्षण अवलोकन शुक्ष्म शिक्षण, अभ्यास तथा नमूना कक्षा प्रदशर्न गरी शिक्षण सिकाई उपलब्धी बढाउन शिक्षकको शिक्षण कलामा दक्षता प्रदान गरेको पाइन्छ । विद्यालयको पठनपाठन नियमित रुपमा संचालन गरी विद्यालय व्यवस्थान समिति प्रधानाध्यापकलाई समेत गुणस्तर सुधार गर्न पटक–पटक बैठक, गोष्ठी, सेमिनारको आयोजना गरी विद्यालयको स्तर वृद्धि गर्न सहयोग पुऱ्याएको पाइयो ।

त्यसैगरी विद्यालयको भौतिक संरचना निर्माण तथा मर्मत गर्न जिल्ला शिक्षा कार्यालय, गाउँ विकास समिति तथा विभिन्न संघसंस्थाबाट सहयोग जुटाई गुणात्मक शिक्षा प्रदान गर्न, कक्षा छाड्ने, अनुतिर्ण हुने, भर्ना नहुने जस्ता विकृती हटाई सिकाई उपलब्धीमा सुधार ल्याउने प्रयास गरेको पाइयो ।

शिक्षक विद्यार्थी नियमित भई विद्यालयको नियम तथा विनियमको परिधि भित्र रही सिकाई गर्ने गरिएको पाइयो । विद्यालयको प्रभावकारी योजना विद्यालय सुधार योजना बनाउन कार्यान्वयन गर्नु गराउनुका साथै विद्यालयको सुनौलो भविष्यको परिकल्पना अनुसार सरोकारवालाहरुलाई आ–आफ्नो भूमिका प्रति सचेत रही विद्यालय प्रति सकारात्मक चिन्तनको विकास गराइएको पाइयो ।

स्रोतव्यक्तिको कार्यशैलीबाट सिकाई उपलब्धी उच्च राख्ने सूचकहरुको विकास भएको कुरा पाइन्छ । जस्तैः– शिक्षक विद्यार्थी नियमित उपस्थित हुनु, शिक्षक विद्यार्थीबाट विद्यालयको निति नियमको परिपालना गरिनु, प्रधानाध्यापकले विद्यालयको विनियम बनाई शिक्षक विद्यार्थीलाई आचार संहिता भित्र रहने बानीको विकास गरिनु, विद्यालयको भौतिक सुविधा विस्तार गरिनु, शिक्षक विद्यार्थीमा प्रतिस्पर्धाको भावना विकास गरिनु, प्रभावकारी कक्षा शिक्षण गर्ने कलाको विकास गरिनु, विद्यालयको प्रभावकारी योजना तथा व्यवस्थापन हुनु, सिकाई उपलब्धी तथा विद्यालयको स्तर वृद्वि हुनु, विद्यालयको जिल्ला शिक्षा कार्यालयसंगको सम्पर्क नजिक हुनु, विद्यालयले पाउने सेवा सुविधाहरु उपलब्ध हुनु । सरोकारवालाहरु आ-आफ्नो जिम्मेवारी प्रति सजक रहनु, शिक्षकको माग अनुसार तालिम संचालन हुनु, विद्यार्थीको रुची र आवश्यकता अनुसार शिक्षण गरिनु, शिक्षकहरुलाई निशुल्क तालिमको व्यवस्था गरिनु, विद्यालयमा आर्थिक पारदर्शिता कायम भै आर्थिक उन्नती देखिनु, शिक्षक, विद्यार्थी तथा अभिभावक वीचको सम्वन्ध सुधार हुनु, विद्यालयमा हुने द्वन्द्व समाधान भै सौहार्दपूर्ण वातावरणको सृजना गरिनु, दलित, छात्रा, जनजाति तथा अपाङ्ग विद्यार्थीले छात्रवृत्ति प्राप्त गर्नु इत्यादि पाइयो ।

यस अध्ययनका क्रममा स्रोतव्यक्तिले नियमित्त विद्यालयको सुपरिवेक्षण गर्दा शिक्षक विद्यार्थी, नियमित हुने, समयमै कक्षा प्रवेश गर्ने, विद्यार्थीको इच्छा अनुसार शिक्षण हुने जस्ता कुराहरु स्रोतव्यक्तिको शैक्षिक कार्यशैलीले प्रभाव पारेको पाइयो ।

गुणस्तरीय शिक्षा विकासमा स्रोतव्यक्तिको भूमिका अध्ययन शीर्षक अर्न्तगत प्रश्नावली, अर्न्तवार्ता, जि.शि.का., स्रोतकेन्द्र, विद्यालयबाट प्राप्त अभिलेख अनुसार प्राप्त भएका तथ्याङ्कहरुलाई निम्न उपशीर्षकबाट व्याख्या र विश्लेषण गरिएको छ । स्रोतकेन्द्र तहमा स्रोत व्यक्तिले जिल्ला शिक्षा कार्यालयसंग गरेको करार सम्झौता (अनुसूची ११) अनुसारका कामहरु शिक्षक सहयोग सम्बन्धि काम, शैक्षिक सेवा सुविधा एवम् सूचनाहरु प्रवाह गर्ने, शैक्षिक कार्यक्रमको कार्यान्वयन गर्ने गराउने, शैक्षिक नीति निर्देशन पालना गर्ने गराउने, विभिन्न कार्यक्रम र बैठक गर्ने, तथ्याङ्क अध्यावधिक राख्ने, कक्षा अवलोकन, निरीक्षण, सुपरीवेक्षण तालिम आदिको बारेमा प्राप्त प्राप्त तथ्याङ्कलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

ग्रामिण विकासका लागि शिक्षा परियोजना (सेती परियोजना) ले २०३८ सालमा विद्यालयहरुलाई क्लस्टरहरुमा विभाजन गरी स्रोतकेन्द्र स्थापना गरेर प्रत्येक स्रोतकेन्द्रमा एउटा माध्यमिक शिक्षकको थप तलब निकासाको व्यवस्था गरीएको थियो । स्रोतकेन्द्र विद्यालयमा शिक्षकहरु पालैपालो गरी समूह विद्यालय निरीक्षण गराउने व्यवस्था थियो । यसर्थ स्रोतकेन्द्रलाई विद्यालयहरुमा शैक्षिक सेवा पुऱ्याउने नजिकको शैक्षिक निकायको रुपमा विकास गरेको पाइन्छ ।

सेती परीयोजानाले कम्तीमा ७ वटा विद्यालय रहने गरी एउटा स्रोतकेन्द्र स्थापना गरेको पाइन्छ । उक्त स्रोतकेन्द्र विद्यालयको आफ्नो समूह विद्यालयको पठनपाठन भौतिक, आर्थिक, शैक्षिक अवस्थाको बारेमा जानकारी लिन आवश्यक सहयोग गर्नका लागि स्रोतव्यक्तिले प्रधानाध्यापक बैठक, विषयगत बैठक तथा अभिभावक भेला बोलाउने गरेको पाइयो । यसका साथै शैक्षिक गुणस्तर उकास्न स्रोतकेन्द्रको भूमिका यस प्रकार रहेको पाइन्छ । जस्तैः– प्राथमिक शिक्षकलाई तालिम दिने, प्रधानाध्यापक तथा विषयगत बैठक बोलाउने, शैक्षिक सामग्री विकास र वितरण, विद्यालयको भौतिक अवस्था सुद्रढ पार्न बैठकमा निर्णय गर्ने, स्रोतकेन्द्रस्तरीय नियम तथा विनियम परिपालना गर्ने गराउने, स्रोतकेन्द्रस्तरीय परीक्षा संचालन गर्ने, स्रोतकेन्द्रस्तरीय अतिरिक्त क्रियाकलाप संचालन गर्ने, विद्यालयको वाषिकोत्सव मनाउन निर्देशन दिने, विभिन्न प्रकारका तालिम संचालन गर्न, स्रोतव्यक्ति नभएको अवस्थामा निरीक्षण सुपरिवेक्षणको काम गर्ने, गाउँ शिक्षा योजना बनाउने र बनाउन लगाउने, अनौपचारिक शिक्षाका कक्षा संचालन गर्ने, अनौपचारिक शिक्षाका कक्षा अनुगमन गर्ने, शिक्षण सिकाईका सामग्री वितरण, आवश्यक शैक्षिक सूचनाहरु प्रसारण गर्ने, नमूना विद्यालय छनौट गर्ने, पाठयक्रम निर्माण, विकास, परिमार्जन तथा सुझाव संकलन गर्ने गराउने जिल्ला शिक्षा कार्यालय र विद्यालय वीचको पूलको काम गर्ने, शिक्षकको पेशागत विकास समवन्धि काम गर्ने, तथ्यांक संकलन, अध्याावधिक तथा सम्प्रेषण गर्ने, समूह विद्यालयको अन्य शैक्षिक समस्याहरु हल गर्ने गरेको पाइयो ।

यसरी स्रोतकेन्द्र विद्यालय भनेको समूह विद्यालयको सम्पूर्ण शैक्षिक क्रियाकलाप संचालन अनुगमन, मूल्यांकन तथा कार्यान्वयन गर्ने गराउने र आईपरेका समस्याहरु हल गर्ने महत्वपूर्ण स्थानीय शैक्षिक निकायको रुपमा रहेको पाइयो

## ४.१.२ स्रोतकेन्द्र व्यवस्थापन तथा संचालन

### क) कार्यालयको स्थापना तथा संचालन

कार्यलयको स्थापना तथ संचालन स्रोतव्यक्तिले तोकिएको विद्यालयहरुको निरीक्षण, सुपरीवेक्षण अनुगमन, अभिलेखीकरण गर्न र दैनिक कामकाज संचालन गर्न स्रोतकेन्द्र विद्यलयको एउटा कोठामा कार्यालय व्यवस्थापन गर्ने गरेको पाइयो । अगुवा स्ोतकेन्द्रको भने आफ्नै कार्यालय भवन र तालिम हल रहेको पाइयो । स्रोतव्यक्तिले स्रोतकेन्द्र व्यवस्थापन समितिको बैठक, प्र.अ. बैठक, शिक्षकहरुको विषयगत बैठक आदि सोही कार्यलय कोठामा र तालिम, अतिरिक्त क्रियाकलाप आदि स्रोतकेन्द्र विद्यालयमा नै उचित व्यवस्थापन मिलाई संचालन गर्ने गरेको पाइयो । स्रोतव्यक्तिको हाजिरी सबै अभिलेख पत्राचारको अभिलेख आदि सोही कार्यालय कोठामा नै व्यवस्थित गरी राखेको पाइयो ।

### ख) फर्निचरको व्यवस्था

फर्निचरको व्यवस्था स्रोतकेन्द्र कार्यालयको लागि आवशयक फर्निचर स्रोतकेन्द्र विद्यालयबाट नै प्राप्त भएको र अगुवा स्रोतकेन्द्रले स्रोतकेन्द्र व्यवस्थापन खर्चबाट केही फर्निचर, ह्वाइट बोर्ड आदि खरीद गरेको पाइयो । स्रोतकेन्दैको लागि फर्निचरको व्यवस्था गर्न छुट्टै बजेटको व्यवस्था भएको पाइएन । अगुवा स्रोतकेन्द्र बाहेक अन्य स्ोतकेन्द्रको लागि कार्यलय भवनको व्यवस्था समेत सरकारले गरेको पाइएन ।

### ग) कार्यालयको आर्थिक व्यवस्थापन

जिल्ला शिक्षा कार्यालयबाट स्रोतकेन्द्र व्यवस्थापनको लागि सीमित बजेट प्राप्त हुने र सोबाट मसलन्द, बैठक खर्च, जलपान खर्च, विविध कार्यक्रममा खर्च, अतिरिक्त क्रियाकलाप संचालन, पुरस्कार आदिमा खर्च गर्ने गरेको र केही स्रोतकेन्द्रले शिक्षकहरुलाई समेत पुरस्कृत गर्ने गरेको पाईयो । गत आ.व. २०६६/०६७ मा जि.शि.का. बाट स्रोत केन्द्र अनुदान रु. ५०,०००।- र अगुवा स्रोत केन्द्रलाई व्यवस्थापन खर्च वापत रु. ८०,०००।- निकाश प्राप्त भएको कुरा स्रोत व्यक्तिहरुबाट जानकारी पाइयो ।

### ४.१.३ विद्यालय निरीक्षण तथा सुपरिवेक्षण

स्रोतकेन्द्र तथा स्रोतव्यक्तिको आवधारण सेती परियोजना संगै नेपालमा सिर्जित भएको भएतापनि यसको संचालन र व्यवस्थापन पक्षमा प्राथमिक शिक्षा परियोजन, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना प्रथम र दोस्रो चरण तथा सबैको लागि शिक्षा कार्यक्रम अर्न्तगत समेत विविध हेरफेर हुदै आएको पाइए तापनि स्रोतकेन्द्र भित्रका विद्यालयहरुको सुपरीवेक्षण तथा निरीक्षण गर्ने प्रमुख कार्य नै रहेको पाइन्छ ।

क्षेत्रफलको हिसावले देशको २१ औं ठूलो जिल्ला र जनसंख्या एवं विद्यालयको हिसाबले देशको सबैभन्दा कम जनसंख्या र विद्यालय भएको मनाङ जिल्ला नपालको "क" श्रेणीको दुर्गम हिमाली जिल्ला हो । मनाङ जिल्लामा मा.वि. ४ (२ मा.वि., २ उ.मा.वि.) नि.मा.वि. ८ र प्रा.वि. १५ गरी २७ विद्यालयहरु छन् । २७ विद्यालयहरुको सुपरीवेक्षण र निरीक्षण गर्न ३ जना स्रोतव्यक्ति कार्यरत रहेको पाईयो ।

जिल्लाका तीन वटा स्रोतकेन्द्रका तीन वटा स्रोतव्यक्तिहरु विद्यालय सुपरिवेक्षण कार्यमा खटाई विद्यालयको वास्तविक स्थितीको वारेमा जानकारी लिने दिने गरेको पाइयो । अध्ययनका क्रममा स्रोतव्यक्तिले प्रत्येक महिना विद्यालयको सुपरिवेक्षण गर्नुपर्ने हुँदा प्रत्येक स्रोतव्यक्तिले मासिक रुपमा औशत ६ वटा विद्यालयको सुपरिवेक्षण गरिएको पाइयो । जिल्लाका सूचनाहरु प्रवाह गर्न स्रोतकेन्द्रमा प्रधानाध्यापक बैठक बोलाई जानकारी आदान प्रदान गरेको पाइयो । उक्त बैठकमा प्रत्येक विद्यालयको सुपरिवेक्षण तथा निरीक्षणको क्रममा विद्यालय भवन, खानेपानी, शौचालय, फर्निचर, खेलमैदान आदि वस्तुस्थितिको जानकारी लिनुका साथै कक्षाकोठा शिक्षणको अवस्था पहिचान गरी सुधारका लागि सुझाव दिने गरिएको पाइयो । विद्यालयमा नै प्रत्यक्ष भेटघाट गरी सरोकारवालाहरुसँग विद्यालयको वर्तमान अवस्थाका बारेमा जानकारी लिई आवश्यक प्रतिवेदन सिफारिस साथ जिल्ला शिक्षा अधिकारी समक्ष पुऱ्याउने व्यक्तिको रुपमा स्रोतव्यक्ति रहेको कुरा समेत यस अध्ययनबाट जानकारी भयो ।

प्रत्येक शिक्षकको कक्षा शिक्षणमा शिक्षण विधि, शैक्षिक सामग्री, विषयवस्तुको प्रस्तुतिकरण, मूल्यांकन, छलफल जस्ता कुराहरुमा केन्द्रित रहि कक्षा अवलोकन गरी, देखिएका कमि कमजोरीलाई सुधार गर्न लगाई प्रभावकारी शिक्षण गर्न सुझाव पेश गरिएको पाइयो । तालिम अप्राप्त शिक्षकको शिक्षण

प्रभावकारी बनाउन स्रोतव्यक्तिले स्वयम नमुना कक्षा प्रदर्शन गरी शुक्ष्म शिक्षण गर्न लगाई उपयुक्त शैक्षिक सामग्री, पाठ सुहाउँदो शिक्षण विधिको प्रयोग गरी विद्यार्थीको इच्छा आवश्यकता अनुकुल बाल मनोविज्ञान बुझि शिक्षण गर्ने वातावरणको सिर्जना गरेको पाइयो ।

विद्यालयको सामाजिक वातावरणका कारण विद्यालयका हरेक कार्यक्रमहरु अवरुद्व भएको पाइयो । विद्यालयमा राजनितिकरण गर्ने, मेरो मात्रै अधिकार छ भन्ने तथा पहुँच बाहिरका व्यक्तिले विद्यालयको कुनै पनि पदमा अवसर नपाउने अवस्था भई विद्यालयको वातावरण धमिलिन पुगेको अवस्थामा स्रोतव्यक्तिले विद्यालयमा अभिभावक भेला बोलाउन लगाई बैठक बोलाइ बैठकको नेतृत्व गरी वृहद छलफल, अन्तर्क्रिया गरी विद्यालयको वातावरण सुधार गर्न पहल गरेको पाइयो । राजनीतिक कारणले दशौं वर्षदेखि पढाईरहेका शिक्षकलाई अवकास दिने, मनोमानी ढंगबाट व्यवस्थापन समिति चयन गर्ने, अनावश्यक शिक्षक नियूक्त गर्ने, जिल्ला शिक्षा कार्यालयको निर्देशन पालना नगर्ने जस्ता नियम विपरीत गरेका निर्णयले विद्यालय वातावरण विग्रीन गएको पाइन्छ । स्रोत व्यक्ति (मनाङ्ग गाउँ स्रोत केन्द्र) अमृत बहादुर थापाका अनुसार वि.व्य.स., प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावकहरु जहिले जहाँ भेट भए पनि जिल्ला शिक्षा कार्यालय र शिक्षा संग सम्बन्धित कुराहरु सोधपुछ गर्ने र आफ्नो काम गरी दिन सम्बन्धित निकायमा सिफारिस गरी दिन अनुरोध गर्दछन् । तालिम अप्राप्त शिक्षकको शिक्षण प्रभावकारी बनाउन स्रोतव्यक्तिले स्वय्म नमूना कक्षा प्रदशर्न गरी शुक्ष्म शिक्षण गर्नका लागि उपयुक्त शैक्षिक सामाग्री, शिक्षण विधिको प्रयोग गरी बाल मनोविज्ञान बुझी विद्यार्थीको इच्छा र आवश्यकता अनुकुल गर्न गराउन सहयोग पुऱ्याइएको पाइयो ।

थोचे स्रोत केन्द्रका स्रोत व्यक्ति श्री रामजी मूर्ति पन्तका अनुसार “विद्यालयमा समस्या परेको बेलामा सामाधान गरिदिन अनुरोध गर्ने, विद्यालयको विवाद समाधान गर्न बैठकमा नेतृत्व गरी दिन, ऐन नियम विपरित कार्य भइरहेकोमा उजुरी गर्ने, जागीर मिलाइदिन, छात्रवृति उपलब्ध गराइ दिन, भवन पारिदिन, दरवन्दी मिलाइ दिन अनुरोध गर्छन् । आजभोली त मोवाईल भएको कारण खाने वेलामा समेत फोन आइराख्छ । जिल्ला शिक्षा अधिकारी लाई सोध्नुपर्ने कुरा समेत हामीलाई सोध्छन् । यसर्थ हामीलाई जिल्ला शिक्षा कार्यालयको शाखाको संयोजक भन्दा फरक पर्दैन ।”

यसर्थ यस अध्ययनबाट के कुरा बुझिन्छ भने स्रोतव्यक्ति एक सुपरिवेक्षक मात्रै नभएर शैक्षिक नेता, सामाजिक सहजकर्ता, समन्वयकर्ता, निणर्यकर्ता, अवलोकन कर्ता, परिवर्तन कर्ताका साथै अनुसन्धान कर्ता, मूल्यांकन कर्ता तथा शिक्षकको व्यवसायिक मित्रका रुपमा समेत परिचित व्यक्ति भएको पाईयो । स्रोतव्यक्तिले विद्यालय निरीक्षणका क्रममा निम्न पक्षको निरीक्षण तथा सुपरिवेक्षण गरिएको पाइयो ।

**क. विद्यालयको शैक्षिक अवस्था**

विद्यालयको पठन पाठन नियमित छ छैन ? शिक्षक विद्यार्थी शिक्षण कार्यमा सक्रिय छन, छैनन्? शिक्षकहरु विद्यालयमा उपस्थिति भएर पनि जिम्मेवारी पूर्ण तरिकाले शिक्षण गर्छन, गर्दैनन् ? तालिम प्राप्त शिक्षकले शिक्षणकार्य कतिको प्रभावकारी बनाउन सकेका छन् ? तालिम अप्राप्त शिक्षकको शिक्षण अवस्था कस्तो छ ? पाठ्यपुस्तक उपलब्ध छन छैनन् ? विद्यालयमा विषयगत शिक्षक छन छैनन् ? विद्यालयको सिकाई उपलब्धी वा वार्षिक परीक्षाको नतिजा कस्तो छ ? आदिका बारेमा स्रोतव्यक्तिले सुपरिवेक्षणका क्रममा तथ्यांकहरु संकलन गर्ने गरेको पाइयो । कक्षा अवलोकन गर्ने, नमूना पाठ प्रदर्शन, शुक्ष्म शिक्षण अभ्यास गराउने, कक्षा शिक्षण सुधार गर्न छलफल तथा सुझाव दिन स्रोतव्यक्तिहरु लागि परेको पाइयो ।

यसरी प्रभावकारी शिक्षण गराउनका निम्ति प्रत्येक शिक्षकको कक्षा शिक्षण अवलोकन गरी कक्षा व्यवस्थापन पठन पाठनको सुरुआत, विद्यार्थीसंगको व्यवहार, शिक्षण विधिको प्रयोग शैक्षिक सामग्रीको प्रयोग, शिक्षक–विद्यार्थी सक्रियता, कक्षा कार्य, मूल्यांकन तथा गृहकार्य आदि पक्षको कक्षा अवलोकन गरी आवश्यक सुझाव सल्लाहबाट पृष्ठपोषण गर्ने, निर्देशन दिने आदि कार्य स्रोतव्यक्तिबाट भएको पाइयो । साथै स्रोतकेन्द्रमा विषयगत बैठक राखी स्रोतव्यक्तिले नमुना शिक्षण प्रदर्शन गरी शिक्षकहरुलाई पालैपालो शुक्ष्म शिक्षण गराउँदै पृष्ठपोषण गर्दै शिक्षण सिकाई क्रियाकलापमा महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइयो ।

**अ. प्रशासनिक अवस्था**

विद्यालयको मुख्य प्रशासक प्रधानाध्यापक हो । प्रधानाध्यापकले विद्यालयको नितिनियमका आधारमा विनियम बनाई शिक्षक विद्यार्थी आचारसंहिता लागु गरेको पाइयो । विभिन्न किसिमका शैक्षणिक

योजनाहरु बनाईएको छ छैन ? विद्यालयको अभिलेख राम्रो संग राखिएको छ छैन ? पुस्तकालयको व्यवस्था छ छैन ? आदिको नियमित रुपमा सुपरिवेक्षण गरिएको पाइयो । शिक्षक विद्यार्थी नियमित रुपमा उपस्थिति गराउन ? विद्यालय प्रशासकको के भूमिका रहेको छ ? उत्कृष्ट शिक्षक विद्यार्थीलाई पुरस्कार तथा प्रसंशाको कस्तो व्यवस्था छ ? कर्तव्य पूरा नगर्ने शिक्षक विद्याथीलाई दण्ड सजायको कस्तो व्यवस्था छ आदि विषयमा स्रोत व्यक्तिले अनुगमन गर्ने गरिएको पाइयो । स्रोतव्यक्तिले प्रधानाध्यापक तथा शिक्षकलाई विद्यालय प्रशासन तथा कक्षाकोठा व्यवस्थापन प्रभावकारी बनाउन विद्यालयमा स्टाफ बैठक राख्न लगाई राम्रो कामको नतिजा राम्रो हुन्छ भन्ने सल्लाह दिई उत्प्रेरित गरि हर्जवर्ग को सिद्वान्त अवलम्वन गरिएको पाइयो ।

## ग. भौतिक अवस्था

विद्यालयमा आवश्यक भवन, कक्षाकोठा, फर्निचर, खानेपानी, शौचालय, खेलमैदान, घेराबार आदिको व्यवस्था छ छैन ? यस सम्वन्धमा स्रोतव्यक्तिले स्थलगत निरीक्षण गरी, कुनकुन कुराको अभाव छ, त्यसको तत्काल परिपूर्तिका लागि सरोकारवालाहरुसँग छलफल गरी सुझाव पेश गर्नुका साथै जिल्ला शिक्षा कार्यालयमा प्रतिवेदन पेश गरेको पाइयो । भौतिक अवस्था नाजुक अवस्थामा रहेको देखिएका विद्यालयलाई प्रत्येक वर्षको भौतिक सुधार कार्यक्रमबाट भवन, फर्निचर, शौचालय खानेपानी, मर्मत तथा सुधार आदिका लागि जिल्ला शिक्षा कार्यालयमा प्राथमिकताका आधारमा सिफारिस गरी कार्यक्रम उपलब्ध गराउने काममा स्रोतव्यक्तिले सहयोग गरेको पाइयो ।

## घ. आर्थिक अवस्था

स्रोत व्यक्तिले विद्यालयको आम्दानीका स्रोतहरु, विद्यालयको बजेट, आम्दानी, खर्च, जिल्ला शिक्षा कार्यालय बाट प्राप्त अनुदान रकम तलब, छात्रवृत्ति, रकम, पाठ्य पुस्तक आदिको नियमित र पारदर्शी रुपमा खर्च भए नभएको सुपरिवेक्षण गरिएको पाइयो । विद्यालयमा आर्थिक हिनामिना भई आयव्यय प्रस्तुत नगरिएको अवस्थामा अभिभावकबाट आएका उजुरी तथा स्थलगत निरीक्षणबाट आर्थिक हिनामिनाको जानकारी भएमा विद्यालयको बैठक बोलाउन लगाई आर्थिक पारदर्शीता कायम गर्न लगाई दुरुस्त लेखा श्रेस्ता राख्ने राख्न लगाउने कार्यमा समेत स्रोतव्यक्तिले महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइयो । साथै विद्यालयको आर्थिक अवस्था कमजोर देखिएमा गाउँ विकास समिति, जिल्ला शिक्षा

कार्यालय, जिल्ला विकास समिति, NGO/INGO तथा सामुदायिक वनसंग समेत अनुरोध तथा सिफारिस गरी विद्यालयको विकासमा योगदान पुऱ्याएको पाइयो । खास गरी उच्च मा.वि. संचालनको लागि स्रोत व्यक्तिले सम्बन्धित निकायमा अनुरोध गरी सहयोग गरेको पाइयो ।

अध्ययनबाट स्रोतव्यक्तिहरुको जिम्मेवारी तथा काम कर्तव्य अधिकार विद्यालयको गुणस्तरका निम्ति प्रयोग गरिएको पाइयो । विद्यालयको पठनपाठन देखि लिएर भौतिक, आर्थिक, सामाजिक, नैतिक पक्षको सुधारका निम्ति सुपरिवेक्षण गरिएको पाइयो । शिक्षक, विद्यार्थी, प्रधानाध्यापकहरुको व्यक्तिगत समस्यालाई बुझि समस्या हल गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइयो ।

## ४.१.४ तालिम संचालन तथा यसको प्रभावकारिता

तालिम भनेको एउटा साधन हो । तालिमबाट कुनै पनि व्यक्तिले आफूमा भएको ज्ञान सीप र अभिवृत्तिलाई परिस्कृत गर्न वा पूनर्ताजगी गर्न वा आफूमा भएको अभाव पूर्ति गर्न वा कमजोरी हटाउन आवश्यक ज्ञान, सीप वा धारणा प्राप्त गर्दछ । तालिम एउटा पद्वती हो । जस अनुसार तालिम प्रदान गर्दा आवश्यकता पहिचान देखि लिएर तालिम संचालनसमेत कार्यक्रमको रुप समावेश हुन्छ ।

स्रोतव्यक्तिले स्रोत केन्द्रस्तरमा सरोकारवालाहरुलाई छोटो अवधीको तालिम संचालन गरी उनीहरुमा भएको अभावलाई हटाई गुणात्मक शिक्षा प्रदान गर्नमा सहयोगीको रुपमा योगदान गरेको पाइयो । अध्ययनबाट प्रत्येक वर्ष प्रत्येक स्रोतव्यक्तिले स्रोतकेन्द्र तहमा विभिन्न किसिमका तालिमहरु संचालन गरी शिक्षक, विद्यार्थी, अभिभावक, प्रधानाध्यापक व्यवस्थापन समितिहरुलाई विद्यालयको पठन पाठन प्रशासन तथा व्यवस्थापनमा प्रभावकारिता ल्याउन सहयोग पुऱ्याएको पाइन्छ । पाठ्यक्रम तथा पाठयपुस्तक कार्यान्वयन प्रवोधिकरण तीलम, शिक्षण विधि सम्वन्धी पूनर्ताजगी तालिम, योजना तथा व्यवस्थापन तालिम, मागमा आधारित तालिम शिक्षण विधि, शैक्षिक साम्रगी, मूल्यांकन, प्रश्न पत्र निर्माण, प्रधानाध्यापक व्यवस्थापन तालिम, स्थानीय पाठ्यक्रम निर्माण तालिम, विषयगत शिक्षक तालिम, शैक्षिक सामग्री निर्माण तथा प्रयोग सम्बन्धि तालिम प्रदान गर्ने गरेको पाइयो । आ.व. २०६६/०६७ बाट स्रोत व्यक्तिहरुलाई शिक्षकको पेशागत विकास तालिम र प्र.अ.हरुको क्षमता अभिवृद्धि

तालिम समेत संचालन गर्ने जिम्मेवारी दिएको पाइयो । सो अनुसार तालिम पहिलो चरण समेत दिएको देखियो ।

गुणस्तरीय शिक्षाका निम्ति प्रत्येक वर्ष परिमार्जित हुने पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्रवोधिकरण तालिम सञ्चालन गरी शिक्षकहरुलाई कक्षा शिक्षणमा सिकाई गर्न मद्दत पुऱ्याउने कार्य स्रोतव्यक्तिवाट भएको पाइयो । त्यसैगरी शिक्षकलाई कस्तो खालको तालिमको आश्यकता देखिन्छ । त्यसको पहिचान गरी जिल्ला शिक्षा कार्यालय मार्फत सोही आवश्यकता परिपूर्ति हुने खालको तालिम संचालन गरिएको पाइयो । विषयगत शिक्षक तालिम संचालन गराएको पाइयो । विद्यालयका योजना निर्माण गर्न सरोकारवालाहरुको सहभागितामा विद्यालयको योजना कसरी, कसले र कहिले बनाउने सम्वन्धी आवश्यक प्रक्रियाहरु तथा व्यवस्थापन सम्वन्धी तालिम दिने गरिएको पाइयो । विद्यालयको प्रभावकारी योजना निर्माण तथा कार्यान्वयन गराई विद्यालयको गुणस्तर सुधार तथा उपयुक्त विद्यालयको वातावरण सृजना गराइएको पाइयो । पूराना शिक्षक तथा शिक्षिकाको दक्षता अभिवृद्धि गर्न नयाँ शिक्षण विधि विषयवस्तुको जानकारी गर्न, विद्यार्थी केन्द्रित विधिबाट शिक्षण गर्न शिक्षकहरुमा भएको ज्ञान सिपलाई परिमार्जित गर्दै लैजानका लागि पूर्नर्ताजगी तालिम (शिक्षण विधि, मूल्यांकन, पाठयक्रम, पाठयपुस्तक प्रवोधिकरण) प्रदान गरी शिक्षकहरुको मनोबल बढाउन उत्प्रेरणा तथा हौसला दिई उचित मूल्यांकन गरी गुणस्तरीय शिक्षण सिकाइमा सहयोग पुऱ्याएको पाइयो ।

स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण सम्वन्धी तालिममा शिक्षक, प्रधानाध्यापक, अभिभावक, व्यवस्थापन समिति, महिला, दलित, जनजाति सदस्यलाई सहभागी गराई स्थानीयस्तरमै स्थानीय स्रोतसाधनको प्रयोगगरी, स्थानीय भाषामा स्थानीय विषयवस्तु समेटी स्थानीय पाठ्यक्रम निर्माण, विकास तथा कार्यान्वयन सम्वन्धी वृहत्तर छलफल, अन्तर्क्रिया, गराई स्थानीय पाठयक्रम निर्माण गर्न सहयोग पुऱ्याएको पाइयो । तर स्थानीय पाठक्रम तथा पाठ्यपुस्तक निर्माण गर्नका लागि आवश्यक बजेटको अभावका कारण स्थानीय पाठ्क्रम निर्माण नभएको पाइयो । तर पनि स्थानीयस्तरको पाठ्यक्रम तयार गर्नमा सरोकावालाहरुलाई प्रोत्साहित गरि आवश्यक मनोबल बढाई उचित मूल्यांकन गराउन सकिने कुरा जानकारी गराई पाठ्यक्रम निर्माणको प्रक्रिया अगाडि बढाईएको पाइयो ।

स्रोतकेन्द्रस्तरमा तालिम संचालन गर्ने तर तालिम लिई सके पश्चात तालिम प्राप्त शिक्षकले विद्यालयको कक्षाकोठामा प्रयोग गरे नगरेको, शिक्षकहरुसंग आफ्नो अनुभव, आदानप्रदान गरे नगरेको तथा शिक्षण विधिमा परिवर्तन भए नभएको बारेमा स्रोतव्यक्तिबाट सुपरिवेक्षण नभएको पाइयो । स्रोतव्यक्तिले विद्यालयमा गई कक्षा अवलोकनका क्रममा पाठयोजना, शैक्षिक सामाग्रीको प्रयोगको कुरा गर्दा शिक्षकहरुले समय अभाव, आर्थिक अभाव, आवश्यक सामग्रीको अभाव आदि कारण देखाई आलटाल गरेको पनि पाइयो । स्रोतव्यक्तिले योजना विना शिक्षण गर्ने शिक्षकलाई सजाय दिन नसक्ने सुझाव दिदा शिक्षकले उल्टै स्रोतव्यक्तिलाई अनावश्यक कुरा सुनाउने गरेको र दण्ड सजाय दिने अधिकार स्रोतव्यक्तिलाई नभएको हुँदा स्रोतव्यक्ति प्रति शिक्षकहरुको दृष्टिकोण उचित नभएको पाइयो । स्रोतव्यक्ति स्रोतकेन्द्र तथा विद्यालयमा गएको अवस्थामा शिक्षकलाई अनुसाशनपूर्वक पठनपाठन गर्न, नियमित रुपमा विद्यालयमा उपस्थितभै कक्षा शिक्षण गराउन निर्देशन दिँदा शिक्षकले बेवास्ता गरेको कुरा पनि अध्ययनबाट जानकारी भयो । स्रोतव्यक्ति रामजी मूर्ति पन्तको भनाइमा “सरकारले स्रोत व्यक्तिलाई अधिकार प्रदान नगरेसम्म सुझाव दिन बाहेक केहि गर्न सकिदैन” । विद्यालयका प्रधानाध्यापकहरुले सिफारिस गरी स्रोतव्यक्ति वन्ने प्रावधानका कारण स्रोत व्यक्तिले पुरस्कार र दण्डको व्यवस्था गर्न नसकिने अवस्था देखिएको पाइयो । यसर्थ शिक्षा विभागले स्वच्छ प्रतिस्पर्धाबाट स्रोतव्यक्ति नियूक्ति गरी पूर्ण जवाफदेहि बनाई काम प्रति प्रोत्साहित गराउनु पर्ने कुरा यस अध्ययनबाट जानकारी भयो ।

### ४.१.५ स्रोतकेन्द्रस्तरीय बैठक व्यवस्थापन, संचालन तथा अनुगमन

शैक्षिक क्षेत्रमा बैठक एउटा नियमित र निरन्तर प्रक्रिया हो । जसबाट विभिन्न शैक्षिक कार्यक्रम निर्माण गर्न, शिक्षालाई स्तरयुक्त बनाउने क्रममा समस्या पहिचान गरी समाधानका उपायहरु पत्ता लगाउन बैठक राख्नु पर्छ ।

स्रोतकेन्द्रतहमा स्रोतव्यक्तिले जिल्ला शिक्षा कार्यालय तथा शिक्षा विभागका सूचनाहरु आदानप्रदान गर्न, विषय शिक्षकलाई शिक्षणमा परेको समस्या समाधान गर्न, गाउँ शिक्षा योजना, विद्यालय सुधार योजना निर्माण गर्न गराउन बैठकको आयोजना गर्ने गरिएको कुरा अध्ययनबाट जानकारी भयो ।

### क) सूचना बैठक

जिल्ला शिक्षा कार्यालयमा मासिक रुपमा हुने स्रोतव्यक्तिहरुको जिल्ला बैठक, आर्थिक वर्षको सुरुमा हुने बजेट तथा कार्यक्रमको जानकारी सम्वन्धी प्रवोधिकरण जिल्ला बैठक, विभिन्न संघसंस्था तथा सरकारी कार्यालयबाट दिएका निति निर्देशन तथा सुझावहरु प्रवाह गर्न, वार्षिक योजना निमार्ण गर्न, परीक्षा तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न स्रोतव्यक्तिले स्रोतकेन्द्रमा स्रोतकेन्द्र व्यवस्थापन समिति तथा प्रधानाध्यापक बैठकको आयोजना गरिएको पाइयो । साथै समुह विद्यालयले गरेको प्रगती विवरण, विद्यालयका समसामयिक समस्या तथा गतिविधिहरु विद्यालय तथ्यांक फराम भर्न भराउन, विद्यालयको अवस्था पहिचान गर्न यो बैठक राख्ने गरिएको पाइयो । यसै गरी स्रोतव्यक्तिले भविष्यमा आफूले गर्ने कार्यक्रमको विषय वस्तुबारे जानकारी दिन कुनै परिपत्रलाई सार्वजनिक गराउनु परेमा, प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति का पदाधिकारीका वीच बैठक वसाउने गरेको पाइयो ।

### ख) प्रधानाध्यापक बैठक

स्रोतकेन्द्रमा स्रोतकेन्द्र अन्तर्गत पर्ने समूह विद्यालयका प्रधानाध्यापकहरुको बैठक बोलाई विद्यालय तथा जिल्ला शिक्षा कार्यालयका समसामयिक गतिविधिका साथै गुणस्तरीय शिक्षा प्रदान गर्ने गराउने बारेमा जानकारी आदान प्रदान गर्न, स्रोतव्यक्तिले लिखित सूचना प्रसारण गरी प्रत्येक महिना प्रधानाध्यापक बैठक बोलाउने गरिएको पाइयो । यो बैठकमा महत्वपूर्ण निर्णय हुने गरेको पाइयो । स्रोतकेन्द्रस्तरीय परीक्षा सम्बन्धमा, अतिरिक्त क्रियाकलाप सम्बन्धमा, स्रोतकेन्द्र संचालन तथा व्यवस्थापनका साथै वार्षिक कार्यक्रम, कार्ययोजना, तयारी गर्नका निम्ति समेत स्रोतकेन्द्रगत रुपमा अध्ययन गर्दा वर्षभरिमा स्रोतव्यक्तिले ९/१० ओटा प्रधानाध्यापक बैठक बोलाएको पाइयो । स्रोतकेन्द्रस्तरीय कुनै पनि कार्यक्रम गर्न प्रधानाध्यापक बैठक नबोलाइ स्रोतव्यक्तिले आफै निर्णय गरेमा प्रधानाध्यापकबाट स्रोतव्यक्ति माथि अविश्वास आउने गरेको कुरा समेत अध्ययनबाट जानकारी पाइयो ।

### ग)	विषयगत बैठक

प्रत्येक महिनाको अन्तमा अथवा आवश्यकता अनुसार स्रोतव्यक्तिले यो बैठक बोलाउने गरेको पाइयो । विद्यालयमा नियूक्त शिक्षक शिक्षिकाको विषयगत समस्याहरुलाई समाधान गर्न यो बैठक बोलाउने गरेको पाइयो । यो बैठक स्रोतकेन्द्र विद्यालयमा प्रत्येक महिनामा वस्नु पर्ने कानुनी व्यवस्था भए पनि औशतमा वर्षको ३/४ पटक वसेको पाइयो । उक्त बैठकमा शिक्षकहरुलाई कक्षा शिक्षण गर्न आई परेका समस्याका बारेमा सवै विद्यालयका शिक्षकहरु र स्रोतव्यक्तिहरुको सहभागितामा समाधान गर्ने गरिएको पाइयो । समाधान गर्न नसकिने विषयवस्तुलाई जिल्ला शिक्षा कार्यालयबाट समाधान गरी शिक्षकलाई कक्षा शिक्षणमा सहजता प्रदान गर्दै उत्प्रेरणा प्रदान गरी गुणात्मक शिक्षामा सहयोग पुऱ्याउन स्रोतव्यक्तिको योगदान महत्वपूर्ण रहेको पाइयो । साथै विषयवस्तु शिक्षण गर्न उपयुक्त शिक्षण विधि, शैक्षिक सामग्री, उत्प्रेरणा तथा बालमनोविज्ञान बुझि शिक्षण गर्न गराउन, शिक्षकलाई उत्प्रेरित गरेको पाइयो ।

स्रोतव्यक्ति छनौटका क्रममा स्वच्छ प्रतिस्पर्धा विना प्रधानाध्यापकहरुले सहानुभुतिका आधारमा नियुक्तीका लागि सिफारिस गरिने भएकोले व्यवसायिक गुण तथा विषय वस्तुहरुमा पूर्ण दक्षता नहुने भएको कारण धेरैजसो स्रोतव्यक्तिले विषयवस्तुमा शिक्षकलाई परेका समस्या नबुझी, वेवास्ता गर्ने गरेको गुनासो अध्ययनमा संलग्न शिक्षकहरुको थियो । यसर्थ स्रोतव्यक्ति नियूक्ति गर्ने प्रक्रिया स्वच्छ र प्रतिस्पार्धात्मक भई योग्य दक्ष स्रोतव्यक्ति छनौट गरी सुपरिवेक्षण कार्यमा उत्प्रेरित गर्नु पर्ने देखिन्छ ।

### घ)	विद्यालय व्यवस्थापन समितिको बैठक

समूह विद्यालयको वस्तुस्थिती तथा वातावरणको बारेमा जानकारी लिनुका साथै आवश्यक सुझाव सल्लाह दिई विद्यालयका सरोकारवालाहरुसँग प्रत्यक्ष सम्पर्क गरी विद्यालयमा गुणस्तरीय पठनपाठन गर्न गराउनका निम्ति स्रोतव्यक्तिहरुले विद्यालय व्यवस्थापन समितिको बैठक बोलाउन लगाई आवश्यक निर्णय गर्ने गराउने गरेको पाइयो । तर बैठकको निर्णयको कार्यान्वयन भयो भएन त्यसतर्फ स्रोतव्यक्तिको ध्यान नगएको पाइयो । जव समस्या बल्झीन्छ तव स्रोतव्यक्तिबाट बैठकका निणर्य कार्यान्वयन भए नभएको खोजी गरिएको पाइयो । आफ्नो स्रोत केन्द्र अन्तर्गत विद्यालयहरुको वि.व्य.स. वैठकमा वर्षको औशत २ पटक स्रोत व्यक्ति उपस्थित हुने गरेको पाइयो ।

### ङ) गाउँ शिक्षा समितिको बैठक

गाउँ विकास समिति क्षेत्रभित्र रहेका विद्यालयको भर्नादर, पठनपाठन प्रक्रिया, कक्षा छोड्ने दर, साक्षर, निरक्षर, साक्षरता प्रतिशत तथा विद्यालयको शैक्षिक तथ्यांक आदिको बारेमा जानकारी लिनुका साथै गाउँ विकास समितिको अध्यक्षको अध्यक्षतामा गाउँ शिक्षा समिति गठन गरी गाऊँ शिक्षा योजना निर्माण गर्ने, गराउने काममा स्रोत व्यक्तिको भूमिका रहेको पाइन्छ। स्रोतव्यक्तिले गाउँ शिक्षा समितिको बैठक बोलाई आफु त्यसमा सहभागी भै विद्यालयको अवस्था, शैक्षिक स्तरका बारेमा जानकारी लिनेदिने गरेको पाइयो । तर गाउँ विकास समितिका अध्यक्षको पदरिक्त रहन गएकोले गाँउ विकास समितिका सचिवहरु सक्रिय नभई गाउँ शिक्षा योजना धरापमा परेको पाइन्छ । स्रोतव्यक्तिले विद्यालय अनुगमनका क्रममा वुद्विजिवि अभिभावकसंग भेटघाट नगरेको, विद्यालयका प्रधानाध्यापक र अध्यक्ष बाहेक अरुसँग सम्पर्क नगर्ने कुरा बुद्विजिवी अभिभावकबाट जानकारी पाइयो। आफ्नो क्षेत्र भित्रको गाउँ परिषद् वैठकमा स्रोत व्यक्ति आफै उपस्थित भई विद्यालयहरुलाई सहयोग पुऱ्याउने काम गरेको पाइयो ।

### च) शिक्षक अभिभावक संघको बैठक

स्रोतव्यक्तिले शिक्षक अभिभावक संघको बैठकमा उपस्थिती भै आवश्यक निर्णय गराउने गरेको भएपनि वास्तवमै शिक्षक अभिभावक संघ निस्कृय भएको, आफ्नो काम कर्तव्य बारेमा जानकारी नभएको, विद्यालयको गतिविधिका बारेमा जिम्मेवारीपन नदेखाइएको हुँदा स्रोतव्यक्तिले शिक्षक अभिभावक संघलाई सक्रिय गराउनुका साथै काम कतर्व्य, र अधिकारका बारेमा थप जानकारी गराउनु पर्ने कुरामा बुद्विजिवि अभिभावकको भनाई पाइयो ।

ट)   अन्य बैठक

स्रोत व्यक्तिले सामुदायिक अध्ययन केन्द्र, अभिभावक भेला, आदि जस्ता महत्वपूर्ण बैठक राखी राख्न लगाई शिक्षा, रोजगार तथा सिपमूलक कार्यक्रम संचालन गराउन पहल गरिएको पाइयो । स्रोतव्यक्तिलाई अधिकार विहिन बनाइएको यो अवस्थाले उनीहरु काम प्रति उदासिन रहेको कुरा समेत स्रोतव्यक्तिको भनाई अनुसार जानकारी भयो ।

यसरी  शिक्षक, विद्यार्थी, प्रधानाध्यापक, स्रोतव्यक्ति तथा बुद्विजिवी अभिभावकसंग गरिएको अन्तवार्ता प्रश्नावलीबाट स्रोतव्यक्तिले स्रोतकेन्द्रमा प्रधानाध्यापक बैठक, गाउँ विकास समिति स्तरमा गाउँ शिक्षा समितिको बैठक, सामुदायिक अध्ययन केन्द्रको बैठक, अनौपचारिक शिक्षा बैठक, विद्यालय स्तरमा विद्यालय व्यवस्थापन समितिको तथा शिक्षक अभिभावकसँघको बैठक राखी राख्न लगाई शिक्षण सिकाई प्रक्रियामा सहयोग गरेको कुरा जानकारी भयो । स्रोत व्यक्ति आफ्नो स्रोत केन्द्र अन्तर्गतका विद्यालयहरुको वार्षिकोत्सव कार्यक्रममा सहभागी भई आफ्नो विचार प्रकट गर्ने गरेको पनि पाइयो ।

बैठक सञ्चांलन पश्चात गरिएका महत्वपूर्ण निणर्यहरुका बारेमा कार्यान्वयन भयो भएन, व्यवहारमा लागु भयो भएन, यस सम्बन्धमा स्रोतव्यक्तिले निरीक्षण, अनुगमन तथा अनुसन्धान नगरेको पाइयो । तर स्रोतव्यक्ति स्वच्छ प्रतिस्पर्धाबाट छनौट गरी अधिकार सम्पन्न बनाउने हो भने शिक्षाको गुणस्तर माथि उठ्न सक्ने कुरा अध्ययनबाट जानकारी  भयो ।

## ४.१.६ अतिरिक्त क्रियाकलाप संचालन

शिक्षण कार्यको अभिन्न अंगको रुपमा अतिरिक्त क्रियाकलापलाई मानिन्छ । प्रभावकारी एव. मनोरन्जनात्मक तरिकाले विद्यार्थीको रुची र आवश्यकता अनुसार शिक्षण गर्न अतिरिक्त क्रिर्याकलापको महत्वपूर्ण भूमिका रहन्छ । यसैले विद्यालयमा विभिन्न किसिमका अतिरिक्त कार्यक्रम संचालन गरी शिक्षण गनुपर्ने हुन्छ ।

स्रोतव्यक्ति विद्यालयका शैक्षिक क्रियाकलाप अभिवृद्वि गर्ने शैक्षिक संयोजक भएकोनाताले विद्यालयमा विविध किसिमका अतिरिक्त कार्यक्रम संचालन गरी सिकाई उपलब्धी उच्च राख्नमा अतुलनिय भूमिका

निर्वाह गर्न सक्नु पर्छ । अध्ययनको क्रममा नमूना छनौटमा परेका जनसंख्यासंगको अन्तर्वार्ता तथा विद्यालय स्रोतकेन्द्रका अभिलेखहरुरु अध्ययन गर्दा स्रोतव्यक्तिले वार्षिक कार्यक्रम अनुसार स्रोतकेन्द्रस्तरीय प्राथमिक अन्तर समुह विद्यालय हाजिरीजवाफ तथा खेलकूद प्रतियोगिता संचालन गर्ने गरेको पाइयो । जिल्ला शिक्षा कार्यालयको स्रोतकेन्द्र सञ्चालन तथा व्यवस्थापन खर्चबाट अतिरिक्त कार्यक्रम संचालनका लागि योजना तथा वजेटको समेत व्यवस्था गरिएको पाइयो । स्रोतव्यक्तिले समूह विद्यालयका प्रधानाध्यापकहरुको बैठक बोलाई बार्षिक कार्यक्रम अनुसार कुनकुन खेलहरु खेलाउने, कहिले कसरी र कहाँ सञ्चालन गर्ने भनि अतिरिक्त कार्यक्रम संचालन गरिएको पाइयो । जिल्लाका तीन वटै स्रोतव्यक्तिबाट यो कार्यक्रम संचालन गरिएको पाइयो । उक्त कार्यक्रममा हाजिरिजवाफ प्रतियोगिता, भलिबल प्रतियोगिता, हाईजम्प प्रतियोगिता, लङ्गजम्प प्रतियोगिता, हिसाब दौड प्रतियोगिता, सु–लेख प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता, निवन्ध प्रतियोगिता, हस्तकला/चित्रकला प्रतियोगिता, सांस्कृतिक कार्यक्रम प्रतियोगिता, लोकगीत, अन्ताक्षरी, म्यूजिकल चियर प्रतियोगिता, सियो धागो, दौड प्रतियोगिता, चम्चा दौड प्रतियोगिता, रिले दौड प्रतियोगिता, साधारण दौड प्रतियोगिता, डोरी तान्ने प्रतियोगिता आदि समावेश गराएको पाइयो ।

माथि उल्लेखित खेलहरुमा पूर्णाङ्क छुट्याई प्रथम द्वितीय र तृतीय स्थान प्राप्त गर्ने विद्यार्थी तथा विद्यालयलाई पुरस्कार तथा प्रमाणपत्रको व्यवस्था गरिएको पाइयो । उक्त अवसरपारी कार्यक्रम संचालन गर्ने विद्यालयले शैक्षिक नाटकको समेत आयोजना गरी शैक्षिक जनचेतना जगाउने कार्यक्रम गरिएको पाइयो । यस कार्यक्रमले उत्प्रेरणा जगाउने, हौसला प्रदान गर्ने, स्वच्छ प्रतिस्पर्धात्मक वातावरणको सृजना गरी प्रभावकारी शिक्षणमा टेवा पुऱ्याएको कुरा वुद्धिजिवी अभिभावकको भनाई छ । यस कार्यक्रममा राम्रो गर्ने पुरस्कृत विद्यार्थी तथा विद्यालयलाई जिल्ला स्तरबाट पाउने उत्कृष्ट पुरुस्कार प्रदान गराउने, विद्यालयको स्तर पहिचान गर्ने, सुधार गर्नुपर्ने पक्षहरुको पहिचान गरी सरोकावालाहरुलाई आमभेलाबाटै आ–आफ्नो भूमिका निर्वाह गरिदिन स्रोतव्यक्तिबाट मन्तव्य दिने गरिएको पाइयो । यसबाट के प्रष्ट हुन्छ भने विद्यार्थी, शिक्षक, अभिभावकहरुले आफ्नो विद्यार्थी तथा विद्यालयको स्थिती कस्तो रहेछ, अव हामीले कसरी जानु पर्ला ? के गर्नु पर्ला भनि उत्प्रेरित भई मिहिनेत, जिम्मेवारी वहन गर्ने गरेको पाइयो । कडा परिश्रम गर्ने विद्यालयमा नियमित उपस्थित हुने मनोरन्जनात्मक खेलविधिबाट सिक्ने सिकाउने, प्रतिस्पर्धाको भावना जाग्ने, अल्छी तथा दिग्दारी पन

हटाउने विद्यालय छाड्ने दर घटने, भर्नादर बढने, शिक्षण सिकाइमा सक्रिय सहभागिता हुने जस्ता महत्वपूर्ण कार्यक्रम विकास भएको कुरा अध्ययनबाट जानकारी भयो ।

## ४.१.७ शैक्षिक व्यवस्थापन सूचना प्रणाली

आजको युग संचारको युग हो, विज्ञान तथा प्रविधिको युग हो । विश्वको जुनसुकै देशको घटना तथा जानकारी एक सेकेण्ड मै सवै मुलुकमा प्रसारण हुन्छ । त्यसैले सूचना संचार विना कुनै काम प्रभावकारी हुन सक्दैन । शिक्षा क्षेत्रमा पनि वैज्ञानिकता ल्याउनको लागि शैक्षिक सूचनाहरु व्यवस्थित वास्तविक तथा पारदर्सि हुनुपर्छ । शिक्षा योजना निर्माण तथा कार्यान्वयन गर्न गराउनमा शैक्षिक सूचनाहरुको महत्वपूर्ण भूमिका रहन्छ ।

यस अध्ययनबाट विद्यालय निरीक्षण तथा सुपरिवेक्षणका क्रममा शैक्षिक सूचनाहरु संकलन, विश्लेषण तथा अध्यावधिक गर्ने कार्यमा पनि स्रोतव्यक्तिको महत्वपूर्ण भूमिका रहेको पाइयो । जिल्ला शिक्षा अधिकारीसँगको अन्तर्वार्तामा जिल्ला शिक्षा अधिकारी विष्णुनारायण श्रेष्ठ भन्नु हुन्छ – "विद्यालयका सूचना संचारको क्रममा विद्यालयको सम्पूर्ण विवरण आउने गरी तथ्यांक फारमहरुको निर्माण गरी स्रोतव्यक्तिलाई स्रोतकेन्द्रमा प्रधानाध्यापक बैठक राख्न लगाई तथ्यांकहरु भराई वास्तविक तथ्यांक जिल्ला शिक्षा कार्यालयमा पुर्‍याउन लगाइन्छ । स्रोतकेन्द्रगत रुपमा स्रोतव्यक्तिले विद्यालयको तथ्यांकहरु डायरीमा अध्यावधिक गरी राखेको हुन्छ । शिक्षक विवरण, विद्यार्थी विवरण, उत्तीर्णदर, भर्नादर, दलीत, जनजाती विद्यालय, शिक्षक विवरण, कक्षा छाड्ने, विद्यालय भवन, खाने पानी शौचालय, विद्यालय व्यवस्थापन समिति, अभिभावक संघ आदिको विस्तृत विवरण स्रोतव्यक्तिबाट प्राप्त हुन्छ । स्रोतव्यक्तिहरु नै जिल्लाको तथ्यांकहरु तथा सूचनाहरु संकलन र प्रवाह गर्ने महत्वपूर्ण स्रोतको रुपमा रहेका हुन्छन्" ।

सूचनाहरु व्यवस्थित रुपमा राख्ने, डायरी अद्यावधि गर्ने, जिल्ला शिक्षा कार्यालयमा तथ्यांक फारमहरु भरी भराई समयमै पुर्‍याई शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई प्रभावकारी बनाउनमा पनि स्रोतव्यक्तिको महत्वपूर्ण योगदान रहेको पाइयो । स्रोतव्यक्तिले जिल्ला शिक्षा कार्यालय र विद्यालयको

वीचको पुलको काम मात्रै नगरी शिक्षा विभाग र मन्त्रालयसम्म समेत वास्तविक तथा आवश्यक तथ्यांकहरु समयमै पुऱ्याउन योगदान गरेको पाइयो ।

स्रोतव्यक्तिले विद्यालयका वास्तविक तथ्यांकहरु भरीभराई, समयमै जिल्ला शिक्षा कार्यालय र शिक्षा विभाग सम्म पुऱ्याई विद्यालयको आर्थिक, भौतिक, मानविय तथा शैक्षिक पक्षमा सहयोग पुऱ्याई गुणात्मक शिक्षा प्रदान गर्नमा प्रमुखको भूमिका निर्वाह गरेको पाइयो । जस्तैः– कुनै विद्यालयमा १५ जना अपाङ्ग छात्रछात्रा रहेका छन् भने उक्त संख्या समयमै विभागसम्म पुऱ्याई अपाङ्ग छात्रवृत्ति तथा अन्य सुविधा उपलब्ध गराउनमा स्रोतव्यक्तिको योगदान रहेको कुरा शिक्षकहरुको भनाइ थियो । वास्तविक रुपमा समय समयमा सेवा सुविधाबाट बञ्चित भएको पिछडिएको दुर्गम क्षेत्रको विद्यालयलाई आवश्यक स्रोतसाधन उपलब्ध गराउनका लागि स्रोतव्यक्तिको सिफारिस नभएको कारणले धेरै जसो विद्यालय मर्कामा परेको गुनासो समेत अध्ययनमा संलग्न जनसंख्याको थियो । तर पनि स्रोतव्यक्तिले शैक्षिक व्यवस्थापन सूचना प्रणालीका निम्ति तपसिलका उल्लेखनीय कार्य गरी सूचना प्रणालीलाई भरपर्दो बनाइएको पाइयो ।

### क. विद्यालय तथ्यांक फारमहरु

प्रत्येक शैक्षिक सत्रको शुरुमा जेष्ठ ७ गतेको मितिले विद्यालय तथ्यांक फारम (Flash I) र शैक्षिक सत्रको अन्तमा चैत्र २४ गतेको मितिले, तथ्यांक फारमहरु भरी (Flash II) आवश्यक निर्देशन दिई विद्यालयबाट भरी भराई संकलन गरी जिल्ला शिक्षा कार्यालयमा पेश गर्ने जिम्मेवारी स्रोतव्यक्तिको रहेको पाइयो । विद्यालय तथ्यांक फारमहरु विद्यालयको सम्पूर्ण तथ्यांकहरु अटाउने गरी तयार पारिएको हुन्छ । जस्तैः– शिक्षक विवरण, विद्यार्थी विवरण, भौतिक अवस्था, शैक्षिक स्तर, छात्रवृति रकम, आय, व्यय विवरण इत्यादि । उक्त तथ्यांक फारममा भरिएका तथ्यांकहरुलाई विभिन्न प्रतिसत तथा औसत आदिको प्रयोग गरी व्याख्या तथा विश्लेषण गरी स्पष्ट सूचनाको रुपमा विकसित गर्नै काम समेत स्रोतव्यक्तिले गरेको पाइयो । उक्त तथ्यांक फारमहरुको विश्लेषणबाट विद्यालयको भर्नादर, उत्तीर्ण दर, शिक्षक विद्यार्थी अनुपात, छात्रछात्रा प्रतिशत, कक्षा छाड्ने दर, कक्षा दोहोऱ्याउने दर, विद्यालयमा भौतिक अवस्था आदिको बारेमा जानकारी हुने कुरा जानकारी भयो ।

**ख)	व्यक्तिगत भेटघाट/भ्रमण**

स्रोतव्यक्तिले व्यक्तिगत, भेटघाटका रुपमा प्रधानाध्यापक शिक्षक, विद्यार्थी विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, स्थानीय अभिभावक, बुद्धिजिवी, अभिभावकसंग कुराकानी छलफल, भेटघाट गरी सूचना संचारलाई प्रभावकारी बनाउने काम गरेको पाइन्छ । उल्लेखित पक्षसँग सूचना संचारका निम्ती हुने छलफल अलग अलग विषयमा हुने गरेको पाइयो ।

स्रोतव्यक्तिले सरोकावालाहरुसंग भेटघाट छलफल गरी विद्यालयका विविध समस्या, गतिविधिका बारेमा जानकारी लिदैं प्रभावकारी शिक्षण गर्न गराउन उनीहरुको इच्छा, चाहना र आवश्यकता अनुसारको विद्यालय वातावरणको सिर्जना गरिएको पाइयो । अनुसन्धानमा रहेको थोरै जनसंख्याको भनाइ अनुसार स्रोतव्यक्तिले विद्यालय तथा गाऊँघरमा आई विद्यालयको विषयमा छलफल नगरेको कुरा पनि अध्ययनबाट जानकारी पाइयो ।

**ग)	सभा/बैठक**

शैक्षिक सूचना संकलन गर्न सरोकावालाहरुको बैठक तथा सभा सम्मेलन गरी शैक्षिक तथ्यांक संकलन गर्ने काम स्रोतव्यक्तिको भूमिका भित्र रहनुपर्छ । तर अध्ययन अनुसार मनाङ् जिल्लाका सवै स्रोतव्यक्तिलेसभा बैठकबाट तथ्यांक संकलन गर्ने गरेको पाइयो । यसो गर्न सम्भव हुनुको प्रमुख कारण एकत्रित तथा न्यून जनसंख्या र जनजातिको मात्र बसोबास हुन हो ।

### घ)    संचार माध्यम

संचारका माध्यम पत्रपत्रिका तथा चिठी, फोन सेवाबाट विद्यालयलाई आवश्यक जानकारी गराउनुका साथै आवश्यक तथ्यांकहरु संकलन गर्ने काममा स्रोत व्यक्ति सक्रिय रहेको  पाइयो । स्रोतकेन्द्रमा बैठक राख्न सूचना संचार मौखिक रुपमा पठाइ, खबर आदानप्रदान गरीदिन भनी अनुरोध गर्ने गरेको पाइयो । विद्यालयमा पुगी सूचना लिन नसकेको अवस्थामा  फोनबाट शैक्षिक सूचना संकलन गरी जिल्ला शिक्षा कार्यालय सम्म प्रसारण गर्ने काम स्रोतव्यक्तिले गर्ने गरेको पाइयो । मनाङ जिल्लाको ११ गा.वि.स. मा मोवाइल फोन सेवा समेत रहेको र २ गा.वि.स. मा नेपाल दुर सञ्चार कम्पनिको तार फोन (Land Line) रहेको र सो को प्रयोगबाट समेत सञ्चार आदान प्रदान गर्ने गरेको पाइयो ।

## ४.१.८ क्रियात्मक अनुसन्धान

विभिन्न कामको सिलसिलामा आफूलाई काम गर्ने  बेलामा आईपर्ने  बाधा,  अड्चनलाई हटाउन गरिने अनुसन्धान कार्यगत अनुसन्धान हो । यो अनुसन्धान अध्ययनसँग सम्वन्धित व्यक्तिले आफै अनुसन्धान गरि तत्काल आफ्नो समस्या आफै हल गर्न गरिन्छ । विद्यालयका शिक्षकहरुलाई पठन पाठनका बेलामा आईपर्ने  समस्या जस्तैः– विद्यार्थी नियमित उपस्थित नहुने, कक्षा छाड्ने, कक्षा दोहोर्‍याउने, अनुतिर्ण हुने, गृहकार्य नगर्ने आदि समस्यालाई आफै अनुसन्धान गरी तत्काल समाधानको बाटो खोज्न यो अनुसन्धान गरिन्छ ।

स्रोतव्यक्तिले विद्यालयको निरीक्षण सुपरिवेक्षणका क्रममा शिक्षकलाई शिक्षण कार्यमा आईपरेको समस्या आफै तत्काल हल गरी समाधानको उपाय खोज्न क्रियात्मक अनुसन्धान गर्न लगाईएको पाइयो । त्यसै गरी स्रोतव्यक्तिहरुसँग गरिएको अन्तर्क्रियामा प्रत्येक वर्ष प्रत्येक शीर्षकमा उनीहरुले क्रियात्मक अनुसन्धान गर्न स्रोतकेन्द्रमा देखिएको समस्याहरु मध्ये कुनै एउटा महत्वपूर्ण समस्यालाई छनौट गरी अनुसन्धानबाट तत्काल समाधान गर्नुपर्ने कुरा जानकारी भयो । स्रोतव्यक्ति अमृतबहादुर थापाको अनुसार हामी आफूले मात्र क्रियात्मक अनुसन्धान नगरी विद्यालयका प्रधानाध्यापक तथा शिक्षकलाई समेत क्रियात्मक अनुसन्धान गर्न अभिप्रेरित गर्छौ ।" स्रोतव्यक्तिले शिक्षणमा देखिएका समस्याहरु हल

गर्न शिक्षकको इच्छा, चाहना अनुसार अनुसन्धान गर्न लगाइएको कुरा पनि अध्ययनबाट जानकारी भयो ।

क्रियात्मक अनुसन्धानको लागी प्रत्येक स्रोत केन्द्रमा गत आ.व.मा स्रोत व्यक्तिलाई रु.५०००।- बजेट निकासा दिएको कुरा जिल्ला शिक्षा कार्यालयबाट जानकारी प्राप्त भयो ।

## ४.१.९ परीक्षा संचालन तथा व्यवस्थापन

शैक्षिकस्तर छुट्टयाउन, विद्यार्थीको विषयगत सिकाई उपलब्धी, पत्ता लगाउनका लागि परीक्षा लिने दिने गरिन्छ । अध्ययनमा संलग्न स्रोतव्यक्तिहरुले स्रोतकेन्द्रस्तरीय परीक्षा संचालन गर्ने गरिएको पाइयो । समूह विद्यालयका सम्पूर्ण प्राधानाध्यापकहरु बोलाई स्रोतकेन्द्रस्तरीय परीक्षा संचालन तथा व्यवस्थापन गर्न परीक्षा समिति, प्रश्न पत्र निर्माण उपसमिति गठन गरी सम्पूर्ण विद्यालयका लागि प्रश्नपत्र छपाई, उत्तरपुस्तिका तथा परीक्षाको नतिजा विश्लेषण र पुरस्कार वितरण सम्मका कामहरु उक्त समिति मार्फत गराइएको पाइयो । परीक्षा एउटै समयमा सवै विद्यालयमा सँगसँगै संचालन गरिएको थियो ।

यसरी स्रोतकेन्द्रतहमा प्रथम, द्वितीय, त्रैमासिक तथा वार्षिक परीक्षा गर्ने व्यवस्था मिलाइएको पाइयो । परीक्षा संचालन गर्ने, निरीक्षण, अनुगमन गर्ने, उत्तरपुस्तिका परीक्षण गराउने, नतिजा विश्लेषण गर्ने उत्कृष्ट हुने विद्यालय छुट्याउनुकासाथै परीक्षा तथा प्रश्न पत्रका सम्वन्धमा प्रधानाध्यापक बैठक बोलाई छलफल, अन्तर्क्रिया गर्ने गरिएको पाइयो । यसर्थ स्रोतकेन्द्रस्तरमा विकेन्द्रीकरणको अवधारणा अनुरुप परीक्षा संचालनवाट वैध तथा विश्वसनिय प्रश्नपत्र निमार्ण गर्ने सिप विकास गरेको, विद्यार्थीले एक अर्को विद्यालयका साथीहरुसंग प्रतिस्पर्धा गरी सामूहिक भावनाको विकास बाट गुणस्तरीय शिक्षामा टेवा पुगेको पाइयो । प्रत्येक वर्ष कक्षा ३ र ५ को अङ्ग्रेजी, नेपाली र गणितको उपलब्धि मापन परीक्षा लिई सो को प्रतिवेदन जिल्ला शिक्षा कार्यालयमा पठाइने गरेको पाइयो । यसै गरी वर्षिक परीक्षा नतिजाको आधारमा विषयगत सिकाई उपलब्धि निकाल्न विद्यालयलाई निर्देशन समेत स्रोतव्यक्तिले दिने गरेको जानकारी अध्ययनमा पाइयो ।

## ४.१.१० योजना निर्माण तथा कार्यान्वयन

शैक्षिक सत्रको शुरुमा समूह विद्यालयका प्राधानाध्यापकहरुको बैठक बोलाई वार्षिक कार्ययोजना काम गर्ने गराउने काम स्रोतव्यक्तिबाट भएको थियो । स्रोतकेन्द्रस्तरमा के–के कार्यक्रम, कुन बेला, कसरी, कहाँ कसले संचालन गर्ने, हिउदे विदाहरु कहिले देखि कहिलेसम्म राख्ने, स्थानीय विदा, परीक्षा संचालन, अतिरिक्त कार्यक्रम कहिले गर्ने आदि विषयमा बृहत छलफल गराई स्रोतकेन्द्रस्तरीय वार्षिक ,कार्ययोजना तयार पारिएको पाइयो ।

प्रत्येक विद्यालयका प्रधानाध्यापकले शिक्षकहरुको सहयोगलिई वार्षिक कार्ययोजना तथा सप्ताहिक शिक्षण तालिका निर्माण गर्नुपर्ने कुरा स्रोतव्यक्तिले प्रधानाध्यापक बैठकमा जानकारी दिने गरेको पाइयो । त्यसैगरी प्रत्येक शिक्षकलाई आ–आफ्नो विषयको वार्षिक शैक्षिक योजना, एकाई योजना तथा दैनिक पाठयोजना निर्माण गर्न प्र.अ. मार्फत निर्देशन दिएको पाइयो । तर निर्माण तथा कार्यान्वयनमा भने सबै विद्यालयले वार्षिक र्कााययोजना समेत बनाइएको पाईएन । शिक्षकहरुबाट दैनिक पाठयोजना तथा वार्षिक शैक्षणिक योजना बनाउन स्रोत साधन र समयको अभाव रहेको कुरा जानकारी पाइयो । योजना निर्माण गरी कार्यान्वयन गर्न निर्देशन दिइएतापनि निर्माण तथा प्रयोग भएको छ छैन भनेर सुपरिवेक्षण गर्ने काममा कमजोरी रहेको पाइयो ।

## ४.१.११ द्वन्द्व व्यवस्थापन तथा सामाजिक वातावरण सुधार

स्रोतकेन्द्र, विद्यालय, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी तथा अभिभावक वीच सुमधुर सम्बन्ध कायमगरी गुणस्तरीय शिक्षा प्रदान गर्न गराउन स्रोतव्यक्तिको महत्वपूर्ण योगदान रहेको हुनुपर्छ । शिक्षक शिक्षक तथा प्रधानाध्यापक शिक्षक वा अभिभावक शिक्षक वीचको मनमुटाव, झैझगडा, कलह, तथा विवाद शान्तपारी द्वन्द्व व्यवस्थापन गर्नु पनि स्रोत व्यक्तिको उत्तिकै महत्वपूर्ण योगदान देखिन्छ । अध्ययनबाट विद्यालयको सामान्य कामका लागि स्रोतव्यक्तिको वेवास्ता गर्ने, स्रोतव्यक्तिको के आवश्यकता छ र भन्ने, जव विद्यालयमा ठूलो कलह उत्पन्न हुन्छ, शिक्षक नियूक्ति गर्दा प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समिति अध्यक्षले बदमासी गरेको देखिएमा विद्यालय वातावरण धमिलिन गई शिक्षक

विद्यार्थी, समिति तथा अभिभावकका वीचमा मनमुटाव पैदा हुन गई ठूलो द्वन्द्व सृजना भई पठनपाठनमा प्रत्यक्ष प्रभाव पर्न गएमा द्वन्द्व व्यवस्थापन गर्न स्रोतव्यक्तिको खोजी हुने गरेको पाइयो ।

यसरी विद्यालयको द्वन्द्व व्यवस्थापन गर्न, एउटा निर्णयकर्ताको रुपमा, सहजकर्ताको रुपमा, सहयोगी, सल्लाहकारको रुपमा, स्रोतव्यक्तिको अन्तिम विकल्प रहेको पाइयो ।

स्रोतव्यक्ति वाहेक विद्यालयको समस्या प्रति मध्यनजर गर्ने विद्यालय निरीक्षक जिल्ला शिक्षा अधिकारीलाई  समेत जिल्ला बाहिर तालिम गोष्टिमा जानुपर्ने र जिल्ला भित्र प्रशासनिक काममा व्यस्त हुनु पर्दा समय नभएको पाइयो । जिल्ला शिक्षा कार्यालयमा विद्यालयको विवाद, द्वन्द्वका सम्बन्धमा उजुरी परेमा जिल्ला शिक्षा अधिकारीले निराकरणका लागि स्रोतव्यक्तिलाई पठाउने गरेको पाइयो ।

## ४.१.१२ पाठयक्रम, पाठयपुस्तक तथा शैक्षिक सामाग्री निर्माण र प्रयोग

शिक्षाको गुणस्तर विकास एवम् सुधारका विषयसंग पाठ्यक्रमको प्रत्यक्ष सम्वन्ध रहेको  हुन्छ । देशको राजनीतिक, सामाजिक एवम आर्थिक आवश्यकताको पहिचान गरी त्यस अनुरुप पाठ्यक्रमको निर्माण कार्य गर्नुपर्छ र त्यसै गरी बदलिदो स्थिती एवम् राष्ट्रिय अन्तराष्ट्रिय परिवेश समेत दृष्टिगत गरी पाठ्यक्रम समयानुकुल परिवर्तन तथा परिमार्जन गर्नुपर्दछ ।

यस अध्ययनका क्रममास्रोतव्यक्तिले निर्धारित पाठ्यक्रम विद्यालयमा लागु भए नभएको जाँची प्रतिवेदन जिल्ला शिक्षा कार्यालयमा पठाउने गरेको पाइयो । पाठ्यक्रम तथा पाठ्यपुस्तकमा देखिएको असान्दर्भिक विषयवस्तु, हटाउने र थप्नु पर्ने विषयवस्तका  बारेमा स्रोतकेन्द्रमा विषयगत शिक्षकको बैठकबाट टिपोट गरी संसोधन र परिमार्जनका लागि  शिक्षकको सुझाव सम्वन्धीत निकायमा नपुग्ने र उक्त सुझाव प्रति जिल्ला शिक्षा कार्यालय ले  समेत वास्ता नराखेको गुनासो शिक्षकहरुबाट जानकारी भयो ।

स्थानीय पाठ्यक्रम निर्माण विकासका क्रममा यस अध्ययन क्षेत्रमा निर्धारीत भाषामा स्थानीय विषयवस्तु समेटी पाठ्यक्रम निर्माण गर्न नसकिएको प्रा. वि. इच्छाधिन विषयको रुपमा सवै

स्रोतकेन्द्रका विद्यालयमा अंग्रेजी विषय पढाउने गरेको पाइयो । स्रोतव्यक्तिसँग गरिएको अन्तर्वार्ता प्रश्नावली अनुसार स्थानीय पाठ्यक्रम निर्माण तथा प्रयोगका लागि पटकपटक वुद्धिजिवीको सभा बैठक राखी निर्माण प्रक्रियाको बारेमा जानकारी गरिएको, निमार्ण गर्ने प्रतिवद्वता पनि जाहेर भएको तर समय, स्रोतसाधन तथा आर्थिक अवस्थाका कारण पाठ्यक्रम निर्माण तथा प्रयोग हुन नसकेको पाइयो । स्थानीय पाठयक्रम निर्माण र प्रयोगका लागि जिल्ला शिक्षा कार्यालयले आवश्यक निति निर्देशन तथा वजेटको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

अन्य शैक्षिक सामग्री निर्माण तथा प्रयोगका बारेमा अध्ययन गर्दा तयारी सामग्री प्रयोग गर्ने, भएका सामग्रीको पनि सही  प्रयोग नहुने, चक, डस्टरको मात्रै प्रयोग गरेको पाइयो । स्रोतव्यक्तिबाट शैक्षिक सामग्री प्रयोग गरि पठनपाठन गर्नु पर्ने निर्देशन भएपनि शैक्षिक सामग्री निमार्ण र प्रयोग गर्ने बारेमा तालिम गोष्ठी सेमिनार नभएको पाइयो । शैक्षिक सामग्री प्रशस्त मात्रामा विद्यालयमा भएपनि प्रयोग गर्ने पारीपाटी नै नभएको हुँदा पाठयपुस्तकको भरमा मात्रै शिक्षण कार्य हुने गरेको हुँदा गुणस्तरीय शिक्षण सिकाई क्रियाकलाप नभएको पाइयो ।

## ४.२. गुणस्तरीय शिक्षामा स्रोत व्यक्तिले भोगेका चुनौतिहरु

स्रोतव्यक्तिको नियुक्ति स्रोतकेन्द्र व्यवस्थापन समितिको सिफारीसमा जिल्ला शिक्षा अधिकारीले गर्ने कानुनी व्यवस्था छ । स्रोतकेन्द्र व्यवस्थापन समिति भन्नाले स्रोतकेन्द्र विद्यालयको प्र.अ. को संयोजकत्वमा समूह विद्यालयका सम्पूर्ण प्र.अ. हरु सदस्य रहने गरी गठन भएको स्रोतकेन्द्रस्तरीय समिति गुणात्मक शिक्षाका निम्ती स्रोतव्यक्तिले समूह विद्यालयहरुको निरीक्षण, सुपरिवेक्षण गरी आवश्यक सुझाव सल्लाह तथा शिक्षकलाई प्राविधिक सहयोग गर्ने गरेको पाइन्छ । तर विभिन्न समयमा स्रोतव्यक्तिलाई विभिन्न चुनौती देखापर्ने गरेको कुरा समेत अध्ययनबाट जानकारी भयो । अध्ययनमा देखिएका चुनौतीहरु यस प्रकार रहेको पाइयो ।

(क) विद्यालयमा नियमित उपस्थित नहुने, अध्ययन अध्यापन प्रति चासो नराख्ने शिक्षक तथा प्र.अ. हरुलाई नियमित गराउन सुझाव सल्लाह सहित कतर्व्य पालना गर्न स्रोतव्यक्तिले प्रयास गर्दा

प्र.अ. र शिक्षकबाट सिफारीस भै नियुक्ति भएको स्रोतव्यक्तिको अवकास गर्न सकिने चेतावनी आउने गरेको पाइयो ।

(ख) स्रोतव्यक्तिको करार नियुक्ति हुने र आर्थिक वर्षको सुरुमा शिक्षा विभागले म्याद थप्ने वा नथप्ने निर्णय पटक पटक हुने गरेको हुँदा स्रोतव्यक्तिको पदको स्थायित्व हुने नभएको पाइयो ।

(ग) नियमानुसार विद्यालयको निरीक्षण सुपरिवेक्षणको क्रममा पटक पटकको कतर्व्यबाट पन्छीने, अनियमित हुने शिक्षकलाई अवश्यक करवाही अगाडी बढाउन खोज्दा राजनितिक दवाबबाट स्रोतव्यक्तिको कामको अबमूल्यन हुने गरेको र अनुशासनहीन शिक्षकलाई राजनितिक दवावबाट कार्वाही गर्न नसकिएको कुरा अध्ययनबाट जानकारी भयो ।

(घ) स्रोतव्यक्तिले विभिन्न राजनितिक दलको दबाब र निर्देशनमा काम गर्नु पर्ने अवस्था भएको पाइयो ।

(ङ) जिल्ला शिक्षा कार्यालयबाट स्रोतव्यक्तिको कामको सहि मूल्याङ्कन नहुँदा स्रोत व्यक्तिलाई उसको काम प्रति हिनता बोध भएको पाइयो ।

(च) विद्यालयका शिक्षकहरुबाट स्रोत व्यक्तिमा नियुक्ति गर्ने प्रावधान भएकोले धेरै जसो स्रोतव्यक्तिप्रति शिक्षकहरुको धारणा नकारात्मक भएको पाइयो ।

(छ) स्रोतव्यक्तिबाट जिल्ला शिक्षा कार्यालयमा गरिएको सिफारिसको बेवास्था गरिएको पाइयो ।

(ज) प्र.अ., शिक्षक, विद्यार्थी तथा अभिभावकसँग मित्रवत व्यवहार गर्ने तर उसका गल्ती कमजोरीलाई लुकाउने जस्ता व्यवहार गर्दा स्रोतव्यक्तिको पदको मर्यादा रहने तर गुणस्तरीय शिक्षा धरापमा पर्ने गरेको पाइयो ।

(झ) थोरै स्रोतव्यक्तिले मात्र आफ्नो भूमिका पूरा नगरेको देखिन्छ । तर जिम्मेवारी पुरा गर्ने स्रोतव्यक्तिहरुले समेत कामबाट पन्छिने, कर्तव्य पूरा नगर्ने जस्ता गुनासाहरु सुन्ने गरेको पाइयो ।

(ञ) स्रोतव्यक्तिको नियुक्ति स्थायी नहुने र नियुक्तिको प्रकृया स्रोत केन्द्र व्यवस्थापन समितिको सिफारिमा जि.शि.का.ले गर्ने गरेको हुँदा स्रोतव्यक्तिलाई हिनता वोध भएको पाइयो ।

(ट) स्रोत व्यक्तिको सट्टामा नियुक्त गरिने शिक्षकलाई स्थानिय भत्ता नदिइएका कारण सट्टा शिक्षक पाउन मुस्किल परेको पाइयो ।

(ठ) पुनर्वहाली गरिएका स्रोत व्यक्ति र स्रोत केन्द्र व्यवस्थापन समितिको सिफारिशमा जि.शि.अ.बाट नियुक्त स्थानीय शिक्षक स्रोत व्यक्तिहरुको कार्यप्रणालीमा एकरुपता नभएको पाइयो । पुनर्वहाली

गरिएका स्रोत व्यक्तिहरु शिक्षा प्रशासक र वि.नि.हरुको बढि निकट देखिए भने शिक्षक स्रोत व्यक्तिहरु विद्यालय र शिक्षकहरुको बढि निकट देखियो ।

(ड) स्रोत व्यक्तिहरुको विदा शिक्षक वा कर्मचारी के सरह हुने सो सम्बन्धमा पनि अन्योल रहेको पाइयो ।

(ढ) शिक्षा नियमावलीमा स्रोत व्यक्तिहरुको बारेमा कुनै उल्लेख भएको पाइएन ।

## ४.३ गुणस्तरीय शिक्षा विकासमा स्रोत व्यक्तिको योगदानलाई प्रभावकारी बनाउने उपायहरु

विद्यालयको शैक्षिक क्रियाकलापमा स्रोत व्यक्तिको भूमिकालाई प्रभावकारी बनाउने उपायहरु अनुसन्धानबाट निम्नानुसार देखियो :

क) स्रोत व्यक्तिले विद्यालयको प्रशासनिक निरीक्षण भन्दा बढि शैक्षिक सुपरीवेक्षणमा जोड दिनुपर्ने देखियो ।

ख) स्रोत व्यक्तिले योजना बनाई सो अनुसार शैक्षिक सुपरीवेक्षण गर्नुपर्ने देखियो ।

ग) स्रोत व्यक्तिले जवाफमूलक तरिकाबाट भन्दा प्रेरणामूलक तरिकाबाट आफ्नो कार्य गर्नु गराउनु पर्ने देखियो ।

घ) स्रोत व्यक्ति कार्यालयमा भन्दा बढि समय आफ्नो क्षेत्रको विद्यालयमा खट्नुपर्ने देखियो ।

ङ) स्रोत व्यक्तिले शैक्षिक गुणस्तर वृद्धिका लागि अनुसन्धान गर्नु गराउनु पर्ने देखियो ।

च) स्रोत व्यक्तिको पद अस्थायी नराखी स्थायी गरिनु पर्ने र सो सम्भव नभएमा कम्तिमा पाँच वर्षको लागि अस्थायी नियुक्ति गरिनुपर्ने देखियो ।

छ) शिक्षा ऐन नियमावलीमा नै स्रोत व्यक्तिको पद, काम, कर्तव्य, अधिकार, सेवा, सर्त र सुविधाको व्यवस्था गरिनु पर्ने देखियो ।

ज) स्रोत केन्द्र कार्यालयको आफ्नै भवन, फर्निचर र कार्यालयमा सहायक कर्मचारीको व्यवस्था गरिनृपर्ने देखियो ।

झ) पुरस्कार र दण्डको व्यवस्था गर्नुपर्ने देखियो ।

ञ) स्रोत व्यक्तिलाई आफ्नो काममा दक्ष बनाउन आवश्यक तालिमको व्यवस्था गरिनुपर्ने देखियो ।

ट) स्रोत केन्द्रलाई स्रोत पूर्ण बनाउने र सो को व्यवस्थापन प्रणाली ठिक ढङ्गले सञ्चालन गर्नु पर्ने देखियो ।

ठ) स्रोत व्यक्तिलाई दलीय स्वार्थको हतियार बनाउन नहुने र स्रोत व्यक्तिले पनि दलिय स्वार्थ अनुसार काम गर्न नहुने देखियो ।

ड) स्रोत व्यक्तिको पदलाई प्राज्ञिक र मर्यादित बनाउनु पर्ने देखियो ।

ढ) पेन्सन वृद्धि र सेवा अवधि बढाउन मात्र स्रोत व्यक्तिको रुपमा कार्यरत शिक्षकहरुको सट्टा योग्य र दक्ष युवा शक्तिलाई स्रोत व्यक्तिको रुपमा राखिनु पर्ने देखियो ।

# परिच्छेद : पाँच

# प्राप्ती, निष्कर्ष र सुझावहरु

गुणस्तरीय शिक्षामा स्रोतव्यक्तिको भूमिका शोधशीर्षकमाा अध्ययन गरिएको थियो । यस शोधपत्रमा गुणस्तरीय शिक्षाका लागि स्रोतव्यक्तिको योगदान, शैक्षिक उपलब्धीमा परेको प्रभाव र स्रोतव्यक्तिलाई आइपरेका चुनौती जस्ता उद्देश्य राखि अध्ययन गरिएको हुँदा स्थलगत भ्रमण, अन्तर्वार्ता र छलफलबाट यस अध्ययनमा प्राप्त निष्कर्ष र आवश्यक देखिएका सुझावहरु यस प्रकार राखिएका छन् ।

## ५.१ प्राप्ती

शिक्षा विना मानिसको जीवन अन्धकारमय हुन्छ । यसर्थ आजका नानीहरुलाई भोलिका शिक्षित नागरिक, दक्ष शिक्षक, शिक्षाविद वनाउनका निम्ति गुणस्तरीय शिक्षा आजको अपरिहार्य आवश्यकता हो । गुणस्तरीय शिक्षाका निम्ति सरकारले गरेको लगानीको सही सदुपयोग होस् भन्ने हेतुले नियमित रुपमा विद्यालयको निरीक्षण तथा सुपरिवेक्षण गर्न विभिन्न जिल्लाको प्रत्येक स्रोतकेन्द्रमा एक एक जना स्रोतव्यक्ति तथा डेस्क म्यानको रुपमा स्रोतकेन्द्रको समूहगत क्षेत्र हेर्न विद्यालय निरीक्षकको व्यवस्था गरिएको पाइन्छ ।

विभिन्न अध्ययनले विद्यालय निरीक्षण तथा सुपरिवेक्षण कार्य सन्तोषजनक नभएकोले विद्यालय सुपरिवेक्षक तथा निरीक्षकले सक्रीय भूमिका निर्वाह नगरेको देखाईएको छ । मनाङ जिल्ला अन्तर्गतका स्रोतकेन्द्र तथा विद्यालयहरुमा गरिएको अध्ययनबाट प्राप्त भएका मूख्य मूख्य प्राप्तीहरुलाई निश्कर्षका रुपमा यसरी उल्लेख गरिएको छ ।

शिक्षा ऐन तथा नियमावलीमा विद्यालयको निरीक्षण सुपरिवेक्षण गर्नका निम्ति राजपत्रांकीत तृतीय श्रेणीको विद्याल निरीक्षक को व्यवस्था गरिएको भएता पनि वास्तविक रुपमा विद्यालय निरीक्षण तथा सुपरिवेक्षण गर्ने कार्य स्रोतव्यक्तिले गरेको पाइयो । स्रोतव्यक्तिले प्रत्येक महिनामा कम्तिमा एक पटक स्रोतकेन्द्र विद्यालयमा पुगि प्रधानाध्यापक बैठक बोलाई महत्वपूर्ण जानकारी तथा निर्देशनहरु लिने दिने

गरेको पाइयो । स्रोतव्यक्ति प्रत्येक महिनामा कम्तीमा पनि ६/७ वटा विद्यालयको स्थलगत निरीक्षण तथा सुपरिवेक्षण गरी वास्तविक प्रतिवेदन जिल्ला शिक्षा कार्यालयमा बुझाउने गरेको पाइयो । स्रोतकेन्द्र संचालन गर्न आवश्यक फर्निचर तथा मसलन्द सामग्री आफै जुटाई स्रोतव्यक्तिको कार्यालय व्यवस्थित गरी दैनिक कार्य संचालन गरेको पाइयो । स्रोतव्यक्तिले विद्यालयको नियमित रुपमा सुपरिवेक्षण गर्दा शिक्षकको कक्षा शिक्षण अवलोकन गरी सुधारका लागि सुझाव दिने गरेको पाइयो । स्रोतव्यक्तिले विद्यालयको शैक्षिक सुपरिवेक्षण मात्रै नगरी भौतिक, आर्थिक, सामाजिक तथा प्रशासनिक पक्षको समेत सुपरिवेक्षण गर्ने गरिएको पाइयो । स्रोतव्यक्तिले स्रोतकेन्द्रस्तरमा विभिन्न किसिमका छोटो अवधीका तालिम संचालन गरी प्रभावकारी शिक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइयो । स्रोतव्यक्तिले गुणस्तरीय शिक्षाका निम्ति प्रधानाध्यापक शिक्षक, विद्यालय व्यवस्थापन समिति तथा अभिभावकको बैठक संचालन गरी बैठकमा सहभागी भै महत्वपुर्ण निर्णय गरी कार्यान्वयन गर्न लगाईएको पाइयो । स्रोतव्यक्तिले स्रोतकेन्द्रस्तरीय वार्षिक शैक्षिक अतिरिक्त क्रियाकलाप संचालन गर्ने गरिएको पाइयो । जिल्लाका महत्वपूर्ण सूचना तथा जानकारीहरु स्रोतकेन्द्र मार्फत प्रत्येक विद्यालयमा पठाउने र विद्यालयका विभिन्न तथ्यांकहरु संकलन गरी सूचनाको रुपमा प्रशोधन गरी जिल्ला शिक्षा कार्यालयमा पठाई स्रोतव्यक्तिले एउटा महत्वपूर्ण सूचना प्रवाह गर्ने माध्यमको भूमिका निर्वाह गरेको पाइन्छ । स्रोतकेन्द्रले समूह विद्याललाई आवश्यक जानकारीमूलक सूचनाहरु प्रवाह गरी विद्यालयलाई सहयोग पुऱ्याएको पाइयो । स्रोतव्यक्ति नभएको अवस्थामा स्रोतकेन्द्रको प्रधानाध्यापकले आवश्यकता अनुसार बैठक राख्ने गरिएको पाइयो ।

स्रोतकेन्द्रले मूख्यगरी स्रोतकेन्द्रमा प्रधानाध्यापकहरुको बैठक बोलाउने, तालिम, गोष्ठी तथा सेमिनार सञ्चालन गर्ने र विभिन्न किसिमका अतिरिक्त क्रियाकलाप संचालन गर्ने गरिएको पाइयो । स्रोतव्यक्ति नभएको अवस्थामा स्रोतकेन्द्रले समूह विद्यालयको निरीक्षण, सुपरिवेक्षण गरी जिल्ला शिक्षा कार्यालयमा जानकारी पठाउने गरेको पाइयो । स्रोतव्यक्तिले कक्षा शिक्षण अवलोकन, शुक्ष्म शिक्षण, अभ्यास, तथा नमूना पाठ प्रदर्शन गरी आवश्यक कमी कमजोरी सुधार गरी गुणस्तरीय शिक्षा प्रदान गर्न शिक्षकहरुलाई छलफल, अन्तर्क्रिया तथा पृष्ठपोषण दिने गरिएको पाइयो । स्रोतव्यक्तिको शैक्षिक कार्य शैलीबाट शिक्षक, विद्यार्थी, प्रधानाध्यापक, विद्यालय व्यस्थापन समिति तथा अभिभावकहरु अभिप्रेरित भई आ–आफ्नो जिम्मेवारी तथा अधिकार प्रति सतर्क रही बालबालिकाहरुको सुनौलो भविश्यका निम्ति

गुणस्तरीय शिक्षा प्रदान गर्न अग्रसर भएको पाइयो । स्रोतव्यक्ति विद्यालयका प्रधानाध्यापकहरुको बैठकबाट नियुक्तिका लागि सिफारिस गर्ने व्यवस्था भए अनुरुप सरकारको लगानी अनुरुप र राष्ट्रले चाहेको दक्ष जनशक्ति तयार गर्नमा स्रोतव्यक्तिलाई अधिकार विहिन निरीक्षकको रुपमा गणना गरिएको पाइयो ।स्रोतव्यक्तिहरुको कामको अध्ययन गर्दा थोरै प्रतिशत स्रोतव्यक्तिहरु जिम्मेवारीबाट पन्छीएको पाइयो । विद्यालयको द्वन्द्व समाधान गरी विद्यालयको सामाजिक वातावरणका साथसाथै आर्थिक, भौतिक अवस्थाको सुधार गर्नमा समेत स्रोतव्यक्तिले सहजकर्ताको भूमिका निर्वाह गरेको पाइयो । शिक्षक, विद्यार्थी तथा विद्यालयको व्यक्तिगत समस्या बुझी समाधानको बाटो खोज्ने प्रयत्न गरी विद्यालय परिवारलाई सान्त्वना दिने काम समेत स्रोतव्यक्तिबाट भएको पाइयो ।

## ५.२ निष्कर्ष

गुणस्तरीय शिक्षण सिकाइमा स्रोतव्यक्तिको भूमिका शीर्षकमा अध्ययन गर्दा स्रोतव्यक्तिहरुले नियमितरुपमा विद्यालयको निरीक्षण सुपरिवेक्षण गरी विद्यालयका समसामयिक समस्याहरुको अध्ययन गरी समाधानका निम्ति जिल्ला शिक्षा कार्यालयमा जानकारी गर्ने गरिएको पाइयो । विषय शिक्षकको कक्षा सुपरिवेक्षण गरी पृष्ठपोषण गर्ने, शिक्षक विद्यार्थीका गुनासाहरु आत्मसात गरी समाधान गर्ने, विद्यालयको पठन पाठन नियमित रुपमा सञ्चालन भए नभएको अनुगमन गरी प्रधानाध्यापकलाई सुझाव सल्लाह दिने, विद्यालयको व्यवस्थापन सम्वन्धी कुराहरुको व्यवस्थापन समितिसँग परार्मश गर्ने, विद्यालयका व्यवस्थापन समितिको बैठक बोलाई आवश्यक निर्णय गर्ने गराउने, विद्यालयमा देखिएको विवाद समाधान गर्न सहजकर्ताको रुपमा काम गर्ने, विद्यालयमा गुणस्तरीय पठन पाठन तथा शैक्षिक उपलब्धी उच्च राख्न, आवश्यक सुझाव, सल्लाह, लिने दिने, विद्यालयको स्तरीकरण गर्ने, अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न विद्यालयको वार्षिक उत्सव कार्यक्रम समारोहको आयोजना गर्न लगाई विद्यालयको गुणात्मक शिक्षाका निम्ति महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ ।

स्रोतव्यक्तिहरुको कामको मूल्यांकन गर्दा थोरै स्रोतव्यक्तिहरु आफ्नो कतर्व्य प्रति उदासिन रहेको पाइयो । बर्षै पिच्छे स्रोतव्यक्तिको अस्थायी नियूक्ति हुने हुँदा अस्थायी नियूक्ति र म्याद थपका कारण जागीरको

स्थायीत्व नभएको र पूर्ण अधिकार प्राप्त नभएको अवस्था रहेकोले स्रोतव्यक्तिको काममा ढिलासुस्ती रहेको पाइयो ।

स्रोतकेन्द्रले समूह विद्यालयको निरीक्षण सुपरिवेक्षण गर्ने, पत्राचार गरी आवश्यक जानकारी लिने दिने, परीक्षा संचालन तथा अतिरिक्त क्रियाकलाप संचालनका निम्ति आवश्यक सरसल्लाह लिनु दिनुका साथै जिल्ला शिक्षाको प्रतिनिधि भै विद्यालयका आवश्यक कागजपत्रहरु, जिल्ला शिक्षा कार्यालयमा पुर्‍याउने, जिल्ला शिक्षा कार्यालयबाट पठाईएको पत्रहरु विद्यालय सम्म प्रसारण गर्ने कार्य समेत स्रोतकेन्द्रले गर्ने गरेको पाइयो ।

स्रोतव्यक्तिको कार्यशैलीले विद्यालयमा नियमित पठन पाठन, शिक्षक, विद्यार्थीको, नियमितता, विद्यालय प्रशासक तथा व्यवस्थापकहरुको जिम्मेवारी बोध तथा प्रतिस्पर्धात्मक तरिकाले सिकाई, विद्यालय भर्नादर बढ्नु, कक्षा छाड्ने दर घटनु, उत्तीर्ण दर वढनु आदि सकारात्मक प्रभाव परेको पाइयो ।

## ५.३ सुझावहरु

गुणस्तरीय शिक्षामा स्रोतव्यक्तिको योगदान भन्ने अध्ययन शीर्षकबाट प्राप्त गरिएको सूचनाहरुको गुणात्मक विधिबाट व्याख्या तथा विश्लेषण गरी प्राप्त भएका प्राप्ती अनुसार भविष्यमा लिईनुपर्ने निति नियम नीतिगत तहका निर्णयहरु, अभ्यास तहका गर्नुपर्ने कार्यहरु र अनुसन्धान तहमा थप ज्ञान हासिल गर्न अध्ययन गर्नु पर्ने देखिएकोले यस अनुसार प्रस्तुत गरिएको छ ।

## क) नीतिगत तहका लागि सुझावहरु

१. स्रोतव्यक्तिहरुको नियूक्ति गर्दा हालको स्रोतकेन्द्र व्यवस्थापन समितिबाट पूर्वाग्रहीढंगले सिफारिस गरी पठाउने र नियुक्ति गर्ने परम्परागत व्यवस्थालाई खारेजी गरी स्वच्छ प्रतिस्पर्धाबाट शिक्षा मन्त्रालय तथा शिक्षा विभागले लिखित तथा मौखिक परीक्षाबाट नियूक्ति गर्ने परिपाटीको थालनी गर्नु पर्ने ।

२. स्रोतव्यक्तिहरुको करार तथा अस्थायी नियूक्तिका कारण स्रोतव्यक्तिहरु काम प्रति उदासिन रहेको पाइएकोले स्थायी नियूक्तिको व्यवस्था गरी उचित सेवा सुविधाको प्रबन्ध मिलाई स्रोतकेन्द्र र समूह विद्यालयको सम्पूर्ण शैक्षिक गतिविधिको जिम्मेवारी तोक्ने ।

३. स्रोतव्यक्तिको काम, कतर्व्य र अधिकार शिक्षा ऐन तथा नियमावलीमा प्रष्ट उल्लेख गरिनु पर्ने ।

४. स्रोत व्यक्तिहरुको विदाको निर्णय हुनु पर्ने ।

## ख) अभ्यास तहका लागि सुझावहरु

यस अध्ययनमा स्रोतव्यक्तिबाट स्रोतकेन्द्रस्तरमा गरी आएको कामको अनुसन्धान गर्दा अध्ययनबाट प्राप्त भएका प्राप्तिको आधारमा निम्न अनुसार सुझाव दिनु आवश्यक छ ।

१. स्रोतव्यक्तिले विद्यालय निरीक्षणमा जानु पूर्व सुपरिवेक्षणीय योजना बनाइएको नपाइएकोले सुपरिवेक्षणीय योजना वनाई विद्यालयको निरीक्षण, सुपरिवेक्षण गर्नुपर्ने ।

२. थोरै स्रोतव्यक्तिहरुले आफ्नो काम, कतर्व्य र अधिकार प्रति जिम्मेवार नभएको पाइएकोले निरीक्षण तथा सुपरिवेक्षण प्रणालीलाई चुस्त, दुरुस्त तथा प्रभावकारी बनाइ गुणस्तरीय शिक्षा प्रदान गर्न आफ्ना काम कर्तव्य र अधिकार प्रति जिम्मेवार भई काम गर्न निर्देशन दिनु पर्ने ।

३. परम्परागत निरीक्षण प्रणाली भएको पाइएकोले उक्त प्रणाली हटाई लोकतान्त्रिक सुपरिवेक्षण प्रणालीको विकास गर्न गराउन सम्बन्धित निकायले निर्देशन दिनु पर्ने ।

## ग) अनुसन्धान तहका लागि सुझावहरु

यस अध्ययनबाट प्राप्त भएका प्राप्तिका आधारमा स्रोतव्यक्ति तथा विद्यालय सुपरिवेक्षणका लागि निम्न अनुसारको थप अध्ययन अनुसन्धान गर्न आवश्यक देखिन्छ ।

१. स्रोतव्यक्तिहरु किन काम प्रति उदासिन देखिन्छन् ? आफ्नो काममा किन उत्प्रेरित देखिदैनन् ? के उनीहरुलाई दिइएको सेवा सुविधा पर्याप्त छैन ? अथवा सरकारले स्रोतव्यक्तिलाई उपेक्षित गरेको त होइन ? भन्ने विषयमा सम्बन्धित पक्षले अध्ययन अनुसन्धान गर्न आवश्यक देखिन्छ ।

२. सामुदायिक विद्यालयमा कार्यरत शिक्षकले आ–आफ्ना नानीहरुलाई संस्थागत विद्यालयमा भर्ना गर्ने हुँदा उनीहरुको सरकारी विद्यालयको अध्ययन प्रति कस्तो सोचाइ होला ? के सामुदायिक विद्यालयमा गुणस्तरीय शिक्षण हुन सक्ला त ? यस विषयमा पनि अध्ययन अनुसन्धान गर्नुपर्ने देखिन्छ ।

३. गुणस्तरीय शिक्षाका लागि स्रोतकेन्द्रलाई एउटा स्थानीय तहको जिल्ला शिक्षा कार्यालयको उपशाखाको रुपमा राखिनु पर्ने अवधारणा ल्याउनु आवश्यक भएकोले सम्बन्धित पक्षबाट आवश्यक अनुसन्धान गर्नु पर्ने सुझाव दिन आवश्यक देखिन्छ ।

विद्यालय शिक्षाको गुणस्तर विकासमा स्रोत व्यक्तिहरुको महत्वपूर्ण भूमिका रहेको पाइन्छ । नेपाल सरकारको मन्त्रिपरिषद्को मिति २०६२।३।१५ को निर्णय अनुसार कार्यरत स्रोत व्यक्तिहरुले नियमानुसार काम गरेका छन् छैनन्, उनिहरुको सेवा सर्त र सुविधाहरु समयानुकुल छन् छैनन्, स्रोत व्यक्तिहरु योग्य छन् छैनन्, पेन्सन वृद्धिको लागि सेवा अवधि बढाउने भेलोमा मात्र कतिपय स्रोत व्यक्तिहरु कार्यरत रहेका मात्र पनि हुन सक्छन् । विद्यालयको गुणस्तर बढाउन कार्यरत रहनुपर्ने स्रोत व्यक्तिहरु जागिर जोगाउन हाकिम र नेताहरुको सेवा चाकडीमा रहेका पनि हुन सक्छन् । जिल्लाको विकट र दुर्गम विद्यालयमा जानको साटो घरमै बसेर जागिर खाइरहेका पनि हुन सक्छन् । गुणस्तर वृद्धिको अध्ययन अनुसन्धानमा स्रोत व्यक्तिहरु क्रियाशिल छन् छैनन्, त्यसप्रति सरोकारवालाहरु सवैको ध्यान जानु आवश्यक देखिन्छ । सरकारले स्रोत केन्द्र र स्रोत व्यक्तिलाई सशक्त बनाई सुपरिवेक्षण एवं निरीक्षण प्रणालीलाई सुधार गरी शिक्षाको गुणस्तर वृद्धि गर्न र स्रोत व्यक्तिको मनोवल वृद्धि गरी हौसला बढाउन र स्रोत व्यक्तिको पदलाई मर्यादित बनाउन नियम कानुनको व्यवस्था र कार्यान्वयन गर्न समयमै ध्यान पुऱ्याउनु पर्ने आवश्यक देखिन्छ ।

# सन्दर्भ सामग्री


अवस्थी, वेद प्रकाश (२०६५), ***शिक्षण सिकाई क्रियाकलापमा दण्डको स्थिती,*** अप्रकाशित शोधपत्र, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, कीर्तिपुर, काठमाडौंः त्रिभुवन विश्वविद्यालय ।

अधिकारी, विष्णप्रसाद (२०६०), ***विद्यालय निरीक्षण स्रोत साम्रगी,*** वागवजार, काठमाडौं : आशिष पुस्तक भण्डार ।

अर्याल, हृदय (२०६४), ***गुणस्तरीय शिक्षणमा प्रधानाध्यापक को सुपरिवेक्षणीय भूमिका : एक अध्ययन,*** अप्रकाशित शोधपत्र, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, कीर्तिपुर, काठमाडौंः त्रिभुवन विश्वविद्यालय ।

आचार्य, पदमराज (२०६०), ***उच्च माध्यमिक विद्यालयको शैक्षिक प्रभावकारिता एक अध्ययन,*** अप्रकाशित शोधपत्र, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, कीर्तिपुर, काठमाडौंः त्रिभुवन विश्वविद्यालय ।

काफ्ले, वासुदेव तथा अन्य (२०६१), ***शैक्षिक प्रविधि तथा अनौपचारिक शिक्षा,*** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

काफ्ले, वासुदेव र अन्य(२०६२), ***शैक्षिक प्रसासन र सुपरिवेक्षण,*** भोटाहिटी काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार ।

कुवँर, भरत बहादुर (२०६३), ***दार्चुला जिल्लाको प्राथमिक विद्यालयका शिक्षक तथा विद्यार्थी नियमितताको अवस्था र शैक्षिक उपलब्धी एक अध्ययन,*** अप्रकाशित शोधपत्र, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, कीर्तिपुर, काठमाडौंः त्रिभुवन विश्वविद्यालय ।

कोइराला, विद्यानाथ र अन्य (२०६६), ***शैक्षिक व्यवस्थापन तथा संगठनात्मक व्यवहार,*** भोटाहीटी, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६१), ***शैक्षिक अनुसन्धान पद्वति,*** कीर्तिपुर, *काठमाण्डौ :* स्टुडेन्टस बुक्स एण्ड डिष्ट्रिव्यूटर्स ।

जवरा, स्वयम प्रकाश तथा अन्य (२०६५), ***शिक्षामा मापन तथा मूल्याङ्कन,*** भोटाहिटी, काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार ।

जोशी, सिद्वराज (२०६३), ***सामुदायिक र संस्थागत विद्यालयका शिक्षक र शिक्षण सिकाई तुलनात्मक अध्ययन,*** अप्रकाशित शोधपत्र, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, कीर्तिपुर, काठमाडौंः त्रिभुवन विश्वविद्यालय ।

ढुंङगाना, विष्णुप्रसाद (२०६३), ***सार्वजनिक र निजि माध्यमिक विद्यालयका छात्र र छात्राहरुको कक्षाकोठा तथा अतिरिक्त क्रियाकलापमा सहभागिता, तुलनात्मक अध्ययन,*** अप्रकाशित शोधपत्र, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, कीर्तिपुर, काठमाडौंः त्रिभुवन विश्वविद्यालय ।

बोहरा, प्रकाश (२०६५), ***संस्थागत र सार्वजिक विद्यालयमा कक्षाकोठा व्यवस्थापन, एक अध्ययन,*** अप्रकाशित शोधपत्र, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, कीर्तिपुर, काठमाडौंः त्रिभुवन विश्वविद्यालय ।

भट्ट, उर्मिला (२०६३), ***प्राथमिक विद्यालयमा संचालित खेलकुद कार्यक्रमको अवस्था एक अध्ययन,*** अप्रकाशित शोधपत्र, स्वास्थ्य शिक्षा शिक्षण विभाग, कीर्तिपुर, काठमाडौंः त्रिभुवन विश्वविद्यालय ।

भट्टराई (२०६४), ***गुणस्तरीय शिक्षामा तालिमको प्रभावकारीता*** **एक अध्ययन,** अप्रकाशित शोधपत्र, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, कीर्तिपुर, काठमाडौंः त्रिभुवन विश्वविद्यालय ।

महर्जन, हरि (२०६२), ***प्राथमिक विद्यालयमा शारिरिक शिक्षा विषय अध्यापन र त्यसको प्रभाव,*** अप्रकाशित शोधपत्र, स्वास्थ्य शिक्षा शिक्षण विभाग, कीर्तिपुर, काठमाडौंः त्रिभुवन विश्वविद्यालय ।

शर्मा, गोपिनाथ (२०६०), ***नेपालमा शिक्षाको इतिहास (भाग–२),*** काठमाडौं : एम. के. पब्लिसर्स एण्ड डिष्ट्रिव्यूटर्स ।

शर्मा एण्ड शर्मा (२०५९), ***शिक्षा मनोविज्ञान,*** भोटाहिटी, काठमाण्डौः एम. के. पव्लिशर्स एण्ड डिष्ट्रीब्यूटर्स ।

***शिक्षा विभाग (२०६४), द्वारा गरिएको अध्ययनको प्रतिवेदन,,*** नेपाल सरकार, शिक्षा मन्त्रालय, शिक्षा विभाग ।

शिक्षा ऐन (२०२८), ***वौद्धिक दर्पण प्रशासन,*** पुतली सडक, काठमाडौं ।

शैक्षिक समाचार, श्रावण (२०६२), ***शिक्षा मन्त्रालय शिक्षा विभाग,*** सानोठिमी, भक्तपुर ।

Agrawal G. (2001). ***Human Resource Mangement in Nepal***. Bhotahiti, Kathmandu: M.K. Publishers

Baral, Kashi Nath (2006). ***M Exppectation of Supervisor and Teacher from Supervisory Services,*** Unpublished Thesis, Kirtipur, Kahmandu : University Campus.

Lama, Hari Bahadur (2063). ***Role of the Head Teacher in Classroom Supervision***. Unpubished Doctoral Thesis. Kirtipur, Kathmandu, Universty of Tribhuvan.

# गुणस्तरीय शिक्षा विकासमा स्रोत व्यक्तिको योगदान

## अनुसूची १

## प्र.अ.का लागि प्रश्नावली

**प्र.अ.को नामः** **स्थायी ठेगानाः**

**तालिमः** **योग्यताः**

**विद्यालयको नामः** **अनुभवः**

१) तपाईको विद्यालयको कक्षा शिक्षणको अवलोकन तथा सुपरिवेक्षण क-कसबाट कति पटक हुने गर्दछ ?

२) तपाईको विद्यालयमा स्रोतव्यक्ति मासिक रुपमा आउनु हन्छ ? आउनु हुन्छ भने कसरी विद्यालयको सुपरिवेक्षण गर्ने गर्नु भएको छ ?

३) स्रोत व्यक्तिले विद्यालय तथा कक्षा शिक्षण सुपरिवेक्षण गर्दा कुन कुन पक्षको सुपरिवेक्षण गर्नु हुन्छ र के के सुझाव सल्लाह र दिने शिक्षकलाई के सहयोग गर्नु भएको छ ?

४) शिक्षण प्रभावकारी बनाउन स्रोत व्यक्तिबाट हुनेगरेका महत्वपूर्ण कामहरु के के हुन ?

५) स्रोत व्यक्तिको कार्य शैलीबाट शिक्षण सिकाई उपलब्धिमा कस्तो प्रभाव परेको देखिन्छ ?

६) विद्यालयको गुणस्तरीय शिक्षाको लागि स्रोत केन्द्रले के के कार्य गर्दछ ?

७) स्रोत केन्द्र र स्रोत व्यक्तिको व्यवस्थाबाट शिक्षक तथा  विद्यालयमा के कस्तो प्रभाव परेको पाइन्छ ?

८) पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण र विकासमा स्रोत  व्यक्तिबाट के के प्रयास गरिएको छ ?

९) स्रोतव्यक्तिले शिक्षक, अभिभावक, विद्यार्थी र व्ययवस्थापन समितिसँग सुमधुर सम्बन्ध कायम गर्न के प्रयास गरेका छन् ?

१०) स्रोत व्यक्तिले स्रोत केन्द्रस्तरमा  के कस्ता शैक्षिक सुचना प्रवाह गर्नु भएको छ ?

११) स्रोत व्यक्ति , स्रोत केन्द्र र विद्यालयका बीचको सम्बन्ध कस्तो रहेको छ ?

१२) गुणस्तरीय शिक्षा प्रदान गर्नमा स्रोत  व्यक्तिलाई तपाई के सुझाव दिनुहुन्छ ?

१३) स्रोत केन्द्र र विद्यालयको गुणस्तर सुधार गर्नमा स्रोत व्यक्तिको महत्व कस्तो रहेको पाइन्छ ?

१४) स्रोतव्यक्तिले शिक्षक तथा विद्यार्थीमा उत्प्रेरणा जगाउन के योगदान दिनु भएको छ ?

# गुणस्तरीय शिक्षा विकासमा स्रोत व्यक्तिको योगदान

# अनुसूची २

## स्रोतव्यक्तिका लागि प्रश्नहरुः

**स्रोत व्यक्तिको नामः** **योग्यताः**

**अनुभवः** **स्रोत केन्द्रको नामः**

१) तपाई मासिक रुपमा कति पटक र कति वटा विद्यालयको निरीक्षण गर्नुहुन्छ ?

२) विद्यालयको सुपरिवेक्षण गर्ने क्रममा कुन कुन पक्षको सुपरिवेक्षण गर्नु हुन्छ ? र कसरी ?

३) स्रोत केन्द्रमा प्रभावकारी शिक्षा प्रदान गर्न गराउन तपाईले के कस्ता कार्यक्रमहरु सञ्चालन गर्दैआउनु भएको छ ?

४) तपाईको विद्यालय निरीक्षण तथा सुपरीवेक्षणबाट शिक्षण उपलब्धीमा कस्तो प्रभाव परेको देखिन्छ ?

५) स्रोत केन्द्र, विद्यालय, प्र.अ., शिक्षक र अभिभावकहरुसँगको सम्बन्ध सुधार गर्न तपाईले के प्रयास गर्नुभएको छ ?

६) पाठ्यक्रम, पाठ्यपुस्तक तथा शैक्षिक सामाग्री निर्माण र प्रयोगमा तपाईबाट के कस्तो कार्य भएको छ ?

७) शैक्षिक सुचना प्रवाह गर्ने काममा स्रोतव्यक्तिले के कस्ता तथ्याङ्क तथा सुचनाहरु संकलन र प्रवाह गर्नु हुन्छ ?

८) विद्यालयको शैक्षिक क्रियाकलाप सञ्चालन गर्न तपाईले स्रोत केन्द्रमा गरेका कार्यक्रमहरु के के हुन ?

९) स्रोत व्यक्तिको कार्यशैलीमा तथा शिक्षण सिकाइमा थप प्रभावकारिता ल्याउन तपाईबाट सम्बन्धित पक्षहरुलाई र स्वयम् आफैलाई के सुझाव दिन चाहनु हुन्छ ?

१०) तपाईले शिक्षक विद्यार्थीलाई उत्प्रेरणा जगाउने के के कार्यक्रमहरु संचालन गर्नु भएको छ ?

११) तपाईको निरीक्षण तथा सुपरिवेक्षण पश्चात सिकाई उपलब्धिमा के कस्तो प्रभाव परेको पाइन्छ ?

# गुणस्तरीय शिक्षा विकासमा स्रोत व्यक्तिको योगदान

## अनुसूची ३

## विद्यार्थीका लागि प्रश्नावली

विद्यालयको नाम :

१)	तपाई स्रोत व्यक्तिलाई चिन्नुहुन्छ ?

२)	तपाईको विद्यालयमा विद्यालय निरीक्षण गर्न कोको आउनु हुन्छ ?

३)	तपाईका शिक्षकले कक्षामा पढाउँदा स्रोत व्यक्ति कक्षा निरिक्षण गर्न आउनु भएको छ ? छ भने के के गर्नु हुन्छ ।

४)	तपाईको विद्यालयमा स्रोत व्यक्ति आएर अन्य के-के गर्नुहुन्छ ?

५)	स्रोतव्यक्तिले स्रोतकेन्द्रमा के-के कार्यक्रमहरु संचालन गर्नु हुन्छ ?

६)	स्रोतव्यक्तिबाट तपाईहरुका लागि के कस्तो सेवा सुविधा प्रदान गर्नु भएको ?

७)	तपाईको विद्यालयका शिक्षकहरुलाई तालिम कसले दिने गरेका छन् ?

८)	स्रोतव्यक्तिको आवश्यकताका बारेमा तपाईहरुको के राय छ ?

९)	स्रोतव्यक्तिले तपाइलाई पढाईप्रति रुची जगाउन, मनोरञ्जनात्मक तरिकाले सिक्नसिकाउन के के कार्यक्रमहरु गर्नु भएको छ ?

# गुणस्तरीय शिक्षा विकासमा स्रोत व्यक्तिको योगदान

## अनुसूची ४

## शिक्षकका लागि प्रश्नावली

| | |
|---|---|
| शिक्षकको नाम : | योग्यता : |
| तालिम : | अनुभव : |
| विद्यालयको नाम : | ठेगाना : |

१) स्रोत व्यक्तिले तपाईको कक्षाशिक्षण अवलोकन तथा सुपरिवेक्षण गर्नुहुन्छ ? हुन्छ भने महिनामा कति पटक गर्नु भएको छ ?

२) कक्षा सुपरिवेक्षण पश्चात स्रोतव्यक्तिले तपाईलाई के कस्तो सुझाव तथा सल्लाह दिने गर्नु भएको छ ?

३) स्रोतव्यक्तिबाट तपाईलाई कुन कुन विषयमा तालिम तथा प्रशिक्षण गर्नु भएको छ ?

४) शिक्षण सिकाईलाई प्रभावकारी बनाउन स्रोतव्यक्तिबाट भएका प्रयासहरु के के हुन ? ती कामबाट शिक्षणमा के कस्तो प्रभाव परेको पाइन्छ ?

५) स्रोतकेन्द्रले प्रभावकारी शिक्षा प्रदान गर्न विद्यार्थीका लागि के कस्तो शैक्षिक कार्यक्रमहरु संञ्चालन गर्ने गरिएको छ ?

६) स्रोतव्यक्तिको कार्यशैलीबाट विद्यालयमा के कस्तो प्रभाव परेको छ ?

७) स्रोतव्यक्ति, स्रोतकेन्द्र र विद्यालय बीचको सम्बन्घ के कस्तो रहेको छ ? स्रोतव्यक्तिले विद्यालय परिवारसँग सुमधुर सम्बन्ध कायम गर्न के कस्तो प्रयास गरेका छन् ?

८) तपाईको विषयगत समस्या समाधान गर्न स्रोतव्यक्तिबाट के पहल गरिएको छ ?

९) तपाईको विचारमा विद्यालय सुपरिवेक्षणमा स्रोतव्यक्तिको के महत्व रहेको छ ?

१०) गुणस्तरीय शिक्षा प्रदान गर्न गराउन तपाई स्रोतव्यक्तिलाई के सुझाव दिन चाहनु हुन्छ ?

११) स्रोतव्यक्तिले तपाईहरुलाई शिक्षण प्रति आर्कषित गर्न के के गर्नु भएको छ ?

# गुणस्तरीय शिक्षा विकासमा स्रोत व्यक्तिको योगदान

## अनुसूची ५

## जिल्ला शिक्षा अधिकारीका लागि प्रश्नावली

जि.शि.अ.को नाम/थर : ..............................................  जिल्ला : .............

१) विद्यालयको निरीक्षण तथा सुपरिवेक्षण गर्ने जिम्मा क-कसलाई दिईएको छ ? विद्यालय सुपरिवेक्षण महिनामा कति पटक गरेको पाइन्छ ?

२) स्रोतव्यक्तिले विद्यालय निरिक्षण तथा सुपरिवेक्षण कार्य सन्तोषजनक रुपमा गर्नु भएको छ ?

३) स्रोतव्यक्तिले स्रोतकेन्द्र तथा विद्यालयमा कुन कुन पक्षको सुपरिवेक्षण गर्नु भएको  छ ?

४) स्रोतकेन्द्रमा प्र.अ. बैठक वर्षमा/महिनामा कतिपटक राख्ने गरिन्छ ? र उक्त बैठकमा विशेष गरी कुन विषयमा निर्णय गराइन्छ ?

५) प्रभावकारी पठनपाठनका लागि शिक्षकको कक्षा शिक्षण गर्दा स्रोतव्यक्तिले के के काम गर्नु भएको छ ?

६) पाठ्यक्रम तथा पाठ्य पुस्तक निर्माण तथा कार्यान्वयनमा स्रोतव्यक्तिको भूमीका के के रहन्छ ?

७) स्रोतव्यक्तिको काम, कतर्व्यप्रति तपाई सन्तुष्ट हुनुहुन्छ ? हुनुहुन्छ भने किन ?

८) स्रोतव्यक्तिको आवश्यकताको सम्बन्धमा तपाईको सुझाव के छ ? स्रोतव्यक्ति विना विद्यालय निरिक्षण प्रभावकारी हुन सक्छ वा हुन सक्दैन ? किन ?

९) स्रोतव्यक्तिले विद्यालय तथ्याङ्क संकलनमा के कसरी सहयोग गर्नु भएको छ ?

१०) विद्यालयका सरोकारवालाहरुसँग स्रोतव्यक्तिको सम्बन्ध कस्तो छ ? सुमधुर सम्बन्ध कायम गर्न के पहल गर्नु भएको छ ?

# गुणस्तरीय शिक्षा विकासमा स्रोत व्यक्तिको योगदान

## अनुसूची ६

## बुद्धिजिवी अभिभावककालागि प्रश्नावली

१) तपाईको विद्यालय र स्रोतकेन्द्रमा नियमित रुपमा पठन पाठन भए नभएको निरिक्षण तथा सुपरिवेक्षण क-कसले गरेको पाइन्छ ?

२) स्रोतव्यक्ति विद्यालय र स्रोतकेन्द्रमा नियमित रुपमा आउनु हुन्छ ? आउनु हुन्छ भने महिनामा कति पटक आउनु हुन्छ ?

३) स्रोतव्यक्तिले विद्यालय र स्रोतकेन्द्रमा के के कार्यहरु गर्नुहुन्छ ?

४) के शिक्षणलाई प्रभावकारी बनाउन स्रोतव्यक्तिले सहयोग गर्नु भएको छ ? छ भने के-के काममा कसरी सहयोग गर्नु भएको छ ?

५) स्रोतव्यक्तिले विद्यालयको वातावरण सुधार गरी सरोकारवालाहरु बीच सुमधुर सम्बन्ध कायम गर्न के के पहल गर्नु भएको छ ?

६) विद्यालयको पठन पाठनमा स्रोतव्यक्तिको कामबाट कस्तो प्रभाव परेको पाइन्छ ?

७) स्रोतव्यक्तिले स्रोतकेन्द्रमा मासिक रुपमा बैठक बोलाउनु हुन्छ या हुदैन ? हुन्छ भने उक्त बैठकमा के के निर्णयहरु गरिन्छन् ?

८) विद्यालय निरिक्षण सुपरिवेक्षणमा स्रोतव्यक्तिको आवश्यकता छ वा छैन ? छ भने किन ?

९) स्रोतव्यक्तिले स्रोतकेन्द्रस्तरीय अतिरिक्त क्रियाकलाप संचालन गर्नुहुन्छ वा हुदैन ? हुन्छ भने कुन कुन कार्यक्रम कसरी संचालन गर्नु हन्छ ?

१०) स्रोतव्यक्तिका बारेमा तपाईलाई जानकारी भएको अन्य कुराहरुको बारेमा बयान गरिदिनुहोस् ?

# अनुसूची ७

## अध्ययनमा समावेश गरिएका स्रोतकेन्द्र र स्रोतव्यक्ति विवरण

| क्र.सं. | स्रोतको केन्द्रको नाम | स्रोत व्यक्तिको नाम | योग्यता | कैफियत |
|---|---|---|---|---|
| १. | मनाङ गाउँ स्रोतकेन्द्र | अमृत ब.थापा | बि.ए.,बि.एड. | स्थायी शिक्षक सेवा १५ वर्ष |
| २. | थोचे स्रोत केन्द्र | रामजी मुर्ति पन्त | बि.ए.,बि.एड. | अस्थायी स्रोत व्यक्ति |

# गुणस्तरीय शिक्षा विकासमा स्रोत व्यक्तिको योगदान

## अनुसूची ८

### अध्ययनमा संलग्न प्र.अ. हरुको नाम र थर

| क्र.सं. | प्र.अ. को नामथर | पद | विद्यालयको नाम | स्रोतकेन्द्र |
|---|---|---|---|---|
| १. | सूर्यकुमार राजभण्डारी | प्र.अ. | श्री लोकप्रिय उ.मा.वि. | अगुवा स्रोतकेन्द्र |
| २. | मोहन बाबु सेढाइँ | प्र.अ. | श्री गौरी शंकर प्रा.वि. | अगुवा स्रोतकेन्द्र चामे |
| ३. | आनन्दराज घिमिरे | प्र.अ. | श्री अन्नपूर्ण मा.वि. | मनाङ गाउँ स्रोतकेन्द्र |
| ४. | अमृत बहादुर अधिकारी | प्र.अ. | श्री भ्राका प्रा.वि. | मनाङ गाउँ स्रोतकेन्द्र |
| ५. | देवीलाला श्रेष्ठ | प्र.अ. | श्री प्रकाश व्योति उ.मा.वि. | थोचे स्रोतकेन्द्र |
| ६. | रत्नकुमारी गुरुङ | प्र.अ. | श्री धारापानी प्रा.वि. | थोचे स्रोतकेन्द्र |

# गुणस्तरीय शिक्षा विकासमा स्रोत व्यक्तिको योगदान

## अनुसूची ९

### अध्ययनमा छनौट भएका शिक्षकहरुको नामथर

| क्र.सं. | शिक्षकको नाम र थर | विद्यालयको नाम | विषय | स्रोतकेन्द्र |
|---|---|---|---|---|
| १. | प्रकाश निधि तिवारी | श्री श्री लोकप्रिय उ.मा.वि. | गणित | अगुवा स्रोतकेन्द्र |
| २. | रामकृष्ण गुरुङ | श्री लोकप्रिय उ.मा.वि. | पू.व्या. | अगुवा स्रोतकेन्द्र |
| ३. | मेघराज सेढाईं | श्री गौरी शंकर प्रा.वि. | प्रा.वि. | अगुवा स्रोतकेन्द्र |
| ४. | सावित्री सेढाइँ | श्री गौरी शंकर प्रा.वि. | प्रा.वि. | अगुवा स्रोतकेन्द्र |
| ५. | ध्रुव पंगेनी | अन्नपूर्ण मा.वि. | विज्ञान | मनाङ गाउँ स्रोतकेन्द्र |
| ६. | श्री रामराज पाण्डे | श्री अन्नपूर्ण मा.वि. | प्रा.वि. | मनाङ गाउँ स्रोतकेन्द्र |
| ७. | श्री पदम राज पन्थी | प्रकाशज्योति उ.मा.वि. | सामाजिक | थोचेस्रोत केन्द्र |
| ८. | कविन्द्र जंग गुरु | प्रकाशज्योति उ.मा.वि. | प्रा.वि. | थोचे स्रोतकेन्द्र |
| ९. | सन्तोष के.सी. | भ्राका प्रा.वि. | प्रा.वि. | मनाङ गाउँ स्रोतकेन्द्र |
| १० | टसी पल्मो घले | भ्राका प्रा.वि.. | बाल शिक्षा | मनाङ गाउँ स्रोतकेन्द्र |

# गुणस्तरीय शिक्षा विकासमा स्रोत व्यक्तिको योगदान

## अनुसूची १०

### अध्ययनमा संलग्न बुद्धिजीवी अभिभावकको नाम र थर

| क्र.सं. | शिक्षकको नाम र थर | पद | विद्यालय |
|---|---|---|---|
| १. | छिरिङ धोर्जे लामा | वि.व्य.स. अध्यक्ष | लोकप्रिय उ.मा.वि. |
| २. | धावा छिरिङ लामा | समाजसेवी | ,, |
| ३. | बाबुराम गुरुङ्ग | अध्यक्ष | गौरिशंकर प्रा.वि. |
| ४. | लिलाबहादुर गुरुङ्ग | अभिभावक | ,, |
| ५. | कर्तु वि.क. | अभिभावक | अन्नपूर्ण मा.वि. |
| ६. | क्युरमे गुरुङ्ग | अध्यक्ष | ,, |
| ७. | कर्मछिरिङ गुरुङ्ग | अध्यक्ष | भ्राका प्रा.वि. |
| ८. | धर्मजङ्ग गुरुङ्ग | अध्यक्ष | प्रकाशज्योति उ.मा.वि. |
| ९. | इनकासि गुरुङ्ग | महिला सदस्य | ,, |
| १०. | आइतमाया गुरुङ्ग | अध्यक्ष | धारापानी प्रा.वि. |

# गुणस्तरीय शिक्षा विकासमा स्रोत व्यक्तिको योगदान

## अनुसूची ११

## करार संझौता

श्री जिल्ला शिक्षा कार्यालय अन्तर्गत थोचं स्रोतकेन्द्रबाट सम्पादन हुने कार्यका लागि जिल्ला शिक्षा कार्यालय (जसलाई यसपछि प्रथम पक्ष भनिनेछ) र लमजुङ्ग जिल्ला चिती गा.वि.स. वडा नं. २ निवासी वर्ष ३८ का श्री रामजी मुर्ती पन्त (जसलाई यस पछि दोस्रो पक्ष भनिनेछ) को विचमा देहाय बमोजिम काम गर्ने गराउने विषयमा मिति २०६३।०८।१० को निर्णयानुसार सम्पन्न भएको करार सम्झौता

दोस्रो पक्षले सेवा उपलब्ध गराए वापत प्रथम पक्षले दोस्रो पक्षलाई देहायमा उल्लेखित सुविधा उपलब्ध गराउने छ र सेवा सम्बन्धी अन्य शर्त देहाय बमोजिम हुनेछन् ।

**१. करारमा काम गर्नका लागि स्रोतव्यक्तिलाई तोकिएका शर्तहरु :**

क) स्रोत व्यक्ति प्रत्यक्षरुपमा स्रोत केन्द्र व्यवस्थापन समिति प्रति, प्रशासनिक रुपमा स्रोत केन्द्र विद्यालयको प्र.अ. प्रति र कार्यक्रमगतरुपमा सम्बन्धित विद्यालय निरीक्षकप्रति उत्तरदायी रहने ।

ख) स्रोत व्यक्तिले स्रोत केन्द्र समूह विद्यालयहरुमा शिक्षक सहयोग सम्बन्धी कार्य गर्ने ।

ग) शैक्षिक सेवा सुविधा एवं सूचनाहरु प्रवाह गर्ने ।

घ) शैक्षिक कार्यक्रमहरु प्रभावकारीरुपमा कार्यान्वयन गर्ने गराउने ।

ङ) शैक्षिक नीति निर्देशनहरु पालना गर्न गराउन ।

च) आफ्नो स्रोत केन्द्र समूह विद्यालय भित्रका प्रत्येक विद्यालयहरुको विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संभको बैठकमा वर्षमा कम्तिमा दुई पटक अनिवार्यरुपमा भाग लिने ।

छ) स्रोत व्यक्तिले समूह विद्यालय सुपरीवेक्षणको वार्षिक, मासिक तथा साप्ताहिक कार्य योजना बनाई स्रोतकेन्द्र विद्यालयको प्र.अ./सम्बन्धीत विद्यालय निरीक्षकबाट स्वीकृत गराई सो बमोजिम कार्य गर्नुपर्नेछ ।

ज) आफ्नो स्रोतकेन्द्र भित्रका विद्यालय शिक्षासँग सम्बन्धित सम्पूर्ण सूचनाहरु अद्यावधिकरुपमा राख्नुपर्ने र आवश्यकताअनुसार जि.शि.का.को माग बमोजिम उपलब्ध गराउनु पर्नेछ ।

झ) जिल्ला शिक्षा कार्यालयले तोके बमोजिमका तथा स्रोत केन्द्र व्यवस्थापन समितिको निर्णयअनुसारका अन्य कार्य गर्नुपर्नेछ ।

ञ) दोस्रो पक्षले आफ्नो जिम्मामा रहन आउने प्रथम पक्षको चल अचल सम्पत्ति हिफाजतसाथ प्रयोग गरी कार्य सम्पन्न भए पश्चात् प्रथम पक्षलाई बुझाउनु पर्नेछ ।

२. **माथि उल्लेखित कार्यहरु गराए वापत प्रथम पक्षले दोस्रो पक्षलाई देहायमा उल्लेखित सुविधाहरु उपलब्ध गराउने छ ।**

क) मा.वि. तृतीय श्रेणीको अस्थायी शिक्षकले पाउने बराबरको मासिक तलव, भत्ता र अन्य सुविधा स्रोतकेन्द्र विद्यालयबाट उपलब्ध गराइने छ ।

ख) विद्यालय निरीक्षण गरे वापतको फिल्ड भत्ता स्वीकृत नर्मस अनुसार उपलब्ध गराउने ।

ग) यो सम्झौता अन्य व्यवस्था भएमा स्वतः खारेज हुने गरी बढीमा २०६४ आषाढ मसान्त सम्म कायम रहने छ ।

घ) दोस्रो पक्षको काम सन्तोषजनक नभएमा स्रोतकेन्द्र व्यवस्थापन समितिको सिफारिस बमोजिम यो सम्झौता भङ्ग गर्न सकिने छ ।

**दोस्रो पक्षको तर्फबाट**

नाम :

पद :

हस्ताक्षर :

विद्यालय :

मिति :

**प्रथम पक्षको तर्फबाट**

नाम :

पद :

हस्ताक्षर :

विद्यालय :

मिति :

**रोहवर**

नाम :

पद :

दस्तखत :

मिति :